# राष्ट्रिय गान



**सयौं थुँगा फूलका हामी, एउटै माला नेपाली**
**सार्वभौम भई फैलिएका, मेची–महाकाली ।**

**प्रकृतिका कोटि–कोटि सम्पदाको आँचल**
**वीरहरूका रगतले स्वतन्त्र र अटल।**

**ज्ञानभूमि, शान्तिभूमि, तराई, पहाड, हिमाल**
**अखण्ड यो प्यारो हाम्रो मातृभूमि नेपाल।**

**बहुल जाति, भाषा, धर्म, संस्कृति छन् विशाल**
**अग्रगामी राष्ट्र हाम्रो, जय जय नेपाल ।।**

# साकोस गान

**सहकारी अभियान उन्नतिको आधार हो ।**
**सबै अट्ने साझा थलो सिङ्गो परिवार हो ।**
**थिए धर्म भकारी र गुठी लाखौं लाख देशमा**
**संस्कार थियो मिलापको एकता र विकासमा । ।**
**अमूल्य मुल्य देशको सगर्व सधैं रही रहोस् ।**
**मिलाई हातमा हात यी विचार एक रही रहोस् ।।**
**हजार गौथली र यहाँको करोडौं मौरी बन्नु छ**
**संगालो बुँद बुँदको जिन्दगी यो बदल्नु छ ।**
**साकोस क्रान्ति अघि बढोस् अघि अघि बढी नै रहोस् ।**
**हिमाल पहाड तराईमा सबैतिर फैलिरहोस् ।**
**सिद्धान्त हाम्रा रहुन् स्वप्नद्रष्ठा अमर रहुन्**
**बसुधैव कुटुम्वकम् आदर्श अमर रहुन् ।।**

द.नं.: ३/२/१८/०५०/५१ ☏: ०६४-४२०७२४ पान नं.: ३०३३४८९८४

# हिमचुली बचत तथा ऋण सहकारी संस्था लि.

गोरखा नगरपालिका-७, नयाँबजार, गोरखा

प.स.च.नं. : २०८३/०८४ २०५० मिति : २०८३/०५/१५

विषय : क्षेत्रीय/एकाई साधारण सभामा उपस्थित हुने वारे ।

श्री ...........................................................................ज्यू,

शेयर दर्ता नं. ..........................,

गोरखा नगरपालिका- ......., ...........................................गोरखा ।

यस संस्थाको मिति २०८३ भदौ ९ गते वसेको सञ्चालक समितिको वैठकको निर्णयानुसार संस्थाको *३४ औं वार्षिक साधारण सभा एवं १६ औं अधिवेशन* निम्न बमोजिम समान कार्यसूचिमा छलफल गरी एकाईगत रुपमा सम्पन्न हुन गईरहेकोले उक्त क्षेत्रीय/एकाई साधारण सभामा सम्पूर्ण शेयर सदस्य महानुभावहरुलाई अनिवार्य उपस्थितिको लागि हार्दिक अनुरोध गरिन्छ ।

| क्र. सं. | मिति | समय/स्थान | क्षेत्र/एकाई | स्थान |
|---|---|---|---|---|
| १. | २०८३ असोज १६ गते शुक्रवार | विहान ११:00 वजे संस्थाको हल | एकाई नं. १ | गोरखा नगरपालिका वडा नं. ७ को छिपिटोल, नयाँवजार, नयाँवसपार्क, बतासे चोकदेखिको माथिल्लो वतासे, सालबोटे, मसार, रमाइलो टोल नयाँवस्ती, धारापानी, रोहटेपानी, भाँगावारी, सतिपिपल, काडाभ्याङ्ग |
| २. | २०८३ असोज १७ गते शनिवार | विहान ११:00 वजे संस्थाको हल | एकाई नं. २ | गोरखा नगरपालिका वडा नं. ७ को खिरेपानी, वतासे, तल्लो वतासे, पन्थेस्वाँरा, गैरीपिपल, थर्पु, बेलडाँडा, मन्सरे, खत्रीगाउँ, माथिल्लो डण्डीडाँडा, तल्लो डण्डीडाँडा, हिलेपोखरी, मधुपानी, मान्द्रेढुङ्गा, गोरखा क्याम्पस गेट वरपरका सदस्यहरु |
| ३. | २०८३ असोज १८ गते आइतवार | विहान ११:00 वजे संस्थाको हल | एकाई नं. ३ | गोरखा न. पा. वडा नं. - ३ (साविकको नारेश्वर गा.वि.स. का सम्पूर्ण भागहरु) र गो.न.पा. वडा नं.- ५, को सम्पूर्ण भागका सदस्यहरु |
| ४. | २०८३ असोज १९ गते सोमवार | विहान ११:00 वजे संस्थाको हल | एकाई नं. ४ | गोरखा नगरपालिका वडा नं. ६ को सतिपिपल, पोखराथोक, सातधुरे, हटियाथोक, गोरखा दरवारदेखि दक्षिण तर्फका भागहरु, दरवार मार्ग, तिनधारे, सञ्चार मार्ग, ठूलो आँगन, पदेली, छहरे, पुरानो वसपार्क, बैंकरोड, शक्तिचोक, विसौनी मोड, भिआइपी टोल, कालीमाटी, प्रशासन चोक, पाटेचौरको गोदाम घरनिरवाट चालिसे चोक निस्कने ठाडो वाटोदेखि शहिद गेटमा निस्कने वोक्सेपानी खोलावाट पश्चिम तर्फका सम्पूर्ण भागहरु |

| | | | | |
|---|---|---|---|---|
| ५. | २०८३ असोज २० गते मंगलवार | विहान ११:00 वजे संस्थाको हल | एकाई नं. ५ | हरमटारीबाट पाटेचौरको गोदाम घर निस्कने ठाडो बाटोको उत्तर तर्फवाट गणेश मन्दिर देखि सरस्वती मार्ग जाने बाटोवाट दूर सञ्चार कार्यालय जाने बाटोदेखि पूर्व तर्फ, अस्पताल मार्ग, रानीवन, बराहा, हरमटारी, खेलकुद मैदान, आयूर्वेदिक चोक, प्रतिक्षालय, चाइनिज धारा, आलेगाउँ, खल्लुबोटे, चुच्चेढुङ्गा, डुम्रीडाँडा, नौविसे, सिमलगैरी, खाल्टे, केरौजा नयाँवस्ती |
| ६. | २०८३ असोज २१ गते बुधवार | विहान ११:00 वजे संस्थाको हल | एकाई नं. ६ | गोरखा न.पा. वडा नं. ८ को थाकलडाँडा, रानीश्वाँरा, आहाले, कट्टेलडाँडा, आमडाँडा, भुसाल गाउँ, ढुङ्गागाडे, आँपश्वाँरा, खोलखोले, ठिगुरेस्वाँरा, लक्ष्मीबजार, पिपल बोट अर्थात वडा नं. ९ का सम्पूर्ण भागहरु र वडा नं. १, २ र ४ का सदस्यहरु |
| ७. | २०८३ असोज २२ गते बिहीवार | विहान ११:00 वजे संस्थाको हल | एकाई नं. ७ | गोरखा नगरपालिका वडा नं. १०, ११, १२, १३ र १४ |

**७ वटै क्षेत्र/एकाई साधारण सभावाट चयन भएका एकाई प्रतिनिधिहरु (सञ्चालक समितिको संख्याको २ गुणा भन्दा वढी तर ३ गुणा भन्दा कम) को सहभागितामा हुने ३४ औं वार्षिक साधारण सभाको निर्णय प्रमाणिकरण सभा २०८३ असोज २९ गते बिहीवार, विहान ११:00 बजे, संस्थाको हलमा**

**समान कार्यसूचिहरुः-**

१. नीति तथा कार्यक्रम सहित संस्थाको आ.व. २०८३/०८४ को वार्षिक प्रगति प्रतिवेदन प्रस्तुत र पारित गर्ने सम्वन्धमा
२. संस्थाको आ.व. २०८२/०८३ को आर्थिक प्रतिवेदन तथा आ.व. २०८३/०८४ को प्रस्तावित बजेट प्रस्तुत, छलफल तथा पारित गर्ने सम्वन्धमा
३. संस्थाको आ.व. २०८२/०८३ को लेखा परीक्षण प्रतिवेदन पारित गर्ने सम्वन्धमा
४. आ.व. २०८२/०८३ लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन सम्वन्धमा
५. संस्थाको आ.व. २०८२/०८३ को लाभांश एवं संरक्षित पूँजी फिर्ता कोष वितरण सम्वन्धमा
६. संस्थाको विद्यमान विनियम, नीति, कार्यविधि र निर्देशिका संशोधन र निर्माण सम्वन्धमा
७. आ.व. २०८३/०८४ को लागि लेखापरीक्षकको नियुक्ति र पारीश्रमिक निर्धारण सम्वन्धमा
८. एकाईगत साधारण सभाको निर्णय पुस्तिकामा हस्ताक्षर गर्ने प्रतिनिधि १० जना चयन गर्ने सम्वन्धमा
९. एकाई प्रतिनिधिहरु (निर्णय प्रमाणिकरण सभा) को चयन सम्बन्धमा
१०. साधारण सभा सञ्चालन कार्यविधि र निर्वाचन कार्यविधि अनुमोदन सम्बन्धमा
११. एकाई समिति गठन सम्बन्धमा
१२. कर्मचारीहरुको सेवा सुबिधा सम्बन्धमा
१३. सदस्यता कल्याणकारी कोषको रकम फिर्ता दिने सम्बन्धमा
१४. कार्यसूचिमा थप भएको प्रस्ताव सम्बन्धमा
१५. निर्वाचन सम्बन्धमा

*पुनश्च :*

- *साधारण सभामा उपस्थित हुने शेयर सदस्यहरुलाई खाना र खाजा खर्च वापत रु. १,०००।- नगद प्रदान गरिनेछ । सट्टामा उपस्थित हुनेको हकमा सो रकम दिइने छैन ।*
- *मासिक बचत र ऋणको किस्ता बुझाउन बाँकी रहेका सदस्यज्यूहरुले २०८३ असोज १४ गते सम्ममा रकम जम्मा गर्नु हुन ।*

**निर्वाचन हुने पदहरु :**

| सञ्चालक समिति | | लेखा सुपरिवेक्षण समिति | |
|---|---|---|---|
| अध्यक्ष | १ | संयोजक | १ |
| उपाध्यक्ष | १ | सदस्य | १ |
| सचिव | १ | सदस्य | १ |
| कोषाध्यक्ष | १ | | |
| सदस्य | ५ | | |
| जम्मा – | ९ जना | जम्मा – | ३ जना |

## निर्वाचन तालिका २०८३

| क्र. सं. | कार्यक्रम | मिति | समय | |
|---|---|---|---|---|
| | | | देखि | सम्म |
| १. | मतदाता नामावली प्रकाशन | २०८३/०६/०१ | १०:०० बजे | १:०० बजे |
| २. | मतदाता नामावली उपर दाबी बिरोध, छानविन र अन्तिम मतदाता नामावली प्रकाशन | २०८३/०६/०५ | १०:०० बजे | ३:०० बजे |
| ३. | उम्मेदवारी पत्र एवं दरखास्त फारम वितरण | २०८३/०६/०६ | ११:०० बजे | ५:०० बजे |
| ४. | उम्मेदवारी दरखास्त फारम दर्ता | २०८३/०६/०७ | ११:०० बजे | ५:०० बजे |
| ५. | उम्मेदवारको नामावली प्रकाशन | २०८३/०६/०७ | ११:०० बजे | ४:०० बजे |
| ६. | उम्मेदवारी उपर दाबी बिरोध | २०८३/०६/०८ | ११:०० बजे | १:०० बजे |
| ७. | दाबी विरोध उपर छानविन, निर्णय | २०८३/०६/०८ | १:३० बजे | ५:०० बजे |
| ८. | उम्मेदवारी फिर्ता | २०८३/०६/०९ र १० | ११:०० बजे | ५:०० बजे |
| ९. | उम्मेदवारको अन्तिम नामावली प्रकाशन | २०८३/०६/११ | ११:०० बजे | ५:०० बजे |
| १०. | पदसंख्या बराबरको उम्मेदवारी कायम हुन आएमा निर्विरोध निर्वाचित भएको घोषणा : (अन्य कार्य अघि नबढाई प्रमाण पत्र वितरण र शपथ ग्रहण गराई निर्वाचन कार्य सम्पन्न भएको निर्णय सहित घोषणा गरिने) | २०८३/०६/१२ | | |
| ११. | तोकिएको पद संख्या भन्दा बढी उम्मेदवारी दर्ता कायम रहन आएमा मतदान प्रक्रिया अघि बढाइने (मतदान) | एकाई साधारण सभाको दिन | | |
| १२ | मतगणना | ७ वटै एकाईमा मतदान समाप्त भए पछि | | |
| १३. | निर्वाचन परिणाम घोषणा | | | |
| १४. | बिजयी उम्मेदवारलाई प्रमाण पत्र वितरण र शपथ ग्रहण | | | |

सहदेव प्रसाद श्रेष्ठ
सचिव

| क्षेत्र/एकाई नं. १ को क्षेत्रीय समिति | | | |
|---|---|---|---|
| **क्र. सं.** | **शे.द.नं.** | **नाम थर** | **सम्पर्क नं.** |
| १ | ४३५ | संयोजक - श्री शर्मिला वाग्ले आचार्य | ९८४६२५३६९५ |
| २ | ९७ | सचिव - श्री ज्ञानेन्द्र श्रेष्ठ | ९८४६०७०४९४ |
| ३ | १७९ | सदस्य - श्री कृष्ण बहादुर वसेल | ९८४६०५६०२६ |
| ४ | २६६ | सदस्य - श्री ज्ञानलाल श्रेष्ठ | ९८४६०८८१८९ |
| ५ | ३५६ | सदस्य - श्री शान्ता कुमारी श्रेष्ठ | ९८४३५९२८२७ |
| ६ | ११६५ | सदस्य - श्री सीता देवी श्रेष्ठ | ९८४६१८८३१० |
| ७ | १७९० | सदस्य - श्री गोमा गान्धारी | ९८१६१६८३८४ |
| ८ | १९५४ | सदस्य - श्री तुलमायाँ न्यौपाने घिमिरे | ९८४६१५८३९० |
| ९ | २०९८ | सदस्य - श्री कृष्ण बहादुर श्रेष्ठ | ९८४६३७७५०४ |

| क्षेत्र/एकाई नं. २ को क्षेत्रीय समिति | | | |
|---|---|---|---|
| **क्र. सं.** | **शे.द.नं.** | **नाम थर** | **सम्पर्क नं.** |
| १ | ४७ | संयोजक - श्री कबिबाबु खनाल | ९८४६१५७७६३ |
| २ | १५६५ | सचिव - श्री ईश्वर प्रसाद श्रेष्ठ | ९८४९१४३२३५ |
| ३ | १६५ | सदस्य - श्री कल्पना नेपाली | ९८१५११३४६२ |
| ४ | ४२५ | सदस्य - श्री डोर बहादुर बस्नेत | ९८४६२७०६६८ |
| ५ | ५४७ | सदस्य - श्री सन्त बहादुर रम्तेल | ९८४६१८९२९३ |
| ६ | ९४६ | सदस्य - श्री मोहन श्रेष्ठ | ९८१६१५४७४२ |
| ७ | ११९३ | सदस्य - श्री जीत बहादुर थापा | ९८४६३७९०४९ |
| ८ | १६६९ | सदस्य - श्री सुनिता सिर्मल | ९८१४११२९३० |
| ९ | २६३२ | सदस्य - श्री मिना नेपाली रोका | ९८४६२४६३६९ |

| क्षेत्र/एकाई नं. ३ को क्षेत्रीय समिति | | | |
|---|---|---|---|
| **क्र. सं.** | **शे.द.नं.** | **नाम थर** | **सम्पर्क नं.** |
| १ | १२७३ | संयोजक - श्री डिल्ली प्रसाद श्रेष्ठ | ९८४६०८९५२७ |
| २ | १२१२ | सचिव - श्री ऋषि श्रेष्ठ | ९८४६१८८९९८ |
| ३ | ४३२ | सदस्य - श्री गणेश बिक्रम अधिकारी | ९८५६०४०९०१ |
| ४ | ६१४ | सदस्य - श्री बल बहादुर थापा | ९८४६४९२२२७ |
| ५ | ६२१ | सदस्य - श्री चेत बहादुर बोगटी | ९८४६४३२६३६ |
| ६ | ११८८ | सदस्य - श्री राधा बोगटी | ९८४६२५४६५३ |
| ७ | १५५२ | सदस्य - श्री चाँदनी थापा मगर | ९८२६१९३०१२ |
| ८ | २१०१ | सदस्य - श्री राम बहादुर थापा | ९८४६१८९९४१ |
| ९ | २५९१ | सदस्य - श्री सूचना श्रेष्ठ | ९८०३३१३४१५ |

| क्षेत्र/एकाई नं. ४ को क्षेत्रीय समिति | | | |
|---|---|---|---|
| **क्र. सं.** | **शे.द.नं.** | **नाम थर** | **सम्पर्क नं.** |
| १ | ५९ | संयोजक - श्री मञ्जुदेवी अर्याल | ९८४६०३९३२७ |
| २ | ५६६ | सचिव - श्री अन्जन बाबु खत्री | ९८५६०२१३२६ |
| ३ | ६११ | सदस्य - श्री विष्णु बहादुर थापा | ९८६९०२२२२२ |
| ४ | ७९३ | सदस्य - श्री तारा शाक्य | ९८४६०९८०९१ |

| | | | |
|---|---|---|---|
| ५ | ८९३ | सदस्य - श्री विनादेवी श्रेष्ठ | ९८४६०४०८८९ |
| ६ | ११४२ | सदस्य - श्री शिव कुमार श्रेष्ठ | ९८४६३४८९०८ |
| ७ | १६२४ | सदस्य - श्री बिदुर बल्लभ भट्टराई | ९८४६२९१२८० |
| ८ | १६८८ | सदस्य - श्री निलकण्ठ पौडेल | ९८४६०७०४०५ |
| ९ | १८४६ | सदस्य - श्री थिरभक्त श्रेष्ठ “ख” | ९८४८२५१६२५ |

**क्षेत्र/एकाई नं. ५ को क्षेत्रीय समिति**

| क्र. सं. | शे.द.नं. | नाम थर | सम्पर्क नं. |
|---|---|---|---|
| १ | ९३३ | संयोजक - श्री ईश्वर के. सी. | ९८५६०४०२७२ |
| २ | ५५९ | सचिव - श्री सुष्मा श्रेष्ठ | ९८४६०७५२५१ |
| ३ | १५२ | सदस्य - श्री दिलमान श्रेष्ठ | ९८४६०७४८०४ |
| ४ | ६९३ | सदस्य - श्री पूर्ण कुमारी प्रधान | ९८४६०७०२३३ |
| ५ | १३७० | सदस्य - श्री रेखा अर्याल | ९८४६०९८७६३ |
| ६ | १४०८ | सदस्य - श्री मन बहादुर गुरुङ्ग | ९८४६५६५८०० |
| ७ | १६७८ | सदस्य - श्री इन्दिरा ज्ञवाली न्यौपाने | ९८४६६२८३९१ |
| ८ | २२६८ | सदस्य - श्री नारायण बहादुर वस्नेत | ९८२७१८१८३४ |
| ९ | २३३३ | सदस्य - श्री रामजी अछामी | ९८४६५३६५६३ |

**क्षेत्र/एकाई नं. ६ को क्षेत्रीय समिति**

| क्र. सं. | शे.द.नं. | नाम थर | सम्पर्क नं. |
|---|---|---|---|
| १ | २३२७ | संयोजक - श्री शंकर बाबु खत्री | ९८५६०४०९१९ |
| २ | २१२९ | सचिव - श्री कृष्णबाबु खत्री | ९८४६१५७७६० |
| ३ | ११४ | सदस्य - श्री शालिग्राम कट्टेल | ९८४६०८८१२१ |
| ४ | ११७८ | सदस्य - श्री शारदा उपरकोटी | ९८०५८४६११४ |
| ५ | १२८४ | सदस्य - श्री रीता वस्नेत थापा | ९८४६६००४५१ |
| ६ | १६६७ | सदस्य - श्री काजी मजकोटी | ९८४६२७०६८४ |
| ७ | १७६१ | सदस्य - श्री फूलमायाँ रोका उपरकोटी | ९८०६६१५३६३ |
| ८ | २१५३ | सदस्य - श्री तुल बहादुर बयलकोटी | ९८४६३१२५९७ |
| ९ | २४३५ | सदस्य - श्री जानकु बि. क. | ९८१८०८८३२१ |

**क्षेत्र/एकाई नं. ७ को क्षेत्रीय समिति**

| क्र. सं. | शे.द.नं. | नाम थर | सम्पर्क नं. |
|---|---|---|---|
| १ | १८०१ | संयोजक - श्री दत्त प्रसाद घिमिरे | ९८४६१०६०८३ |
| २ | २५०२ | सचिव - श्री सूचना रोका | ९८०३७४४२५४ |
| ३ | ११३ | सदस्य - श्री गायत्री सिलवाल | ९८४६४९१९१८ |
| ४ | ४०२ | सदस्य - श्री होमनाथ अर्याल | ९८४६६११६७८ |
| ५ | ४३३ | सदस्य - श्री सोम प्रसाद श्रेष्ठ | ९८६०७७१५५४ |
| ६ | ८०६ | सदस्य - श्री पुण्य कुमारी कुमाल | ९८४६१२६५४४ |
| ७ | १३३४ | सदस्य - श्री कमल प्रसाद रेग्मी | ९८४६२८१२१३ |
| ८ | १५०० | सदस्य - श्री गोबिन्दराज सेडाई | ९८१८६३४४०७ |
| ९ | २६३८ | सदस्य - श्री हरीराम श्रेष्ठ | ९८४६१५७८११ |

# हिमचुली बचत तथा ऋण सहकारी संस्था लि.

## गोरखा नगरपालिका-७, नयाँबजार, गोरखा

### ३४ औं वार्षिक साधारण सभामा अध्यक्षद्धारा प्रस्तुत मन्तब्य

अध्यक्ष : श्री रामबाबु श्रेष्ठ
मिति : २०८३/०६/१६-२२ गते
स्थान : संस्थाको रजत हल

यस हिमचुली बचत तथा ऋण सहकारी संस्था लि. को ३४ औं वार्षिक साधारण सभाका प्रमुख अतिथिज्यू, अतिथिज्यूहरु, वडाध्यक्ष एवं वडा सदस्यज्यूहरु, लेखा सुपरिवेक्षण समितिका संयोजक एवं सदस्यज्यूहरु, सल्लाहकारज्यूहरु, उपाध्यक्ष लगायत सञ्चालकज्यूहरु, उपसमिति एवं क्षेत्रीय समितिका संयोजक एवं सदस्यज्यूहरु, संस्थापक एवं पूर्व सञ्चालक महानुभावहरु, शेयर सदस्यज्यूहरु र व्यवस्थापक एवं कर्मचारीहरुमा हार्दिक सहकारी अभिवादन टक्र्याउन चाहन्छु ।

संस्थाको स्थापना देखि ३४ वर्षको अवधि सम्ममा महत्वपूर्ण योगदान गर्नुहुने सहकारी अभियन्ता, पूर्व अध्यक्ष, पूर्व सञ्चालक, पूर्व तथा बर्तमान विभिन्न समिति, उपसमितिमा रही भूमिका निर्वाह गर्नुहुने महानुभावहरु, संस्थापकज्यूहरु, प्रत्यक्ष वा परोक्ष रुपमा सहयोग गर्नुहुने शुभचिन्तक सम्पूर्णमा सम्मान व्यक्त गर्दछु । संस्थाको स्थापना सँगै अतुलनिय योगदान गरी दिवंगत हुनु भएका संस्थापक अध्यक्ष स्व. शम्भुबाबु मरहट्टा र लेखा सुपरिवेक्षण समितिका संयोजक स्व. पृथ्वीराज पुन लगायत दिवंगत हुनु भएका संस्थापक, पूर्व सञ्चालक, शेयर धनीहरु प्रति स-सम्मान भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दछु ।

सन् १८४४ मा २८ जना श्रमिकहरुले बेलायतमा स्थापना गरेको सहकारी नेपालमा करीब ११२ वर्ष पछि २०१३ साल (सन् १९५६) मा चितवनमा बखान सहकारी संस्थाको स्थापना सँगै औपचारिक रुपमा भित्रियो । त्यस पछि ३५ वर्षको अवधि भित्र जम्मा ८३० वटा सहकारीमा मात्र सीमित रहेको सहकारी संस्था २०४८ सालको सहकारी ऐन र २०४९ सालको सहकारी नियमावली जारी भए पश्चात भने बाढी नै आए जसरी सहकारी संस्थाहरु स्थापना भए ।

सधै मेलापात एवं खेतीपातीबाट आफ्नो परिवारको पालन पोषण गरिराखेका अधिकांश गोरखा वासीहरुलाई बिबाह, ब्रतवन्ध जस्ता सामाजिक कार्य एवं चाडपर्व मनाउन, सँस्कृति अनुसार चल्न, बिरामी हुँदा उपचार गर्न समेत परेको आर्थिक समस्या समाधान गर्न साहु महाजनबाट चर्को व्याजमा ऋण लिनुको विकल्प थिएन । यस्तो परिस्थितिमा सहकारी ऐन, २०४८ लागू भएपछि “एकको लागि सबै र सबैको लागि एक” भन्ने मार्मिक चरितार्थलाई आत्मसात गर्दै ३० जनाको संयुक्त प्रयासबाट २०४९ सालमा यस संस्थाको स्थापना भयो । आफ्नो जग्गा तथा भवन विना नै २ दशक भन्दा बढी समय सीमित पूँजीमा भाडाको कोठा लिई सदस्यहरुलाई सेवा प्रदान गर्दै आएको यस संस्थाले २०६२ सालमा ३ रोपनी जग्गा खरीद गरी २०७१ सालमा यो भवनको निर्माण सम्पन्न भए पश्चात २०७१ श्रावण १ गतेदेखि यसै भवनमा संस्था सञ्चालन गर्दै विभिन्न कठिनाई तथा समस्यासँग सामना गर्दै २५९४ शेयर सदस्य र ४५ नाफा नकमाउने संस्थागत सदस्य गरी २६३९ सहित रु. ४९,१९,७५,२८३।- दायित्व तथा सम्पत्ति भएको गोरखा जिल्लाको एउटा विश्वासिलो र अग्रपङ्तिमा रहेको सहकारीको रुपमा परिचित गराउन सफल भएका छौं ।

वर्तमान अवस्थामा २०८३ साल आषाढ मशान्त सम्मको तथ्याङ्क अनुसार नेपालमा ३२,९६५ वटा सहकारीहरु रहेका छन् । ती सहकारी संस्थाहरुमा आवद्ध शेयर सदस्य संख्या १,०९,०५,१९२ जना, (कूल जनसंख्याको ३७.४०%) भएको देखिन्छ भने बचतबाट संकलन भएको रकम ११ खर्ब २५ अरब २८ करोड ४३ लाख ५८ हजार ४ सय ७० रुपैया रहेको छ । आर्थिक समृद्धि गरी सदस्यहरुको जीवनस्तर उकास्ने विशुद्ध उद्देश्यका साथ स्थापित भएका सहकारीहरुबाट हाम्रो जस्तो अल्पविकसित राष्ट्रको आर्थिक विकासमा महत्वपूर्ण योगदान हुँदा हुँदै र संविधानले तीन खम्बे अर्थनीति भित्रको एउटा खम्बा सहकारीलाई मान्यता दिएर पनि राज्यले सहकारी क्षेत्रलाई प्राथमिकता नदिनु, नियमन निकायले नियमित अनुगमन तथा सुझाब नदिनु, ऐन नियम पालनामा कडाई गर्न नसक्नु, सहकारी क्षेत्रको ज्ञान विना नै सञ्चालकहरुले संस्था सञ्चालन गर्नु, संस्थाको आन्तरिक नियन्त्रण प्रणाली फितलो हुनु जस्ता विविध कारणबाट धेरै नै सहकारीहरु डुबेका छन् । जसको कारण सहकारी क्षेत्रलाई नै बदनाम गर्ने प्रयास भएको देखिन्छ । अर्को तर्फ बजारमा आएको सुस्ती, आर्थिक गतिविधिमा आएको मन्दी लगायतका कारण अधिकांश सहकारीहरुलाई अहिले प्रत्यक्ष असर परेको देखिन्छ। जसको कारण सदस्यहरुको आर्थिक क्षेत्र कमजोर बन्न पुगेकोले ऋण असुलीको समस्यामा अधिकांश संस्थाहरुलाई असर पारेको प्रष्ट देखिन्छ। यसको असर हाम्रो संस्थामा पनि परेकै छ। बिगत वर्षहरुको तुलनामा ऋण असुलीमा शिथिलता आएको छ। संस्थाको तर्फबाट आवश्यक पहल कदमीमा कत्ति पनि कमजोरी हुन दिएका छैनौं । सबै भन्दा प्रमुख त ऋणीहरुको इमान्दारिता नै हो ।

सहकारी क्षेत्रमा देखिएको समस्याकै कारण राज्यद्वारा राष्ट्रिय सहकारी नियमन प्राधिकरण मार्फत नयाँ नयाँ नियम निर्देशन मापदण्डको रुपमा पटक पटक पत्राचार एवं जानकारी गराउने कार्य भैराखेको छ। यी निर्देशनहरु सहकारीलाई स्वस्थ र पारदर्शी बनाउने पक्षमा देखिएता पनि कतिपय नीति निर्देशनहरु व्यवहारिक देखिदैन, संस्था विकासको गतिमा बाधक देखिन्छन् । त्यस्ता अव्यवहारिक नीति निर्देशनहरुलाई व्यवहारिक बनाउन केन्द्रीय संघहरुले आवाज उठाउन जरुरी देखिन्छ । अर्को तर्फ संस्थाहरु पनि कानून बाहिर नगई व्यक्तिगत स्वार्थबाट माथि उठी नाफामुखी भन्दा पनि सदस्यमुखी हुनु जरुरी रहेको छ ।

शेयर धनी महानुभावहरु,

हाम्रो प्रमुख कारोबार नै बचत तथा ऋण हो । बचत र ऋणको प्रमुख श्रोत शेयर रकम र नियमित मासिक बचत भएकोले शेयर सदस्यज्यूहरुले मासिक रुपमा बुझाउनु पर्ने नियमित मासिक बचत अनिवार्य बुझाउनु पर्ने हुन्छ । नियमित मासिक बचत बुझाउनु पर्ने सदस्यहरुको कर्तब्य हो । नियमित मासिक बचतमा सहभागी नभएको सदस्यले संस्थाबाट प्रदान गर्ने सेवा सुविधाबाट वञ्चित हुनुपर्ने स्वभाविक विषय भयो । अहिले न्यूनतम लगातार २० वर्ष मासिक बचत जम्मा गरी ६५ वर्ष उमेर पुरा हुनु भएका सदस्यहरुलाई ५०% बचत फिर्ता दिने नीति संस्थाले लिए अनुसार कतिपय सदस्यले फिर्ता पाइसक्नु भएको पनि छ। नियमित मासिक बचत संकलनमा शेयर सदस्यज्यूहरुलाई सजिलो होस भन्ने उद्देश्यले पेन्सन बचत स्थापना गरी उक्त पेन्सन बचतमा रहेको रु. ३०,०००।- को ८% को व्याजदरले हुन आउने मासिक रु. २००।- संस्थाबाट बुझाउने व्यवस्था गरिदै आएकोमा व्याजदर घट्दै गई ४% कायम भएपछि मासिक रु. १००।- नै नपुग हुने भएकोले उक्त पेन्सन बचत खारेज गरी उक्त बचतको रकम सदस्यले भूक्तानी

पाउने र मासिक रु. २००।- आफैले बुझाउनु पर्ने गरी कार्यान्वयनमा ल्याइएको छ। तपाई हाम्रो आर्थिक सम्वृद्धि हामीले गर्ने आम्दानीबाट हुने बचतमा भर पर्ने भएकोले सहकारीको मूल मर्म नै सदस्यहरुलाई बचत गर्ने बानीको विकास गराउने हो। ऋण तर्फ हेर्दा आफ्नो उद्देश्य अनुसारको कार्य सम्पन्न गर्दा आवश्यक परेमा ऋण लिने हो। ऋण फिर्ता गर्नु पर्ने शर्तमा लिने हो। किस्ताबन्दी रुपमा बुझाउने शर्तमा ऋण लगिसके पछि सो शर्त अनुसार ऋण बुझाउने दायित्व ऋणी सदस्यको हो। केही सदस्यहरुले अटेर गरी भाखा नघाएकै कारण ऋण सुरक्षण कोषमा नाफाको रकम राख्नु पर्ने प्रावधान भएकोले बिगत वर्ष पनि संस्थाले नाफा दिन सकेन। यस वर्ष पनि नाफाको रकम रु. १८,०४,०११।- ऋण सुरक्षण कोषमा राख्नु पर्ने बाध्यात्मक स्थिति भएकोले नाफा वितरण गर्न नसकिने कुरा जानकारी गराउन चाहन्छु। यस वर्षको नाफा रु. १८,०४,०११।- ऋण सुरक्षण कोषमा थप गरी ऋण सुरक्षण कोषको कूल रकम रु. २,७७,१४,३३८।- भएको समेत जानकारी गराउन चाहन्छु।

हामी सहकारिताको माध्यमबाट सदस्यहरुलाई "जन्मदेखि मृत्युसम्म हिमचुली" भन्ने नाराका साथ गोरखाको पहिलो रोजाइको संस्था हिमचुलीलाई बनाउने परिकल्पना लिएर अगाडि बढिरहेका छौं। आज सम्मको हाम्रो गतिविधिहरुलाई गहिरियर नियाल्यौं भने सहकारीको उद्देश्य र सिद्धान्तलाई आत्मसात गर्दै एवं शेयर सदस्यज्यूहरुको इच्छा आकांक्षा र ऐक्यबद्धतालाई अगाल्दै सदस्यहरुकै हितमा सेवा तथा सुबिधा प्रदान गर्न तल्लिन छौं। प्रसुति सहयोग, बाल बचतको व्यवस्था, उत्कृष्ट विद्यार्थी पुरस्कार, राहत कोष मार्फत रोगबाट पीडितलाई सहयोग, सदस्यता कल्याणकारी कोष मार्फत मृत्यु पछि रु. ५०,०००।- सम्मको परिवारलाई सहयोग, दुर्घटना तथा दैवी प्रकोप पीडितलाई सहयोग, कृषि व्यवसायीलाई २% छुटमा ऋण प्रदान, एकल महिला तथा अपाङ्ग लक्षित सेवामूलक कार्यक्रम, स्वास्थ्य शिविर सञ्चालन, सहारा बिहीन विद्यार्थीहरुलाई आर्थिक सहयोग, बाढी पीडित सहयोग जस्ता सेवामूलक कार्यका उदाहरणहरु तपाई हाम्रो सामु छर्लङ्ग छ। वार्षिक रुपमा तथ्याङ्क हेर्दा हजारौको संख्यामा बाहिरी जिल्लाबाट सहकारी अवलोकन भ्रमणको क्रममा यस संस्थामा आउने गरेका छन्। यसले ऐतिहासिक स्थल गोरखा सदरमुकामको पर्यटकिय क्षेत्रमा समेत टेवा पुगेको छ। हाम्रा यी गतिविधिले सदस्य सेवामा मात्र सीमित नहरी सामाजिक उत्तरदायित्व वहनको कार्यक्रमहरु पनि यस संस्थाले गरेको प्रष्ट हुन्छ।

बचत तथा ऋणको कारोबारलाई प्रविधि मैत्री बनाउने कार्यक्रम अनुसार सफ्टवयेर मार्फत मोबाइल बैंकिङ्ग, क्यूआर कोड सेवा र रेमिट्यान्स सेवा समेत संस्थाले दिदै आएको छ र ३१ वटा कार्यविधिका साथ सञ्चालित हाम्रो संस्थाले पारदर्शिता र ईमान्दारितालाई आफ्नो प्रमुख कर्तब्य मानेको छ। सदस्यहरुको आर्थिक समृद्धिका लागि कृषि व्यवसाय, उद्यमशिलता तर्फ उन्मुख सदस्यहरुलाई आवश्यकता अनुसारको तालिम प्रशिक्षणको व्यवस्था गरिएको छ।

आदरणीय शेयर धनी महानुभावहरु,

सामूहिक प्रयासबाट सहकारी मार्फत सदस्यहरुको जीवनमा सकारात्मक परिवर्तन गराउने महान लक्ष्य लिई सहकारी संस्था सञ्चालन गरिरहदा हाम्रा सामु निम्नलिखित समस्या र चुनौतिहरु देखा परिरहेका छन् ।

(१) आम जन समुदाय एवं सदस्यहरुलाई सहकारीको महत्व बुझाउन नसक्नु ।

(२) यूवा जनशक्ति पलायत हुनु र पलायन नभएकै यूवाहरुलाई पनि सहकारी क्षेत्रमा आकर्षित गर्न नसक्नु ।

(३) देश भित्र रोजगारीको व्यवस्था र उद्योग, कृषि तथा व्यवसाय गर्ने उपयुक्त वातावरण नहुनु ।

(४) सहकारीको नियमित अनुगमनको अभावमा ऐन तथा नियम विपरितका गतिविधि रोक्न नसक्नुको कारण सहकारी सञ्चालनमा एकरुपता नआई सदस्यहरुमा भ्रम सिर्जना हुनु ।

(५) कतिपय ऋणी सदस्यहरुको ऋण तिर्ने क्षमता नहुनु वा ऋण नतिरेमा भविष्यमा आफू र आफ्नो परिवारलाई पर्न सक्ने संकट बारे अनविज्ञ हुनु तथा जानकार भए पनि अटेर गर्नु ।

(६) संस्थामा बचतको बृद्धि भए अनुसारको ऋण लगानी नभई बैंकमा तरलता थप हुनु ।

(७) कतिपय शेयर सदस्यज्यूहरुले संस्था प्रतिको आफ्नो दायित्व बारे वेवास्ता गर्नु ।

यो संस्था वित्तीय कारोवार गर्ने संस्था भएकोले भविष्यमा हुन सक्ने जोखिमलाई ध्यान दिई हाम्रा सम्पूर्ण गतिविधिहरुमा सकभर होशियारी एवं सजगता अपनाइएको छ । आर्थिक कारोबार गर्दा सीमा कारोबारको नियमानुसार रु. १० लाख भन्दा बढीको कारोबार (TTR), goAML (Go Anti money Laundering) मार्फत वित्तीय जानकारी एकाई ( FIU) मा यो आर्थिक वर्षमा १७३ वटा कारोबारको जानकारी पठाइएको छ भने शंकास्पद कारोबार (STR) एउटा पनि नभएको जानकारी गराउदै सम्पूर्ण सदस्यहरुले अनिवार्य रुपमा सदस्य पहिचान (KYC - Know Your Member) फारम अनिवार्य रुपमा भर्नु पर्ने भएकोले यसका लागि KYC फारम भर्नुहुन हार्दिक अनुरोध गर्दछु ।

मासिक नियमित बचत भनेको संस्थाको प्रमुख सम्पत्ति भएकोले सम्पूर्ण सदस्यज्यूहरुले मासिक नियमित बचत कार्यक्रममा अनिवार्य सहभागी भई असल सदस्यको रुपमा परिचित गराउन र ऋणी सदस्यहरुले आफूले लिएको ऋण निश्चित गरिएको भाखा अनुसार भूक्तान गरी असल ऋणीको रुपमा आफूलाई परिचित गराउन हार्दिक अनुरोध गर्दछु । अन्यथा सहकारी ऐन, नियम, राष्ट्रिय सहकारी नियमन प्राधिकरणको निर्देशन, मापदण्ड तथा संस्थाको विनियम तथा कार्यविधि अनुसार संस्थाले कारवाहीको प्रक्रिया अगाडि वढाउन समेत जानकारी गराउँदछु ।

अन्त्यमा,

संस्थाको तर्फबाट सचिवद्धारा प्रस्तुत नीति तथा कार्यक्रम र कोषाध्यक्षद्धारा प्रस्तुत आर्थिक प्रतिवेदन उपर गहन रुपमा विश्लेषण एवं छलफल गरी आवश्यक सुझाव सहित पारित गरिदिनु हुनेछ भन्ने पूर्ण विश्वासका साथ सकारात्मक सहयोगको अपेक्षा गर्दै संस्थाको

समग्र विकासमा आवश्यक सल्लाह सुझाव प्रदान गर्नुहुने सल्लाहकारज्यूहरु, संस्थालाई सही बाटोमा डोऱ्याउन योगदान पुऱ्याउनु हुने लेखा सुपरिवेक्षण समिति, संस्थाको सम्पूर्ण गतिविधिमा संलग्न भई अहोरात्र सहयोग गर्नुहुने सञ्चालक समिति, विभिन्न उप समितिहरु, क्षेत्रीय समिति, संस्थाको मूल जराको रुपमा सहयोग गर्नु हुने शेयर धनी महानुभावहरु र आफ्नो जिम्मेवारीलाई ईमान्दारी पूर्वक अहोरात्र खट्नु हुने कर्मचारी मित्रहरु प्रति हार्दिक धन्यवाद व्यक्त गर्दै शेयर सदस्यहरुको अपार मायाँ र सकृयता, सञ्चालक समितिको इमान्दारिता र संस्थाको समग्र विकासको प्रतिवद्धता एवं कर्मचारीहरुको लगनशिलता, पारदर्शिता र कर्तव्यनिष्ठताका साथ संस्थाको दीगो विकासमा योगदान भइरहने विश्वास व्यक्त गर्दछु ।

धन्यवाद
जय हिमचुली ! जय सहकारी !!

# हिमचुली बचत तथा ऋण सहकारी संस्था लि.

## गोरखा नगरपालिका-७, नयाँबजार, गोरखा

### ३४ औं वार्षिक साधारण सभामा लेखा सुपरिवेक्षण समितिद्धारा प्रस्तुत प्रतिवेदन

संयोजक : श्री नारायण बाबु श्रेष्ठ
मिति : २०८३/०६/१६-२२ गते
स्थान : संस्थाको रजत हल

हिमचुली वचत तथा ऋण सहकारी संस्था लिमिटेड गोरखाको ३४ औं वार्षिक साधारण सभाका अध्यक्ष एवं यस संस्थाका आदरणीय अध्यक्षज्यू, प्रमुख अतिथिज्यू, अतिथिज्यूहरु, सल्लाहकारज्यूहरु, संस्थाका संस्थापकज्यूहरु, पूर्व सञ्चालकज्यूहरु, सञ्चालक समितिका द्धय उपाध्यक्ष लगायत पदाधिकारी एवं सदस्यज्यूहरु, विभिन्न उपसमितिका संयोजक लगायत सदस्यज्यूहरु, एकाइका संयोजक एवं सदस्यज्यूहरु आजको यस सम्मानित सभामा उपस्थित शेयर सदस्यज्यूहरु, संस्थाको व्यवस्थापक एवं कर्मचारीज्यूहरुमा मेरो व्यक्तिगत र लेखा सुपरिवेक्षण समितिको तर्फबाट हार्दिक न्यानो सहकारी अभिवादन गर्दछु ।

संस्थाको ३४ औं वार्षिक साधारण सभासम्म आईपुग्दा संस्थालाई जन्माई अथक भूमिका खेली सहयोग गर्नुहुने दिवङ्गत हुनु भइसकेका संस्थापक अध्यक्ष स्व. शम्भुवावु मरहट्टा लगायत पूर्व सञ्चालकज्यूहरु, शेयर सदस्यज्यूहरु प्रति हार्दिक श्रद्वान्जली अर्पण गर्दै आजको यस अवसरमा सम्झन चाहन्छौ । संस्थाले विभिन्न समयमा महाविपदको क्षणलाई पार गर्दै यहाँ सम्म आईपुगेको छ । सदरमुकाममा घरैपिच्छे जस्तो बैंक तथा वित्तीय संस्थाहरु र सहकारीहरु सञ्चालनमा रहेको र ती संस्थाहरुले प्रदान गर्ने वित्तीय सेवा सुबिधाहरु भन्दा पृथक तवरले यस संस्थाले आफ्ना शेयर सदस्यहरुलाई सेवा दिन सदा तत्पर रहेको छ । यस संस्था क्रमिक रुपमा सहकारी ऐन, सिद्धान्त, नीति नियमहरु र नेफ्स्कुनको अनुगमन अनसाईट भिजिटको निर्देशनहरुलाई पालना गर्दै अगाडि बढी रहेको अवस्था छ । संस्था यस अवस्थामा पुग्नुको मुख्य कारण सहकारीबाट प्रतिपादित सिद्धान्तहरुको मुल्य मान्यताहरुलाई समय सापेक्ष परिवर्तन गर्दै संस्था जिल्ला, राष्ट्रिय र अन्तराष्ट्रिय क्षेत्रमा पनि आफ्नो पहिचान निर्माण गर्दै गईरहेको छ । यस संस्थालाई अहिलेको अवस्थासम्म पुऱ्याउनको लागि दुरदर्शी पूर्व संञ्चालकज्यूहरु, सल्लाहकारज्यूहरु, लगनशिल सञ्चालक समिति, उपसमितिहरु, सम्पूर्ण सक्रिय शेयर सदस्यज्यूहरु, लगनशिल कर्मचारीहरु सबैको सुझाव निर्देशन नै प्रमुख भुमिका रहेकोले उहाँहरु प्रति हार्दिक धन्यवाद दिन चाहन्छु ।

सभाका अध्यक्ष एवं शेयर सदस्यज्यूहरु,
अव म आ.व. २०८२/०८३ को प्रतिवेदन प्रस्तुत गर्न अनुमति चाहन्छु ।

१. संस्थाले अवलम्वन गरेको मूल्य मान्यता तथा लेखा निति २०८२/०८३ को प्रगति तथा आर्थिक उन्नति आन्तरिक मुल्याङ्कन बुँदागत रुपमा प्रस्तुत गर्न चाहन्छु :

(क) संस्थाले वार्षिक कार्ययोजना तयार गरी सोही बमोजिम कार्यक्रमहरु कार्यान्वयन गरेको अवस्था रहेको छ ।

(ख) संस्थाले बचत र ऋणमा प्रदान गरिने व्याजदर समय सापेक्ष हेरफेर गरेको छ ।

(ग) समय समयमा संस्थाको नगद, ढुकुटी चेक जाँच गर्दा नगद मौज्दात दुरुस्त रहेको पाईयो।

(घ) संस्थाको दैनिक आम्दानी खर्चको भौंचर, बिल भरपाईहरु अद्यावधिक रहेको पाईयो ।

(ङ) संस्थाको स्थिर सम्पत्तिको अभिलेख चुस्त दुरुस्त राखेको पाईयो ।

(च) राष्ट्रिय सहकारी नियमन प्राधिकरणबाट दिइएको नीति निर्देशनको आधारमा संस्थाले विनियम पुनर्लेखन गरेको छ ।

(छ) आ.व. २०८२/०८३ को लेखा परिक्षण, सौरभ वस्नेत एण्ड एसोसियट्स चार्टड एकाउन्टेन्टस सौरव वस्नेतबाट गरेको पाईयो ।

(ज) लेखा सुपरिवेक्षण समितिले यस अघि प्रतिवेदनमा दिइएको सुझावहरु सामान्यतया कार्यान्वयन भएको अवस्था रहेको छ ।

२, आ.व. २०८२/०८३ मा बसेको समिति र उपसमितीहरुको वैठक संख्या निम्न अनुसार रहेको छ ।

| क्र. सं. | विवरण | वैठक संख्या |
|---|---|---|
| १ | सञ्चालक समितिको वैठक | १७ |
| २ | लेखा सुपरिवेक्षण समितिको वैठक | ६ |
| ३ | समिती तथा अन्य उपसमितिको संयुक्त वैठक | २ |
| ४ | ढुकुटी निरीक्षण | १ |
| ५ | ऋण उपसमितिको वैठक | ११ |
| ६ | महिला उपसमितिको वैठक | १ |
| ७ | शिक्षा उपसमितिको वैठक | १ |
| ८ | व्यवसाय प्रवर्द्धन उपसमितिको वैठक | २ |
| ९ | भाखा नाघेको ऋण असुली उपसमितिको वैठक | २ |
| १० | युवा उपसमितिको वैठक | ३ |
| ११ | प्रोवेसन कार्यदलको वैठक | १ |
| १२ | कर्मचारी आन्तरिक वैठक | ४ |
| १३ | धितो मूल्याङ्कन उप समितिको वैठक | ११ |

माथि उल्लेखित वैठक संख्या हेर्दा सञ्चालक समितिको मासिक वैठक नियमित बसेको देखिन्छ । अन्य उपसमितिहरुले आवश्यकताको आधारमा वैठक वसी प्रस्तावित विषयहरु माथि छलफल गरी कार्यान्वयन गरेको अवस्था छ र केही उपसमितिहरुको भूमिका निष्कृय रहेको अवस्था छ । आगामी दिनमा वढी सक्रिय हुनुपर्ने रहेको छ ।

३, सञ्चालक समिति, लेखा सुपरीवेक्षण समिति, उपसमितिहरुको पारीश्रमिक, भत्ता, अन्य सुविधाहरुः–

३.१, पारीश्रमिक : यस संस्थाका सञ्चालक समिति, लेखा सुपरीवेक्षण समितिका पदाधिकारी लगायत अन्य उपसमितिहरुको पारीश्रमिक रकम लिईएको देखिदैन ।

३.२, भत्ता : यस संस्थाका सञ्चालक तथा लेखा सुपरीवेक्षण समितिका पदाधिकारी एवं सदस्यहरु र अन्य उपसमितिका संयोजक एवं सदस्यहरुले प्रति वैठक भत्ता रु. ५००। (पाँच सय) का दरले कर कट्टा गरी लिने गरेको छ ।

३.३, अन्य सेवा सुविधाहरु : यस संस्थाका सञ्चालक तथा लेखा सुपरिवेक्षण समिति र अन्य उपसमितिका संयोजक एवं सदस्यहरुले संस्थाले पठाएको जिल्ला बाहिरको कार्यक्रम र संस्थाको क्षेत्र भित्र यातयातको साधन प्रयोग गर्दा इन्धन खर्च र सामान्य खाजा वापत संस्थाले तोके बमोजिम सामान्य सुविधा बाहेक अन्य कुनै पनि सुविधा नलिई सेवाभावले काम गरेको देखिन्छ ।

आदरणीय सभाध्यक्ष एवं शेयर सदस्यज्यूहरु,

४. सहकारी संस्थालाई विगतका बर्षहरुमा भन्दा अझै प्रभावकारी बनाउनको लागि संस्थाका अध्यक्षज्यू, पदाधिकारी एंव सदस्यज्यूहरु विभिन्न उपसमितिका संयोजक एवं सदस्यज्यूहरु, कर्मचारी वर्ग, सम्पूर्ण शेयर सदस्यज्यूहरुले आ-आफ्नो स्थानबाट महत्वपूर्ण भूमिका निर्वाह गर्नु हुनेछ भन्दै संस्थाको अझै विकासको लागि संस्थाले कार्यान्वयन गर्नु पर्ने लेखा सुपरिवेक्षण समितिबाट केही सुझावहरु राख्न चाहन्छु :

४.१, नेफ्स्कूनवाट स्थलगत अनुगमन निरीक्षणमा दिईएका सुझावहरु अविलम्व पूर्ण रुपमा कार्यान्वयन गर्नु पर्ने ।

४.२, राष्ट्रिय सहकारी नियमन प्राधिकरणबाट दिइएको नीति निर्देशन, संस्थाको नीतिहरु सम्पूर्ण शेयर सदस्यहरुले जानकारी पाउनु पर्ने भएको हुदाँ सदस्य लक्षित सहकारी शिक्षा कार्यक्रम गर्नु पर्ने ।

४.३, संस्थाले सक्रिय रुपमा कार्य गर्दै गर्दा पनि प्रोवेसन ब्राण्ड प्राप्त गर्न नसकिरहेको हुँदा भाखा नाघेको ऋणको अनुपात ५ प्रतिशत भन्दा कम हुनु पर्ने भएकोले ऋणी शेयर सदस्यज्यूहरुले समयमा नै ऋणको किस्ता बुझाई ऋणको भाखा ननघाई ब्राण्ड प्राप्तिको लागि सकारात्मक भुमिका खेल्नुपर्ने र सञ्चालक समिति, प्रोवेसन कार्यदल, व्यस्थापन पक्ष अझ सक्रिय हुनु पर्ने देखिन्छ ।

४.४, धेरै समय भाखा नाघेको केही ऋणी सदस्यहरुको प्रक्रिया पुऱ्याई उनीहरुले जमानत राखेको धितो लिलाम गर्ने तर्फ लाग्नु पर्ने देखिन्छ ।

४.५, संस्थामा ठूलो रासी तरलता देखिएकोले असल शेयर सदस्यहरुलाई नयाँ नयाँ आयमूलक कार्यमा लगानी गर्नु पर्ने देखिन्छ ।

४.६, संस्थाको नियामक निकाय गोरखा नगरपालिका सँग नियामक निकायले नगरपालिका भित्रका सबै सहकारी संस्थाहरु नियम कानून बमोजिम सञ्चालित छ छैन अनुगमन गरी यदि त्यस्तो नपाइएमा तत्काल नियम पालना गर्नका लागि आवश्यक छलफल गर्ने र सबै सहकारीहरुले एउटै नीति नियम पालना नगर्दा पालना गर्ने सहकारीलाई सञ्चालनमा ज्यादै नै असहज भएको कुरा जानकारी गराउने ।

आदरणीय सभाध्यक्ष एवं सदस्यज्यूहरु,

अन्त्यमा हामीले लेखा सुपरिवेक्षण समितिमा रहेर कार्य गर्दा कुनै गल्ति भएको भए क्षमायाचना गर्दै अझै कुनै राम्रा सुझावहरु भए थप गरी संस्थालाई स्वस्थ राख्न यहाँहरुले राय सल्लाह राख्नु हुनेछ भन्ने विश्वासका साथ यस कार्यमा सहयोग गर्नु हुने समितिका सदस्यहरु श्री नवराज भक्त उपाध्याय र श्री विष्णु प्रसाद श्रेष्ठलाई हृदय देखि आभार प्रकट गर्दै, यस वर्ष अधिवेशन समने समेत भएको हुँदा सक्षम, लगनशिल, फुर्सदिलो साथै उपयुक्त व्यक्तिलाई चयन गर्नु हुनेछ भन्ने विश्वास गर्दै नजिकिदै आएको हिन्दुहरुको महान चाड वडादशै, शुभ दीपावली, नेपाल सम्बत्, छठ पर्व लगायत विभिन्न धर्मावलम्बीहरुको चाड पर्वको अवसरमा शुभकामना व्यक्त गर्दै सम्पूर्ण शेयर सदस्यज्यूहरुको दीर्घायू र सुस्वास्थ्यको कामना सहित प्रतिवेदनको अन्त्य गर्दछु ।

धन्यवाद,

जय हिमचुली ! जय सहकारी ! !

# हिमचुली बचत तथा ऋण सहकारी संस्था लि.

## गोरखा नगरपालिका-७, नयाँबजार, गोरखा

### ३४ औं वार्षिक साधारण सभामा सञ्चालक समितिको सचिवद्धारा प्रस्तुत प्रगति प्रतिवेदन २०८२/०८३

सचिव : श्री सहदेव प्रसाद श्रेष्ठ
मिति : २०८३ असोज १६-२२ गते
स्थान : संस्थाको रजत हल

हिमचुली बचत तथा ऋण सहकारी संस्था लि. गोरखाको ३४ औं वार्षिक साधारण सभाको एकाईगत रुपमा भएको सभाको अध्यक्षज्यू, प्रमुख अतिथिज्यू, अतिथिज्यूहरु, लेखा सुपरिवेक्षण समितिका संयोजक एवं सदस्यज्यूहरु, सल्लाहकारज्यूहरु, सञ्चालक समितिका पदाधिकारी एवं सदस्यज्यूहरु, विभिन्न उपसमितिका सदस्यज्यूहरु, क्षेत्रीय एकाई समितिका संयोजक, सचिव एवं सदस्यज्यूहरु, यस गरिमामय सभालाई सफल पार्न उपस्थित हुनुहुने एकाईका शेयर सदस्यज्यूहरु र संस्थाका व्यवस्थापक लगायत सम्पूर्ण कर्मचारीहरुमा सहकारी अभिवादन व्यक्त गर्न चाहन्छु ।

समान इच्छा, आकांक्षा, आवश्यकता र हैसियत भएका व्यक्तिहरु सहकार्य गर्दै पारस्परिकता र स्वाबलम्बनलाई सर्वोपरी रुपमा आत्मसात गरेर आफ्नो समुदायमा विद्यमान रहेको श्रम, शिप, पूँजी एवं प्रविधिलाई **"एकको लागि सबै र सबैको लागि एक"** भन्ने मान्यतालाई शिरोपर धारणाका साथ समुचित परिचालन गरी सदस्यहरुको आर्थिक, सामाजिक र साँस्कृतिक रुपान्तरण गर्दै विभेद रहित समाजको स्थापना गर्ने सहकारीको उद्देश्य लाई परिपूर्ति गर्ने अभिलाषाका साथ स्थानीय ३० जना व्यक्तिहरुको सामूहिक प्रयासमा गोरखा नगरपालिका कार्यक्षेत्र बनाई विधिवत रुपमा २०४९ साल फाल्गुण १५ गते गोरखा न.पा.-७, मा कार्यालय रहने गरी हिमचुली बचत तथा ऋण सहकारी संस्था लि. को स्थापना भयो ।

सर्बप्रथमतः संस्था स्थापनाको लागि विशेष क्रियाशिलताका साथ अमूल्य योगदान दिनु हुने संस्थाका संस्थाका संस्थापक अध्यक्ष स्व. शम्भुबाबु मरहट्टा, तत्कालिन लेखा पुपरिवेक्षण समितिका संयोजक स्व. पृथ्वीराज पुन लगायत गतः वर्षको साधारण सभा पश्चात हालसम्म दिवंगत हुनु भएका यस संस्थाका शेयर सदस्यहरु रामपुर गुरुङ्ग, डिल कुमारी सार्की, हुमादेवी मरहट्टा, हरी प्रसाद पन्त, आदर्श श्रेष्ठ, सप्त कुमार श्रेष्ठ र सोम बहादुर श्रेष्ठ, संस्था स्थापना कालदेखि हालसम्म दिवंगत हुनु भएका संस्थापक सदस्यहरु, पूर्व सञ्चालक, शेयर सदस्यहरु र आफन्तजनहरु प्रति उच्च सम्मानका साथ हार्दिक श्रद्धासुमन अर्पण गर्दछौं ।

यसै गरी २०८३ भाद्र १० मा रसुवा जिल्लाको भोटेकोशी नदीमा आएको अकल्पनिय र विध्वंशकारी बाढीबाट दिवंगत महानुभावहरु प्रति चीर शान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछौं र सम्बन्धित परिवारजनमा हार्दिक समवेदना प्रकट गर्दै घाइते एवं हराईरहेको व्यक्तिहरुको शिघ्र स्वास्थ्यलाभ अनि सकुशल उद्धारको कामना गर्दछौं ।

स्थापना कालको शुरुआत देखि नै संस्था सहकारीको मूल्य, मान्यता, सिद्धान्त र आदर्शलाई अनुसरण गर्दै सदस्य केन्द्रीत सेवा भावलाई प्राथमिकतामा राखी गैर सदस्यहरु समेत लाभान्वित हुने किसिमबाट समुदाय लक्षित संस्थागत सामाजिक उत्तरदायित्वका कार्यक्रमहरु गरिदै आएको परिणामतः वर्षेनी शेयर सदस्यहरु थप हुदै जानु, सम्पत्ति र दायित्वको रकम बढ्दै जानुबाट पनि शेयर सदस्यहरुको संस्था प्रति अटुट विश्वास, पूर्व सञ्चालक एवं विद्यमान सञ्चालक समितिको

निस्वार्थः समर्पण र कर्मचारी बर्गहरुको क्रियाशिलताबाट संस्थाले विना बाधा अड्चन सार्थकता पाएको हामीले देखिरहेका छौं । सञ्चालक समितिको नैतिकता, सदाचारिता, इमान्दारिताका साथ संस्था नीति, बिधि र प्रबिधिमा आधारित रही मर्यादित रुपमा सञ्चालन भै रहेको हुँदा गोरखा नगरपालिका क्षेत्रभित्र अब्बल रुपमा यो संस्था रही आएको साथै जिल्ला र राष्ट्रिय स्तरमा समेत संस्था परिचित अवस्थामा रहन सफल भएको छ ।

संस्थालाई प्रभावकारी रुपमा सुरक्षित, भरपर्दो, सुशासनयुक्त तवरबाट दीगो विकास एवं सुदृढिकरण गर्दै संस्थागत शाख अभिबृद्धिका साथ निरन्तरता कायम राख्न वित्तीय सक्षमता (PEARLS) र व्यवस्थापकिय कार्य कौशलता (HIMAL) सूचकांक विधिबाट मापन गरी गुणस्तर सुनिश्चितता कायम गर्न नेफ्स्कूनबाट सञ्चालित राष्ट्रिय स्तरको स्तरिकण कार्यक्रम (PROBATION) मा समावेश भै सो बमोजिम नै संस्था सञ्चालनमा रहेको कारण संस्था जोखिममुक्त रहेको र भविष्यमा समेत निरन्तरता रहने कुरामा हामी विश्वस्त छौं ।

संस्थालाई अग्र गतिमा बढाउन प्रोवेसन (PROBATION) कार्यक्रमलाई निरन्तरता दिदै यसको अलावा संस्थामा नियमित रुपमा निरीक्षण, अनुगमन, विश्लेषण र मूल्याङ्कन गरी संस्थागत जोखिमको स्तर पहिचान गरेर सो समाधानको व्यवस्थापन गरी सहकारीलाई अन्तर्राष्ट्रिय स्तरको गुणस्तर सुनिश्चितता कायम गर्न गराउन नेफ्स्कूनबाट नै सञ्चालन गरिने अन्तर्राष्ट्रिय स्तरको उच्च ब्रान्डिङ्ग कार्यक्रम SCAN (Supervisory Checks and Analysis for Navigation) मा यो संस्था आवद्धताको लागि हालै सम्झौता गरि सकिएको छ । अवश्यै पनि शेयर सदस्यहरुको संस्था प्रतिको जुन आस्था, विश्वास र अटुट मायाँ छ, त्यसलाई कमी आउन नदिने वातावरणको सृजना भएमा अवश्य पनि संस्था SCAN कार्यक्रमबाट अपेक्षित लाभान्वित भै अन्तर्राष्ट्रिय स्तरको ब्रान्डिङ्ग प्राप्त गरी संस्थाको शाख अन्तर्राष्ट्रिय क्षेत्रमा फैलिनेछ । अनि हामी सबै सदस्यहरुको गौरबको विषय हुनेछ ।

संस्था स्थापनाबाट सदस्यहरुमा बचत गर्ने बानीको विकास, आर्थिक स्वावलम्बन, उद्यमशिल बन्न, सामूहिकताको विकास, बेरोजगारीको न्यूनीकरण, सामाजिक एकता एवं सद्भावको अभिबृद्धि, महिला सशक्तिकरण, नेतृत्व क्षमताको विकास लगायत विविध पक्षमा उल्लेखनिय रुपमा योगदान भै रहेको हामी पाउँछौं । सदस्यज्यूहरुबाट आफ्नो अधिकार र कर्तव्यको उपयोग र पालनाका साथ सहकारीलाई आत्मसात गरी जीवनोपयोगी बनाउन सकिएमा अवश्य पनि सदस्य आफू र संस्था समेत समृद्ध हुनेमा विश्वास गर्न सकिन्छ ।

तसर्थः शेयर सदस्यज्यूहरुले हामी सबैले बचत गरेको रकमबाट नै प्रवाहित भएको ऋणको परिभाषा बुझेर नियमित रुपमा किस्ता र व्याज रकम बुझाई असल सदस्यको रुपमा स्थापित हुन अनुरोध गर्दै समयमै नबुझाउँदा अन्य शेयर सदस्यहरु साथै संस्थामा पर्न सक्ने नकारात्मक असर बारेमा जानकार होऔं । अन्ततः आफै पनि कानूनी झमेलामा पर्न सक्ने बारेमा पनि सचेत बनौं ।

संस्थामा सदस्यज्यूहरुबाट गरिएको बचत रकमको सुरक्षाको प्रत्याभूति गरिएको र लगानी गरिएको ऋणको असुलीको भरपर्दो आधार तयार गरिएकोले जोखिमयुक्त ऋणहरु नभएको व्यहोरा शेयर सदस्यज्यूहरुलाई अवगत गराउँदै सहकारी ऐन, नियम, नीति र विधिलाई ध्यानमा राखी संस्था सञ्चालन तथा कार्यान्वयन गर्दा भाखा नाघेको ऋण जतिको रकम सबै ऋण सुरक्षण कोषमा लैजानु पर्ने वाध्यात्मक अवस्थाको कारण ऋणी शेयर सदस्यज्यूहरुले नकारात्मक भ्रममा नपरी आत्मचिन्तन गरेर सकारात्मक दृष्टिका साथ अन्य सदस्यहरु लाभान्वित हुने अवस्थालाई कुठाराघात नगरीदिनु हुन विनम्र अनुरोधका साथै नैतिक एवं कानूनी दायित्व पुरा गरी आफूले आर्जन गरेको सामाजिक चारित्रिक

सम्पत्तिको रक्षा गर्नु हुन कानूनी साक्षरतामा विशेष ध्यान दिनु हुन ऋणी सदस्यहरुलाई आग्रह गर्दछौं ।

संस्था हामी सबै सदस्यहरुको साझा चौतारी भएको हुनाले हामी सबैले पारस्परिक रुपमा एक अर्काको भावना बुझ्ने, सहयोगी भावना र सकारात्मक क्रियाकलाप गरेको खण्डमा नै चौतारीको शितलताको उपयोग गर्न सक्छौं । सामूहिकतामा उपयोग गरिएको सेवा सुविधाको सन्दर्भमा संस्थामा बुझाउनु पर्ने बक्यौता रकम बारेमा आवश्यक सजग होऔं । यसै सन्दर्भमा सहकारीमा सदस्यहरुले ऋण नबुझाई आर्थिक बदनियत गर्ने उपर आवश्यक कार्यवाही गर्न अदालती क्षेत्राधिकार भएको ऋण असुली न्यायाधीकरण गठन समेत भएको व्यहोरा जानकारी गराउदै हामी सबैको सहयोग, सद्भाव र सदासयताबाट संस्थालाई उदाहरण योग्य बनाउन अग्रसर होऔं ।

अब म यस संस्थाको आ.व. २०८२/०८३ को वार्षिक प्रगति प्रतिवेदन प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**१. सदस्यता (असार मशान्त) :**

पुरुष - १२२२ महिला - १,३७२ र संस्थागत ४५ गरी जम्मा - २,६४० जना

- सदस्यता परित्याग गर्नेको संख्या - ३९ जना
- मृत्यु भएको संख्या - ८ जना
- नयाँ सदस्य प्राप्त गर्नेको संख्या - पुरुष - १९, महिला - २८ र संस्थागत - ३ गरी जम्मा - ५०
- बाल बचत गर्नेको संख्या - ८४० जना
- क्षेत्रगत सदस्यहरुको संख्या

| एकाई नं. १ | एकाई नं. २ | एकाई नं. ३ | एकाई नं. ४ | एकाई नं. ५ | एकाई नं. ६ | एकाई नं. ७ | शेयर दर्ता नं. २८६१ सम्म |
|---|---|---|---|---|---|---|---|
| ५५७ जना | ५०८ जना | ३५१ जना | ३९६ जना | ३७१ जना | २२१ जना | १९० जना | |
| साधारण सभा तोकिएको मिति सम्मको कूल सदस्य संख्या २५९४ जना | | | | | | | |

## २. संस्थाले प्रदान गरेको सेवाहरु :

### (क) बचत सेवा तर्फ :

**(१) साधारण बचत :-**

| | | | | | |
|---|---|---|---|---|---|
| १.१. | ऐच्छिक बचत | ३.५% | १.२. | ज्येष्ठ सदस्य बचत | ३.७५% |
| १.३. | संयुक्त बचत | २% | १.४. | हिमचुली बचत | ३% |
| १.५. | चाडपर्ब बचत | ३% | | | |

**(२) नियमित बचत :-**

| | | | | | |
|---|---|---|---|---|---|
| २.१. | मासिक नियमित बचत | ४% | २.२. | दैनिक बचत | २% |
| २.३. | बाल बचत | ४% | २.४. | मासिक नियमित ऐच्छिक बचत | ३% |

**(३) आबधिक बचत :-**

| | | | | | |
|---|---|---|---|---|---|
| ३.१. | १ बर्षे आवधिक बचत | ३% | ३.२. | २ बर्षे आवधिक बचत | ३.२५% |
| ३.३. | ३ बर्षे आधिक बचत | ३.५% | | | |

(ख) ऋण लगानी सेवा तर्फ :

(१) उत्पादन मूलक ऋण :-

| | | | | | |
|---|---|---|---|---|---|
| १.१. | कृषि व्यवसाय ऋण | ७% | १.२. | व्यापार व्यवसाय ऋण | ९% |
| १.३. | औधोगिक ऋण | ९% | | | |

(२) अनुत्पादन मूलक ऋण :-

| | | | | | |
|---|---|---|---|---|---|
| २.१. | घर निर्माण, घडेरी/जग्गा खरीद ऋण | ९% | २.२. | स्वास्थ्य ऋण | ७% |
| २.३. | उपभोग मुलक (घरायसी) ऋण | ९% | २.४. | शैक्षिक ऋण | ९% |
| २.५. | बचत धितो ऋण | ९% | २.६. | बैदेशिक रोजगार ऋण | ९% |
| २.७. | घरायसी/साधारण ऋण | ९% | २.८. | बैदेशिक अध्ययन ऋण | ९% |
| २.९. | आवधिक बचत धितो ऋण | बचतमा पाएको व्याज भन्दा २% बढी | | | |

ब्याजदर : बचत नीति र ऋण नीति अनुसार समयानुकूल सञ्चालक समितिले समीक्षा गरी ब्याजदर हेरफेर गर्ने प्रावधान रहेको छ ।

(ग) **सदस्यता कल्याणकारी कोष :** दिवङ्गत हुनुभएका शेयर सदस्यको परिवारलाई कम्तिमा रु १०,०००।- देखि वढीमा रु ५०,०००।- सम्म सहयोग गर्ने कोष नीति अनुसार शेयर सदस्यहरुलाई कल्याणकारी कोषमा रहेको रकमको ८ गुणा वा शेयर रकमको २ गुणाले हुन आउने रकम मध्ये जुन कम हुन्छ सो रकम उपलब्ध गराउने व्यवस्थालाई निरन्तरता दिइएको छ । जस अनुसार दिवङ्गत हनु भएका ७ जना सदस्यहरुको आश्रित परिवारलाई जम्मा रु. २,४५,०००।- उपलब्ध गराइएको छ । (स्व. रामपुर गुरुङ्ग, डिल कुमारी सार्की, हुमादेवी मरहट्टा, हरी प्रसाद पन्त, आदर्श श्रेष्ठ, सप्त कुमार श्रेष्ठ र सोम बहादुर श्रेष्ठ)

(घ) प्रसूति सेवा : महिला शेयर सदस्यहरुलाई वढीमा २ पटकसम्म दिइने प्रसूति सेवा अर्न्तगत यस वर्ष प्रसूति हुनु भएका महिला शेयर सदस्यहरु शे.द.नं. १५०१ की अन्जु कोइराला बसेल, शे.द.नं. १५५८ की बन्दना श्रेष्ठ, शे.द.नं. १३६९ की पशिमता श्रेष्ठ, शे.द.नं. १२२८ की प्रमिला वस्नेत, शे.द.नं. २२१४ की शान्ति राना मगर, शे.द.नं. २७८१ की रुपा सिर्मल, शे.द.नं. १९८४ की शान्ति श्रेष्ठ, शे.द.नं. १४८६ की रीता बसेल, शे.द.नं. २८०५ की पूर्ण कुमारी बसेल, शे.द.नं. २५९८ की सुमना थापा मगर, शे.द.नं. १७६५ की सबिता मालबुल नेपाली, शे.द.नं. २१५५ की सिमरन दुलाल, शे.द.नं. १४८५ की आस्था श्रेष्ठ, शे.द.नं. १०१७ की आसा रोका र शे.द.नं. ९२५ की पवित्रा शर्मा गरी १५ जनालाई रु. २,०००।- का दरले प्रदान गरिएको छ । प्रसूति हुने महिला शेयर सदस्यहरुले उक्त सेवा प्राप्त गर्नका लागि प्रसूति भएको मितिले ६ महिना भित्र वडा कार्यालयमा बच्चाको जन्मदर्ता गरेको प्रमाणपत्रको प्रतिलिपि सहित संस्थामा माग दावी गर्नु पर्नेछ ।

(ङ) **रेमिट्यान्स सेवा :** संस्थावाट सञ्चालित रेमिट्यान्स सेवा अन्तर्गत हिमाल रेमिट, वेस्टर्न यूनियन, ग्लोवल आई. एम. ई., आई. पे. रिलायवल रेमिट, वेष्ट रेमिट, पानस रेमिट, मुक्तिनाथ रेमिट, सिटी एक्सप्रेस, पे वेल आदि रेमिटहरु मार्फत सेवा प्रदान गरिनुका साथै आई.एम.ई.पे र ई सेवा मार्फत शाना शहरी खानेपानी, विभिन्न किसिमका नेटहरु, बिजुली र टेलिफोन महसुलको बिल भुक्तानी गर्दै आएको छ ।

(च) **मोबाइल बैंकिङ्ग सेवा :** शेयर सदस्यहरुको चाहना र भावना अनुसार मोबाइल बैंकिङ्ग सेवाको सञ्चालन गरिएको छ । हालसम्म ४०५ जना सदस्यहरुले यो सेवाको उपभोग गरिरहनु भएको छ । यो सेवा अर्न्तगत अन्य बैंकहरुमा रकम ट्रान्सफर गर्न सकिने, पानी, बिजुलीको बिल तिर्न मिल्ने लगायत सेवा तथा सुविधाहरु उपलब्ध रहेको छ ।

(छ) **सम्मान एवं पुरस्कार वितरण कार्यक्रम :** विशेष ज्येष्ठ सदस्य सम्मान, ज्येष्ठ सदस्य सम्मान, असल बचत कर्ता सम्मान, असल ऋणी सम्मान, पूर्व सञ्चालक सम्मान र विद्यावारिधी उपाधि प्राप्त सम्मान कार्यक्रमका साथै उत्कृष्ट विद्यार्थीहरुलाई पुरस्कृत गरिने कार्यलाई निरन्तरता दिइएको छ र सञ्चालक समितिको निर्णय अनुसार निम्न बमोजिम विधामा यस वर्ष छनौंट हुनु भएका व्यक्तित्वहरुलाई संस्थाको स्थापना दिवस २०८३ फागुन १५ गतेको दिन सम्मानित एवं पुरस्कृत गरिनेछ ।

- **जेष्ठ सदस्य सम्मान :** यस संस्थाका जेष्ठ सदस्यहरु मध्ये नागरिकताको आधारमा महिला सदस्य - १ र पुरुष सदस्य - १ समेतलाई प्रत्येक वर्ष सम्मान गरिदै आएको कार्यक्रम अन्तर्गत यस वर्ष शेयर दर्ता नं. ९०१ का श्री जुठे सार्की ( नागरिकता अनुसार जन्म मिति २००१/०८/०१) र शेयर दर्ता नं. २६७९ की श्री ठुली विश्वकर्मा (नागरिकता अनुसार जन्म मिति २००५/०३/२४)
- **विशेष जेष्ठ सदस्य सम्मान (नागरिकता बमोजिम ८४ वर्ष पुग्नु भएका) :** शेयर दर्ता नं. १६१ का श्री कृष्ण बहादुर थापा (नागरिकता अनुसार जन्म मिति वि.सं. १९९९/०१/१०) र शेयर दर्ता नं.१४९ का श्री जगत बहादुर राना (नागरिकता अनुसार जन्म मिति वि.सं. १९९९/११/२२)
- **असल बचत कर्ता सम्मान :** शेयर दर्ता नं. ३८ का श्री ईश्वर कुमार श्रेष्ठलाई असल बचत कर्ताको रुपमा सम्मान गरिनेछ ।
- विद्यावारिधी उपाधी प्राप्त सम्मान कार्यक्रम अन्तर्गत यस वर्ष शेयर दर्ता नं. ५१४ का श्री गोपाल बाबु मरहट्टालाई पि.एच.डी. सम्मान गरिनेछ ।
- **असल ऋणी सम्मान :**
  यस संस्थाबाट निर्दिष्ट मापदण्ड अनुसार निम्न बमोजिम शेयर सदस्यहरु असल ऋणीमा छनौंट गरिएको छ ।

| क्र.सं. | असल ऋणीको नाम | शे.द.नं. | ठेगाना | लगानी क्षेत्र |
|---|---|---|---|---|
| १. | श्री बेलु मग्राती उपरकोटी | ११७९ | गो.न.पा.-८, रानीश्वाँरा | घर निर्माण |
| २. | श्री रेवती प्रसाद घिमिरे | १३०७ | गो.न.पा.-८, कट्टेलडाँडा | व्यापार |
| ३. | श्री कृष्ण कुमार श्रेष्ठ | १५२४ | गो.न.पा.-५, रोहटेपानी | व्यापार |

(ज) **विद्यार्थी पुरस्कार कार्यक्रम :**

विद्यालयमा अध्ययनरत संस्थका शेयर सदस्यहरुका छोरा छोरी एवं एकाघरका नाति नातिनीहरु मध्ये कक्षा १ देखि कक्षा १२ सम्म पढ्ने प्रत्येक कक्षाका उत्कृष्ट १ जनाको दरले सरकारी र संस्थागत विद्यालय तर्फ छुट्टाछुट्टै पुरस्कृत गर्ने कार्यक्रमलाई निरन्तरता दिइएको छ । कक्षामा समान रुपमा उत्कृष्ट जिपिए प्राप्त गर्नु हुने सवैलाई

समावेश गरिएको छ । यस वर्ष पुरस्कृत हुने सर्वोत्कृष्ट विद्यार्थीहरुलाई स्थापना दिवस फागुन १५ गतेको दिन पुरस्कार वितरण गरिनेछ । पुरस्कृत हुनु हुने विद्यार्थीहरुको नामावली शिक्षा उपसमितिको प्रतिवेदनमा उल्लेख गरिएको छ ।

(झ) **सदस्यता राहत कोष :** संस्थाका सदस्यहरुलाई आकस्मिक रुपमा प्राकृतिक प्रकोप वा अन्य विविध कारणबाट पर्न जाने क्षति वा घातक रोगको उपचार खर्च वापत प्रकृति, स्थिति र अवस्थाको विश्लेषण गरी सदस्यता राहत कोषबाट राहत कोष नीति अनुसार रु. १०,०००।- वढीमा रु. ५०,०००।- सम्म प्रदान गरिनेछ भने यस कोषकाट शेयर दर्ता नं. १८३२ का क्यान्सरबाट पीडित श्री कृष्ण बहादुर गुरुङ्गलाई रु. २०,०००।- प्रदान गरिएको छ ।

## ३. वैठक :

- सञ्चालक समितिको वैठक संख्या : १७
- सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति र अन्य उपसमितिहरुको संयुक्त वैठक संख्या : ६
- लेखा सुपरिवेक्षण समितिको वैठक संख्या : ६
- सञ्चालक समितिको वैठकमा उपस्थिति संख्या निम्न अनुसार रहेको छ ।

| क्र.सं. | नाम थर | उपस्थिति संख्या |
|---|---|---|
| १. | अध्यक्ष : श्री रामबाबु श्रेष्ठ | १७ |
| २. | वरिष्ठ उपाध्यक्ष : श्री सुशील अर्याल | ८ |
| ३. | महिला उपाध्यक्ष : श्री ज्ञानु अधिकारी अर्याल | १३ |
| ४. | सचिव : श्री सहदेव प्रसाद श्रेष्ठ | १७ |
| ५. | सह-सचिव : श्री प्रेमध्वज थापा | १५ |
| ६. | कोषाध्यक्ष : श्री रामचन्द्र आचार्य | १५ |
| ७. | सदस्य : श्री ऋषिराम सापकोटा | १६ |
| ८. | सदस्य : श्री सुमन ज्ञवाली | १७ |
| ९. | सदस्य : श्री केशव वस्नेत | १६ |
| १०. | सदस्य : श्री भरत बहादुर राना | १३ |
| ११. | सदस्य : श्री गीता कुमारी भट्ट | ८ |
| १२. | सदस्य : श्री अमृत बि.क. | १७ |
| १३. | सदस्य : श्री पूर्णमायाँ वन्त | ३ |

## ४. कर्मचारी विवरण :

यस संस्थामा ६ जना कर्मचारी र २ जना रात्री चौकीदारवाट संस्थाको सम्पूर्ण कार्यहरु भैराखेको छ ।

## ५. संस्थागत शेयर लगानी र आवद्धता :

| | | |
|---|---|---|
| १ | नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. (नेफ्स्कून) शेयर | रु. २५,००,०००।- |
| २ | गोरखा जिल्ला बचत तथा ऋण सहकारी संघ लि. शेयर | रु. १,०००।- |

| | | |
|---|---|---|
| ३ | जिल्ला सहकारी संघ लि. शेयर | रु. ३०,५००।- |
| ४ | राष्ट्रिय सहकारी बैंक लि. शेयर | रु. ५,००,०००।- |
| ५ | हव को-अपरेटिभ सर्भिस लि. शेयर | रु. ५,०००।- |
| | जम्मा – | रु. ३०,३६,५००।- |

**६. वित्तीय स्थिति :**

संस्थाको आ.व. २०८२/०८३ को वित्तीय स्थितिको विस्तृत विवरण कोषाध्यक्षज्यूको आर्थिक प्रतिवेदनवाट आउनेछ।

**७. संस्थाको स्थिर सम्पत्ति :**

| | | | |
|---|---|---|---|
| १ | गोरखा नगरपालिका-७, स्थित आफ्नै जग्गामा ८ कोठा (२ वटा हल सहित) सटर सहितको ३ तलाको भवन | | |
| २ | सडकको उत्तरतिरको घडेरी जग्गा | ३ | सेफ - १ |
| ४ | फाइलिङ्ग क्याविनेट - १ | ५ | इन्भटर ब्याक अप सिस्टम २.५ के. भी. को - १ |
| ६ | कम्प्यूटर डेस्कटप - ५ | ७ | ल्यापटप - २ |
| ८ | फोटो कपी सहितको प्रिन्टर - २ | ९ | प्रोजेक्टर - १ |
| १० | लेजर प्रिन्टर - २ | ११ | डट प्रिन्टर - १ |
| १२ | पैसा गन्ने मेशिन (लुज) - १ | १३ | बण्डल पैसा गन्ने मेशिन - १ |
| १४ | १३ वटा क्यामेरा सहितको सि.सि. टि.भी - १ सेट | १५ | घुम्ने कूर्चि - ५ |
| १६ | प्लास्टिक कूर्चि हात भएको - २८ | १७ | प्लास्टिक कूर्चि हात नभएको - २०५ |
| १८ | भ्याकुम क्लिनिर - १ | १९ | बक्स टेबुल - ८ |
| २० | फोल्डिङ्ग टेबुल - १२ | २१ | हाते कुसन कूर्चि - ७ |
| २२ | सादा कूर्चि - १ | २३ | कम्प्यूटर टेबुल - २, |
| २४ | कम्प्यूटर कूर्चि - १ | २५ | टि-टेवुल - ५ |
| २६ | मायाको चिनो - ३३ | २७ | पानी राख्ने भाडा जार सहित - १ |
| २८ | पानीको ड्रम - ४ | २९ | डिस्पेन्चर - १ (तातो र चिसो पानी आउने) |
| ३० | करुवा - १ | ३१ | स्टील दराज - २ |
| ३२ | टेलिफोन - २ | ३३ | बेञ्च - ४ |
| ३४ | पंखा - १४ | ३५ | टेवल फ्यान - १ |
| ३६ | रजत हल र सानो हलमा साउण्ड सिस्टम - २ | ३७ | पोडियम - २ |

**८. संस्थाको तर्फवाट प्रतिनिधित्व तथा सहभागिता :**

१. मिति २०८२ साउन १० गते जिल्ला सहकारी संघ लि. को आयोजनामा होटल गोरखा प्यालेसमा भएको *"सहकारी संस्थाहरुको लागि कर लक्षित प्रशिक्षण कार्यक्रम"* मा संस्थाका व्यवस्थापक श्री प्रेम कुमार श्रेष्ठ र लेखा तथा ऋण शाखा प्रमुख श्री जनक बाबु नेपालीको सहभागिता

२. मिति २०८२ साउन १७ गते गोरखा जिल्ला बचत तथा ऋण सहकारी संघ लि. को आयोजनामा आरुघाटको भिमोदय बहुमुखी क्याम्पसमा भएको *"वर्तमान सहकारी नियम कानून तथा धितो लिलामी प्रक्रिया सम्बन्धी"* अभिमुखीकरण कार्यक्रममा संस्थाका अध्यक्ष श्री रामबाबु श्रेष्ठ र व्यवस्थापक श्री प्रेम कुमार श्रेष्ठको सहभागिता

३. मिति २०८२ साउन २० गते भएको समुदाय प्रहरी साझेदारी कार्यक्रम अर्न्तगत *"सहकारी सुरक्षण सम्बन्धी कार्यक्रम"* मा संस्थाका व्यवस्थापक श्री प्रेम कुमार श्रेष्ठको सहभागिता

४. मिति २०८२ मंसिर ६ गते पोखरामा भएको *"राष्ट्रिय सहकारी बैंकको २२ औं वार्षिक साधारण सभा"* मा संस्थाका सञ्चालक सदस्य श्री केशव वस्नेतको सहभागिता

५. मिति २०८२ पौष ३ र ४ गते नेस्कूनद्वारा आयोजित *"साकोस शिखर गोष्ठीमा'* संस्थाका व्यवस्थापक श्री प्रेम कुमार श्रेष्ठको सहभागिता

६. मिति २०८२ पौष ४ गते नेफ्स्कूनको *"३४ औं वार्षिक साधारण सभामा"* संस्थाका व्यवस्थापक श्री प्रेम कुमार श्रेष्ठको सहभागिता

७. मिति २०८२ पौष ५ गते भएको *"स्थिरीकरण कोषको चौथौ वार्षिक परमर्श वैठकमा'* संस्थाका व्यवस्थापक श्री प्रेम कुमार श्रेष्ठको सहभागिता

८. मिति २०८२ पौष २६ गते भएको *"गोरखा जिल्ला बचत तथा ऋण सहकारी संघ लि. को १६ औं वार्षिक साधारण सभामा"* सञ्चालक सदस्य श्री अमृत बि.क. को सहभागिता

९. मिति २०८२ पौष २७ गते भएको *"जिल्ला सहकारी संघ लि. को ३२ औं वार्षिक साधारण सभामा"* सञ्चालक सदस्य श्री केशव वस्नेतको सहभागिता

१०. मिति २०८२ चैत्र ६ गते द्रब्यशाह बहुमुखी क्याम्पसद्वारा आयोजित *"उद्यमशिलता तथा वित्तीय साक्षरता प्रशिक्षण कार्यक्रममा"* सचिव श्री सहदेव प्रसाद श्रेष्ठ र लेखा प्रमुख श्री जनक बाबु नेपालीको सहभागिता

११. मिति २०८२ चैत्र १६ गते राइफाइसन डे को उपलक्ष्यमा नेफ्स्कूनद्धारा आयोजित *"परिवर्तित कानूनी वातावरणमा नियमित निरीक्षण तथा अनुगमन सुदृढिकरण सम्बन्धी परामर्श बैठक"* मा अध्यक्ष श्री रामबाबु श्रेष्ठको सहभागिता

१२. मिति २०८३ जेष्ठ २६ र २७ गते गोरखा नगरपालिकाद्धारा आयोजित गोरखा नगरपालिका भित्र कार्यक्षेत्र भएका सहकारी संस्थाका सचिव र व्यवस्थापकहरुको *"वार्षिक कार्ययोजना तथा बजेट निर्माण तालिम"* मा संस्थाका सचिव श्री सहदेव प्रसाद श्रेष्ठ र व्यवस्थापक श्री प्रेम कुमार श्रेष्ठको सहभागिता

१३. मिति २०८३ जेष्ठ ३० र ३१ गते *"सहकारी अध्ययन अवलोकन भ्रमण"* मा सञ्चालक समितिबाट ९ जना, लेखा सुपरिवेक्षण समितिबाट ३ जना,

सल्लाहकारबाट २ जना र व्यवस्थापक १ गरी जम्मा १५ जना धादिङ्गको नृसिंहधाम हुदै धादिङ्गको जनकल्याण बचत तथा ऋण सहकारी संस्था लि. को अध्ययन अवलोकन भ्रमण गरी रसुवाको धुन्चेमा वास वसी मिनि गोसाइकुण्डको अवलोकन गरेर फर्की आएको

**९. संस्थावाट भए गरेका क्रियाकलाप एवं गतिविधिहरु र सञ्चालक समितिबाट भएको महत्वपूर्ण निर्णयहरु :**

(१) प्रत्येक महिना ७ गते सञ्चालक समितिको मासिक वैठक वस्ने गरेको र आवश्यकता अनुसार थप वैठक समेत गर्ने गरिएको छ। मासिक बैठकमा छलफल हुने कार्य सूचीहरु :-
(क) अघिल्लो वैठकको निर्णयको कार्यान्वयन अवस्था (ख) मासिक आय व्यय विवरण र वासलात स्थिति विवरण (ग) पर्ल्स विश्लेषण विवरण (घ) भाखा नाघेको ऋण र असुली (ङ) सदस्यता प्रवेश स्वीकृति (च) सदस्यता त्याग स्वीकृति (छ) ऋण अनुमोदन/स्वीकृति (ज) मासिक व्यवस्थापन प्रतिवेदन
(झ) छलफलको क्रममा थप विषयहरु

(२) संस्थाको ३३ औं वार्षिक साधारण सभाको शिलशिलामा मिति २०८२ असोज २४ गतेदेखि ऐ २७ गतेसम्म क्षेत्रीय साधारण सम्पन्न गरी मिति २०८२ कात्तिक २२ गते प्रतिनिधि मूलक रुपमा नगर प्रमुख श्री कृष्ण बहादुर राना मगरको प्रमुख आतिथ्यतामा संस्थाको रजत हलमा ३३ औं वार्षिक साधारण सभा सम्पन्न गरिएको।

(३) सम्पन्न गरिएको क्षेत्रीय साधारण सभा र ३३ औं वार्षिक साधारण सभाको समिक्षात्मक छलफल गरिएको र समग्रतामा सौहाद्रपूर्ण ढंगबाट शेयर सदस्यहरुको अटुट विश्वासका साथ सभा सम्पन्न भएको निष्कर्ष रहेको।

(४) संस्थाबाट सञ्चालन गरिने विभिन्न क्रियाकलाप एवं गतिविधिहरुलाई प्रभावकारी रुपमा सहजीकरणका साथ सम्पादन गर्न उप समितिहरुको पुनर्गठन गर्ने निर्णय भएको :
(क) ऋण उप समिति
(ख) शिक्षा उप समिति
(ग) महिला उप समिति
(घ) व्यवसाय प्रवर्द्धन उप समिति
(ङ) यूवा उप समिति
(च) प्रोवेसन कार्यदल
(छ) धितो मूल्याङ्कन उप समिति र
(ज) ऋण असुली उप समिति

(५) शेयर सदस्यहरुलाई प्रदान गरिने लाभांश र संरक्षित पूँजी फिर्ता कोषको रकम संस्थाबाट सम्बन्धित शेयर सदस्यको नाउँमा जम्मा गर्न खोलिएको हिमचुली बचत खातामा न्यूनतम मौज्दात रहने प्रावधान हटाई सुन्य मौज्दातमा सो खाता सञ्चालन हुने व्यवस्था गरिएको।

(६) कृषि व्यवसाय ऋण, अपाङ्ग लक्षित ऋण एवं स्वास्थ्य ऋणका ऋणी सदस्यहरुले नियमित रुपमा व्याज एवं किस्ता बुझाएमा लागेको व्याजमा ५% रकम छुट प्रदान गर्ने निर्णय गरिएको।

(७) सदस्यहरुले नियमित मासिक बचतमा जम्मा गरेको अवधि २० वर्ष पुरा भएको र उमेर ६५ वर्ष पुरा भए पश्चात मासिक बचतमा जम्मा भएको रकमको प्रत्येक ५/५ वर्षको अन्तरालमा ५०% रकम सदस्यहरुले माग गरे बमोजिम व्यवस्थापन तहबाट तत्कालै फिर्ता गर्न सकिने गरी अख्तियारी प्रदान गरेको । यो व्यवस्था अर्न्तगत आ.व. २०८२/०८३ मा ३ जना सदस्यले फिर्ता लिनु भएको छ ।

(८) संस्थाको कार्य क्षेत्र गोरखा नगरपालिका भित्रको घर जग्गा मात्र ऋण प्रवाहमा सुरक्षण बापत राखिदै आएकोमा शेयर सदस्यहरुलाई ऋण प्राप्तिमा सहजताको लागि गोरखा जिल्ला भरको घर जग्गा सुरक्षण बापत संस्थामा धितो राख्न सकिने प्रावधानको निर्णय भएको र उपयुक्तताको आधारमा सो धितोमा ऋण प्रवाह गरिने व्यवस्था गरिएको ।

(९) बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाको नियमन, अनुगमन तथा सुपरिवेक्षण कार्यलाई प्रभावकारी बनाउन तथा सहकारी ऐन २०७४ को दफा २० (क) बमोजिमको बर्गीकरण र संस्थाहरुको अभिलेखिकरण गरी कार्य सञ्चालन ईजाजत पत्र प्रदान गर्ने प्रयोजनको लागि राष्ट्रिय सहकारी नियमन प्राधिकरणले जारी गरेको “बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाको दर्ता अभिलेखिकरण मापदण्ड २०८२” बमोजिम यस संस्थालाई सो प्राधिकरणमा अभिलेखिकरण गर्ने निर्णय अनुरुप आवश्यक प्रक्रिया अगाडि बढाई सो प्राधिकरणबाट मिति २०८२/१२/१६ मा दर्ता प्रमाण पत्र प्राप्त भएको ।

(१०) संस्थाको सञ्चालक समितिका पदाधिकारी एवं सदस्यहरु र व्यवस्थापन तहका कर्मचारीहरु रात विताउने गरी संस्थाको कार्यमा काज जादा संस्थाको आर्थिक प्रशासन नीति २०७६ को दफा ४७ मा भएको साविक व्यवस्थालाई संशोधन गरी वास खर्च र खाना खाजा वापत एकमुष्ठ रु. १,८००।- भूक्तानी दिने र एक दिने भ्रमण वा सो भन्दा बढी दिनको हकमा फर्किएको दिनमा भने एक चौथाई रकम भूक्तानी पाउने गरी संशोधन गरिएको । यसै प्रावधानको आधारमा सञ्चालक वा व्यवस्थापन तहका कर्मचारीहरु कार्यालयको काममा संस्थाको कार्यक्षेत्र भित्र जाँदा खाजा खर्च वापत रु. ४५०।- दिने निर्णय गरिएको ।

(११) राष्ट्रिय सहकारी नियमन प्राधिकरणबाट मिति २०८२/०२/०९ मा जारी गरिएको मापदण्डको परिच्छेद २ को दफा २ को प्रयोजनार्थ यस संस्थामा २०८२ माघ १ गतेको लेखामानको आधारमा शेयर रकम र जगेडा कोष रु. ५,७९,९१,१७७- किटान गरिएको र सो को १०% हुन आउने रकम रु. ५७,९९,११८।- भन्दा बढी रकम संस्थामा सदस्यहरुले बचत जम्मा गर्न नसकिने प्रावधानलाई पालना गर्न व्यवस्थापन तहलाई निर्देशन दिइएको ।

(१२) संस्थाको क्रियाकलाप, गतिविधि साथै वित्तीय अवस्था बारेमा अर्थवार्षिक समिक्षा गरिएको र समिक्षात्मक छलफलमा संस्था जोखिम रहित तवरबाट सुचारु रुपमा सञ्चालन भै रहेको निष्कर्ष आएको ।

(१३) संस्थाको वार्षिक कार्य योजना, सूचना एवं सहकारी प्रवर्द्धनात्मक जानकारी मूलक सन्देश समेटेर संस्थाको पहिचान अभिबृद्धिको लागि २०८३ सालको क्यालेन्डर १२५० थान प्रकाशित गरिएको ।

(१४) ३३ औं स्थापना दिवस २०८२

- २०८२ साल फागुन २१ गतेको प्रतिनिधि सभा निर्वाचनको सन्दर्भमा निर्वाचन आयोगबाट लागू गरिएको आचार संहिताको कारण विगत वर्षहरुकै निरन्तरताको रुपमा आयोजना गरिने २०८२ फागुन १५ गतेको ३३ औं स्थापना दिवसमा कार्यक्रम, समारोहको आयोजना नगरी साँझ दीपावली मात्र गरी प्रतिकात्मक रुपमा स्थापना दिवसको स्मृति गरिएको र विभिन्न कार्यक्रम सहित समारोहका साथ ६९ औं राष्ट्रिय सहकारी दिवसको समेत सन्दर्भमा २०८२ चैत्र २० गते संस्थाको स्थापना दिवस सम्पन्न गरेको ।

स्थापना दिवस समारोह (२०८२ चैत्र २०)

- गोरखा नगर पालिकाका नगर प्रमुख श्री कृष्ण बहादुर राना मगरको प्रमुख आतिथ्यतामा समारोह गरिएको ।

सम्मान कार्यक्रम

- असल बचत कर्ता - शेयर दर्ता नं. १३२ का श्री देवेन्द्र श्रेष्ठ
- असल बचत कर्ता - शेयर दर्ता नं. ५२३ का श्री रुपा जोशी(अघिल्लो बर्ष सम्मान गर्न वाँकी रहेकोले)
- असल ऋणी - शेयर दर्ता नं. ७६३ का श्री निर्मला रोका
- असल ऋणी - शेयर दर्ता नं. ११७८ का श्री शारदा उपरकोटी
- असल ऋणी - शेयर दर्ता नं. १२१७ का श्री पदम कुमारी राना
- जेष्ठ सदस्य - शेयर दर्ता नं. ८४२ का श्री पूर्ण बहादुर थापा क्षेत्री
- जेष्ठ सदस्य - शेयर दर्ता नं. २७७० का श्री लालुमायाँ आले
- विषेष जेष्ठ सदस्य - शेयर दर्ता नं. २६४३ को श्री चन्द्र बहादुर गुरुङ्ग
- विद्यावारिधी - शेयर दर्ता नं. ६४१ का श्री प्रज्वल लामिछाने (पिएचडी)
- सरकारी र नीजि विद्यालयबाट २०८१ सालमा कक्षा १ देखि कक्षा १० सम्म कक्षागत उत्कृष्टता हासिल गर्ने शेयर सदस्यका छोरा, छोरी र एकाघरका नाति, नातिनी, सरकारी र नीजि विद्यालय तर्फ छुट्टा छुट्टै तथा कक्षा ११ र १२ का सर्वोत्कृष्ट विद्यार्थीहरुलाई प्रमाण पत्र सहित नगद रकमबाट पुरस्कृत गरिएको ।

(१५) संस्थाबाट लगानी गरिने रु १० लाख भन्दा वढीको ऋणको लागि ऋण उप समितिबाट आवश्यक राय सुझावका साथ सञ्चालक समिति समक्ष पेश गर्ने र सञ्चालक समितिको बैठकबाट निर्णय गरी लगानी गर्ने गरिएको ।

(१६) संस्थाको वार्षिक कार्यक्रम अनुसार यस संस्थाका जेष्ठ सदस्यहरु ३१ जनालाई २०८२ चैत्र २८ गते हेटौंडाको पाथीभरा, भुटनदेवी मन्दिर, त्रिवेणीधाम र शहिद स्मारक तिर्थाटन एवं अवलोकन भ्रमण गराइएको ।

(१७) ३३ औं स्थापना दिवस र जेष्ठ सदस्य तिर्थाटन कार्यको समिक्षात्मक छलफल गरिएको । स्थापना दिवस र तिर्थाटन कार्यक्रम सफलता पूर्वक सम्पन्न भएको निष्कर्ष ।

(१८) संस्थालाई कर्जा सुचना केन्द्रमा नियमानुसार सदस्यता आवद्धताको लागि निवेदन दर्ता गरी मिति २०८३/०१/१६ मा संस्था दर्ताको प्रमाणपत्र प्राप्त भएको ।

(१९) नियमित सुपरिवेक्षणको माध्यमबाट यस संस्थामा जोखिम मापन, विश्लेषण र पृष्ठपोषण गरी गुणस्तरिय सेवा प्रवाहका साथ सदस्यहरुको वित्तीय आवश्यकता पूर्ति गर्न संस्थालाई सुदृढ र दीगो रुपमा विकास गर्न नेफस्कूनबाट सञ्चालित नियमित निरीक्षण अनुगमन कार्यक्रम SCAN (Supervisory Checks and Analysis for Navigation) मा सहभागिता हुने निर्णयका साथ मिति २०८३/०२/०५ मा सम्झौता भएको ।

(२०) संस्थामा रहेको सदस्यहरुको बचत खाता (सबै किसिमको बचत खाता) मा प्राथमिक पूँजी कोष (शेयर पूँजीको रकम र जगेडा कोष) को १०% भन्दा बढी रकम जम्मा भएको अवस्थामा २०८३ श्रावण १ गते देखि लागू हुने गरी बढी रकमको हकमा व्याज प्रदान नगरिने निर्णय भएको ।

(२१) संस्था SCAN कार्यक्रममा आवद्धता भै सकेको हुनाले सञ्चालक समितिको निर्णय अनुसार संस्थाका सचिव श्री सहदेव प्रसाद श्रेष्ठको संयोजकत्वमा ५ सदस्यीय SCAN कार्यदल गठन गरिएको ।

(२२) सदस्यता राहत कोषबाट क्यान्सर रोगका बिरामी गोरखा नगरपालिका-६, डाँडागाउँ बस्ने शेयर दर्ता नं. १८३२ का श्री कृष्ण बहादुर गुरुङ्गलाई औषधी उपचार खर्च रु. २०,०००।- सहयोग गरिएको ।

(२३) संस्थाका सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति र सल्लाहकार र कर्मचारी समेत गरी १५ जना मिति २०८३ जेष्ठ ३० र ३१ गते सहकारी अध्ययन एवं अवलोकन साथै भ्रमण कार्यक्रमको शिलशिलामा धादिङ्गको मलेखुमा रहेको एक्सेस ब्रान्ड प्राप्त जनकल्याण बचत तथा ऋण सहकारी संस्था लि., नुवाकोटको जिल्ला सहकारी संघको अध्ययन अवलोकनका साथै रसुवा जिल्लाको धुन्चे सदरमुकाम सम्म भ्रमण गरेको र भ्रमण पश्चात समिक्षात्मक छलफल गरेको ।

(२४) संस्थाको कार्यक्षेत्र भित्र रहेको विभिन्न सहकारी संस्था, बैंक तथा वित्तीय संस्थाहरुको आधारभूत व्याजदर साथै बजार समेतको आवश्यकता अध्ययन र विश्लेषण गरी यस संस्थामा सञ्चालनमा रहेको बचत सेवा र ऋण लगानी सेवा तर्फ उपयुक्त ढंगबाट व्याजदर समय समयमा पुनरवलोकन/ परिमार्जन गरिदै आएको छ। सहकारी रजिष्ट्रारको कार्यालयले हालै तोकेको ऋणको सन्दर्भ व्याजदर १३% र स्प्रेड दर ६% रहेकोमा सो मापदण्ड बमोजिम संस्थाले कार्यान्वयन गर्दै आएको छ । संस्थाको स्प्रेड दर हाल ४.४४% रहेको छ ।

(२५) प्रोवेसन कार्यक्रम अन्तर्गत यस संस्थामा समय समयमा भएको स्थलगत निरीक्षणबाट दिइएको सुझावहरुलाई सञ्चालक समितिको बैठकमा आवश्यक छलफलका साथ कार्यान्वयन गर्ने तर्फ आवश्यक कार्यवाही अगाडि वढाउदै लगिएको छ ।

(२६) सञ्चालक समितिका पदाधिकारीहरु समय समयमा कर्मचारीहरुको साथ र सहयोगमा विशेषतः भाखा नाघेको ऋणी सदस्यज्यूहरुको घर दैलोमा भेटघाट गरी भद्र भलाकुसारीका साथ ऋण र व्याज नियमानुसार बुझाउन सचेतनात्मक रुपमा उत्प्रेरित गर्ने कार्य गरिदै आएको छ । यस कार्यबाट अपेक्षित परिणाम नआएको

ऋणी सदस्यहरुलाई आवश्यक कानूनी प्रक्रिया पुऱ्याई ऋण असुली तर्फ विशेष सम्वेदनशिल रुपमा क्रियाशिल रही आएको छ ।

(२७) शेयर सदस्यहरु दिवंगत भएको अवस्थामा नीजको परिवारलाई समवेदना प्रकटको लागि सदस्यता कल्याणकारी कोषबाट नियमानुसार दिइने अधिकतम रु. ५०,०००।- सम्बन्धित सदस्यको बचत खातामा जम्मा गरेको भौचरको प्रतिलिपि सहित घरमा भेटघाट गर्न संस्थाबाट जाने गरिएको छ ।

(२८) संस्थाबाट सामाजिक उत्तरदायित्व अन्तर्गत २०८३ साल असार १८ गते गोरखा लायन्स आँखा सेवा केन्द्रको प्राविधिक सहयोगमा संस्थाको सभाहलमा एक दिने निशुल्क आँखा शिविर सञ्चालन गरिएको र सो कार्यक्रममा आँखा जाँच गर्नेको संख्या महिला २२८ जना, पुरुष १११ गरी जम्मा ३३९ जना, मोती बिन्दु भै शल्यक्रिया गर्नु पर्ने १० जना, आँखामा मासु पलाएको कारण शल्यक्रिया गर्नु पर्ने १ जना, चश्मा वितरण ५९ र निशुल्क औषधी वितरण भएको, दलित वर्ग १३२ जनाले सेवा लिएको ।

(२९) यस संस्थाका शेयर सदस्यहरुले NPI गोरखा अस्पतालमा उपचार गर्दा पाउने छुट बारे यस संस्था र NPI गोरखा अस्पताल बीच सम्झौता भएको र सम्झौता अनुसार टिकट र औषधीमा छुट नहुने, सिटी स्क्यानमा १०% छुट र अन्यमा १५% छुट हुने व्यवस्था भएको । संस्थाका सदस्यहरुले यसै संस्थामा सम्पर्क राखी परिचय पत्र प्राप्त गर्न सक्नु हुनेछ । हाल सम्म २५ जना सदस्यज्यूहरुले परिचय पत्र बनाई सक्नु भएको छ ।

(३०) २०८३ साल असार मशान्त सम्म ऋणी सदस्यज्यूहरुले किस्ताबन्दी ऋण रकम र व्याज बुझाएको खण्डमा लाग्ने हर्जाना पुरै छुट गरिने निर्णय भएको ।

(३१) यस संस्थाको आ.व. २०८१/०८२ को लेखा परीक्षण भै मौज्दात रहेको सहकारी शिक्षा कोषको रु. ८,०१,७५८।६२, सामुदायिक विकास कोषको रु. ८,९६,९५२।९२ र संरक्षित पूँजी फिर्ता कोषको रु. १७,९८,८०९।०६ जगेडा कोषमा सञ्चालक समितिको निर्णय अनुरुप स्थानान्तरण गरिएको ।

(३२) संस्थाको सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति र सल्लाहकारहरुको संयुक्त बैठकबाट आ.व. २०८३/०८४ को वार्षिक नीति तथा कार्यक्रम, योजना र आ.व. २०८३/०८४ को प्रस्तावित बजेट उपर व्यापक रुपमा छलफल गरी पारित गरिएको ।

(३३) सञ्चालक समिति र व्यवस्थापन तहका कर्मचारीहरु बीच समय समयमा संयुक्त बैठक बसी दुबै पक्षको गुनासो, जिज्ञासा र सुझाबहरु प्रति आवश्यक छलफल गर्ने गरिएको ।

(३४) सम्पत्ति शुद्धीकरण निवारण ऐन, २०६४ बमोजिम सीमा कारोबार प्रतिवेदन ( TTR) र शंकास्पद कारोबार प्रतिवेदन (STR) goAMl सफ्टवयर प्रणाली मार्फत सम्बन्धित निकायमा पठाउने व्यवस्था कार्यान्वयन अधिकारीबाट भै रहेको ।

(३५) नेपालका विभिन्न जिल्लाका सहकारी संस्थाहरु यस संस्थाको अध्ययन अवलोकन भ्रमणको रुपमा आउने सहकारी टोलीलाई औपचारिक कार्यक्रमका साथ स्वागत

गर्दै संस्थाबाट गरिएका असल अभ्यासहरुको जानकारी दिई अन्तरक्रियात्मक छलफल गरिएको ।

(३६) सामाजिक सुरक्षा कोषमा आवद्धता हुनु पूर्व सञ्चय कोष कट्टा गरी संस्थामा नै सञ्चय कोष बचत खातामा जम्मा गरिदै आएको रकम सम्पूर्ण सम्बन्धित कर्मचारीलाई २०८३ श्रावण महिना भित्र नै फिर्ता भूक्तानी गरी सञ्चय कोष बचत खाता नै खारेज गर्ने र फिर्ता दिदा ऋण रकम भएमा सो को समायोजन समेत गर्ने निर्णय भएको ।

(३७) संस्थाको सञ्चालक समिति, सल्लाहकार, विभिन्न उप समितिहरु र क्षेत्रीय समितिका संयोजक र सचिवहरु सम्मिलित संयुक्त बैठकबाट संस्थाको आ.व. २०८२/०८३ को वार्षिक समीक्षा गरेको र विशेषतः भाखा नाघेको ऋण उठतिमा सञ्चालक र कर्मचारीहरुको थप क्रियाशिलता आवश्यक भएको निष्कर्ष रहेको ।

(३८) विविध कारणवश संस्थामा उपस्थित भई मासिक बचत बुझाउन असमर्थ सदस्यहरुको सहजताको लागि सदस्यहरुको नाउँमा खोलिएको पेन्सन बचत खाताको रकममा प्राप्त व्याजबाट मासिक बचतमा बुझाउनु पर्ने रकम रु. २००।- समायोजन गरिदै आएकोमा परिवर्तित व्याजदरको कारणबाट सो प्रावधानलाई कायमै राख्न संस्थागत तवरबाट उपयुक्त नदेखिएकोले सो पेन्सन बचत खाता नै खारेज गरी सो रकम हिमचुली बचत खातामा स्थानान्तरण गरिएको र सबै सदस्यहरुले नियमित रुपमा मासिक बचत रु. २००।- बुझाउनु पर्ने, नियमित रुपमा बुझाउनेको हकमा स्थानान्तरण गरिएको सो पेन्सन बचत रकम ईच्छा अनुसार फिर्ता लिन सकिने, मासिक बचत जम्मा गर्न असमर्थ सदस्यज्यूहरुको हकमा सोही स्थानान्तरण गरिएको रकमबाट संस्थाले मासिक बचतमा रकम समायोजन गर्दै लगिने प्रावधान गरिएको साथै पेन्सन बचत खाता खारेज सम्बन्धी सदस्यज्यूहरुमा जानकारीको अभावमा मासिक बचत बुझाउन ढिलाई भएको खण्डमा जरिवाना नलिने निर्णय भएको ।

(३९) राष्ट्रिय सहकारी नियमन प्राधिकरणबाट मिति २०८२/०२/०९ मा जारी भएको मापदण्डको परिच्छेद २ को दफा २ को कार्यान्वयन प्रयोजनार्थ यस संस्थामा २०८३ श्रावण १ गतेको लेखामानको आधारमा शेयर रकम रु. ४,१९,५३,७००।- र जगेडा कोषको रकम रु. २,०२,०७,६७०।१० गरी जम्मा रु. ६,२१,६१,३७०।१० प्राथमिक पूँजी कोषके रकम भएको किटानी गरिएको र सो को १०% ले हुन आउने रकम रु. ६२,१६,१३७।१० भन्दा वढी बचत रकम सम्बन्धित शेयर सदस्यज्यूहरुले संस्थामा गर्न नपाउने सीमा निर्धारण गरिएको ।

(४०) DSIK Germani र नेफ्स्कूनको साझेदारीमा सञ्चालित "Transformation towards a Sustainable resilient agricultural System and towards a Social ecological Financial System" कार्यक्रम अन्तर्गत यस संस्थाको आयोजना र नेफ्स्कूनको प्राविधिक सहयोगमा मिति २०८३/०४/१९ देखि ऐ. २१ गतेसम्म संस्थाको रजत हलमा सम्पन्न भएको Farmer Business Game अनुशिक्षण कार्यक्रममा २६ जना शेयर सदस्यज्यूहरुको सहभागिता रहेको ।

(४१) संस्थाको आ.व. २०८२/०८३ को वाह्य लेखा परीक्षण NFRS लेखामानको आधारमा गोरखा नगरपालिका वडा नं. ९, ठिगुरेस्वाँरा निवासी, सौरब वस्नेत एण्ड एशोसिएट्सका सि.ए. सौरब वस्नेतबाट सम्पन्न गरिएको ।

(४२) गतः साल सम्पन्न संस्थाको ३३ औं वार्षिक साधारण सभाबाट संस्थाको दोस्रो पटकको पुनर्लिखित विनियम, २०८२ छलफलका साथ पारित भएकोमा सो विनियम गोरखा नगरपालिकामा स्वीकृतिको लागि पेश गर्ने सन्दर्भमा हाल पछिल्लो समयमा भएको सहकारी ऐन संशोधन लगायतका सहकारी संस्थासँग सम्बद्ध निकायहरुको मापदण्डलाई समेत समावेश गरी गोरखा नगरपालिकामा पेश गर्न गोरखा नगरपालिकाबाट निर्देशन भए बमोजिम समावेश गरी साविक २०८२ साललाई परिवर्तन गरी तयार गरिएको दोस्रो पटकको पुनर्लिखित विनियम, २०८३ गोरखा नगरपालिकाबाट स्वीकृत भएको ।

(४३) संस्थाको गत वर्ष सम्पन्न ३३ औं वार्षिक साधारण सभाले संस्थालाई आवश्यक पर्ने नीति, कार्यविधिहरु संशोधन एवं निर्माण समेत गरी कार्यान्वयनमा ल्याउन सञ्चालक समितिलाई अख्तियारी दिए अनुसार संस्थाबाट निर्वाचन कार्यविधि, २०८३ र साधारण सभा सञ्चालन कार्यविधि, २०८३ तयार गरी सञ्चालक समितिबाट छलफल साथ पारित गरिएको ।

(४४) संस्थामा सदस्य संख्या दुई हजार भन्दा वढी भै एकै ठाउँमा भेला गरी वार्षिक साधारण सभा गर्न कठिन हुने भएको कारण सदस्य संख्या एवं भौगोलिक क्षेत्रलाई दृष्टिगत गरी वढीमा ७ वटा एकाई गठन गरी समान कार्यसूचि उपर छलफल गर्न एकाईगत साधारण सभा गर्नु पर्ने प्रावधान सहकारी ऐन, २०७४ को दफा ५ एवं सहकारी नियमावली, २०७५ को नियम १८ (५) मा भएको र यस संस्थामा हाल २५९४ जना सदस्य भएकोले यस संस्थाको ३४ औं वार्षिक साधारण सभा एवं १६ औं अधिवेशन सम्पादन गर्ने सन्दर्भमा सञ्चालक समितिबाट निम्न बमोजिम निर्णय भएको ।

(क) संस्था अन्तर्गतको साविक ७ वटा क्षेत्रीय समितिको कार्यक्षेत्रलाई अंकित गरिएको क्षेत्र नं. को क्रमलाई नै एकाई नं. मा परिणत गरिएको ।

(ख) एकाईगत साधारण सभा मिति २०८३ असोज १६ गते देखि ऐ. २२ गतेसम्म एकाई नं. शुरु क्रम देखि क्रमशः प्रत्येक दिन संस्थाको रजत हलमा सम्पन्न गर्ने । एकाईगत वार्षिक साधारण सभामा उपस्थित हुने शेयर सदस्यहरुलाई खाजा/यातायात खर्च वापत कर कट्टा गरी रु. १,०००।- नगद दिने ।

(ग) मिति २०८३ असोज २९ गते एकाई प्रतिनिधिहरुको सहभागितामा निर्णय प्रमाणिकरण सभा संस्थाको सभाहलमा दिनको ११:०० बजे गर्ने र सो निर्णय प्रमाणिकरण सभाको लागि सञ्चालक समितिको संख्याको दोब्बरमा नघटाई एवं तेब्बरमा नवढाई निम्न बमोजिम एकाई प्रतिनिधि संख्या चयन गर्ने निर्णय भएको ।

| एकाई १ | एकाई २ | एकाई ३ | एकाई ४ | एकाई ५ | एकाई ६ | एकाई ७ | जम्मा |
|---|---|---|---|---|---|---|---|
| सदस्य संख्या | सदस्य संख्या | सदस्य संख्या | सदस्य संख्या | सदस्य संख्या | सदस्य संख्या | सदस्य संख्या | |
| ५५७ | ५०८ | ३५१ | ३९६ | ३७१ | २२१ | १९० | २५९४ |
| प्रतिनिधि | प्रतिनिधि | प्रतिनिधि | प्रतिनिधि | प्रतिनिधि | प्रतिनिधि | प्रतिनिधि | |
| ५ | ५ | ३ | ४ | ४ | ३ | ३ | २७ जना |

(घ) संस्थाको १६ औं अधिवेशनमा नयाँ नेतृत्व चयनको लागि सञ्चालक समिति र लेखा सुपरिवेक्षण समितिको निर्वाचन नियमानुसार सम्पादन गर्न निम्न बमोजिम निर्वाचन उप समिति गठन गरिएको ।

निर्वाचन उपसमिति,

संयोजक - श्री यादव प्रसाद शर्मा (अधिवक्ता)

सदस्य - श्री सरोज अर्याल (शेयर सदस्य)

सदस्य - श्री सन्तोष जैसी, प्रशासन सहायक (गोरखा नगरपालिका प्रतिनिधि)

सो निर्वाचन उप समितिबाट सञ्चालित निर्वाचन कार्यक्रम बमोजिम संस्थाको सञ्चालक समिति र लेखा सुपरिवेक्षण समितिमा निम्न बमोजिम व्यक्तिहरु निर्विरोध निर्वाचित भएको घोषणा गरिएको र प्रमाण वितरण र शपथ ग्रहण कार्यक्रम बुँदा नं. ४५ 'ग' बमोजिम हुने प्रमाणिकरण सभामा गरिने जानकारी निर्वाचन उप समितिबाट प्राप्त भएको ।

| सञ्चालक समिति | | | | |
|---|---|---|---|---|
| **क्र.सं.** | **पद** | **नामथर** | **शे. द. नं.** | **मतदाता क्रमाङ्क** |
| **१.** | **अध्यक्ष** | **श्री ऋषिराम सापकोटा** | **४** | **४** |
| **२.** | **उपाध्यक्ष** | **श्री सहदेव प्रसाद श्रेष्ठ** | **२२** | **१९** |
| **३.** | **सचिव** | **श्री केशव वस्नेत** | **३५५** | **३१२** |
| **४.** | **कोषाध्यक्ष** | **श्री बीर बहादुर वस्नेत** | **११६** | **९५** |
| **५.** | **सदस्य** | **श्री गायत्री सिलवाल** | **११३** | **९२** |
| **६.** | **सदस्य** | **श्री शंकरमान श्रेष्ठ** | **६१३** | **५४३** |
| **७.** | **सदस्य** | **श्री डिल्ली प्रसाद श्रेष्ठ** | **१२७३** | **११४४** |
| **८.** | **सदस्य** | **श्री रामजी प्रसाद न्यौपाने** | **१३५३** | **१२२१** |
| **९.** | **सदस्य** | **श्री रञ्जु श्रेष्ठ** | **३६०** | **३१७** |
| **लेखा सुपरिवेक्षण समिति** | | | | |
| **क्र. सं.** | **पद** | **नामथर** | **शे. द. नं.** | **मतदाता क्रमाङ्क** |
| **१.** | **संयोजक** | **श्री रामचन्द्र आचार्य** | **६५** | **५०** |
| **२.** | **सदस्य** | **श्री भाईकाजी श्रेष्ठ** | **३३१** | **२९०** |
| **३.** | **सदस्य** | **श्री अमृत बि. क.** | **९२८** | **८२४** |

(ङ) एकाई साधारण सभामा छलफलका साथ पारित गर्न समान कार्यसूचिहरु सञ्चालक समितिबाट निर्धारण गरिएको ।

(च) निर्वाचन कार्यको प्रक्रियागत चरण शुरु हुनु अगावै एकाई साधारण सभामा शेयर सदस्यहरुलाई उपस्थितिको लागि संस्थाबाट लेखिएको पत्र प्रभावकारी

रुपमा वितरण गर्न क्षेत्रीय उप समिति जवाफदेही हुने गरी जिम्मेवारी दिइएको ।

(४५) संस्थाको ३४ औं वार्षिक साधारण सभामा प्रस्तुत गरिने वार्षिक प्रगति प्रतिवेदन र आर्थिक प्रतिवेदनहरु सञ्चालक समितिको बैठकमा छलफल गरी पारित गरिएको ।

(४६) २०८३ भदौ १० गते रसुवाको भोटेकोशी नदीमा आएको प्रलयकारी बाढीबाट पीडितहरुको राहत उद्धारको लागि यस संस्थाबाट रु. १५,०००।- संस्थाको निर्णयानुसार सहयोग गरिएको ।

(४७) यस संस्थाको आ.व. २०८३/०८४ को लेखा परीक्षणको लागि :

(१) एम.एस.जि. एण्ड एसोसिएट्स, चार्टड एकाउन्टेन्टस्, सि.ए. मधु सुदन गिरी, बालुवाटार-३,काठमाण्डौं ।

(२) गोपाल श्रेष्ठ एण्ड कं. चार्टड एकाउन्टेन्टस्, सि.ए. स्नेहा श्रेष्ठ, ललितपुर ।

(३) पाण्डे एस. एण्ड एसोसिएट्स, सि.ए. सुस्मिता पाण्डे, भरतपुर-१२, चितवन ।

(४) न्यौपाने वाई एण्ड एसोसिएट्स, सि.ए. योगेश न्यौपाने, चारदोबाटो-३, भक्तपुर ।

(५) एस. आर. सिप्खान एण्ड एसोसिएट्स, सि.ए. संगम राज सिपखान, काँडाघारी, काठमाण्डौं र

(६) दिपेन्द्र फुयाल एण्ड एसोसिएट्स, सि.ए. दिपेन्द्र फुयाल, काठमाण्डौं, नेपाल ।

समेत ६ वटा एसोसिएट्सहरुबाट निवेदन पर्न आएकोमा सञ्चालक समितिको बैठकले निम्न बमोजिम चयन गरेको छ ।

- गोपाल श्रेष्ठ एण्ड कं. चार्टड एकाउन्टेन्टस्, सि.ए. स्नेहा श्रेष्ठ, ललितपुर ( रु. १,५०,०००।-भ्याट समेत)

**बैकल्पिक**

- न्यौपाने वाई एण्ड एसोसिएट्स, सि.ए. योगेश न्यौपाने, चारदोबाटो-३, भक्तपुर (रु. १,५०,०००।-भ्याट समेत)
- पाण्डे एस. एण्ड एसोसिएट्स, सि.ए. सुस्मिता पाण्डे, भरतपुर-१२, चितवन (रु. १,५०,०००।-भ्याट बाहेक)

(४८) संस्थाको सदस्यता बन्दा शेयर रकमको २५% को दरले सदस्यता कल्याणकारी कोषमा जम्मा गरिएको रकम सम्बन्धित सदस्यले संस्थाको सदस्य छोड्दा फिर्ता दिने निर्णय गरिएको ।

(४९) संस्थाको कार्यलाई सुशासन, प्रवर्द्धनका साथ प्रभावकारी रुपमा गुणस्तरिय तवरबाट सञ्चालन गरी संस्थाको दीगो विकास र सुदृढिकरणमा आवश्यक भूमिका व्यवस्थापन तहको हुने तथ्यलाई मनन गरी संस्थाको वित्तीय स्थितिको विश्लेषण गर्दै कर्मचारीहरुलाई थप प्रोत्साहित गर्न कर्मचारीहरुको शुरु तलब स्केलको १०% रकम प्रोत्साहन भत्ता २०८३ कात्तिक १ देखि लागू हुने गरी आगामी साधारण सभाबाट अनुमोदन गर्ने गराउने गरी दिने निर्णय गरियो ।

(५०) संस्थाको ३४ औं वार्षिक साधारण सभाको शिलशिलामा एकाईगत रुपमा हुने ७ वटा एकाई साधारण सभामा प्रस्तुत गरिने संस्थाको आ.व. २०८२/०८३ को वार्षिक प्रगति प्रतिवेदन र आ.व. २०८२/०८३ को वार्षिक आर्थिक प्रतिवेदन र

आ.व. २०८३/०८४ को प्रस्तावित बजेट बारेमा सञ्चालक समितिको वैठकमा छलफल भै पारित भएको ।

**१०. आ.व. २०८२/०८३ को नीति तथा कार्यक्रमहरु :**

संस्थालाई मर्यादित र व्यवसायीकरण गरी दीगो, भरपर्दो र विश्वसनिय रुपमा स्थापित गर्न विगत वर्षहरुमा संस्थाले अंङ्गिकार गरेको नीति तथा कार्यक्रमहरुको कार्यान्वयनको अवस्थालाई विश्लेषण गर्दै सदस्यहरुको भावनालाई आत्मसात् गर्ने प्रयासका साथ संस्थाबाट आ.व. २०८३/०८४ को लागि निम्न बमोजिमको नीति तथा कार्यक्रमहरु तय गरिएको छ ।

**बचत सेवा :**

१. शेयर सदस्यहरुको अपनत्व ग्रहण गर्ने कारक तत्व संस्थाको मूल पूँजीको रुपमा रहेको मासिक बचत रकम रु. २००।- नियमित रुपमा शेयर सदस्यज्यूहरुले संस्थामा बचत गर्नु पर्ने अनिवार्यतालाई दृष्टिगत गरी सो को सूचना सम्बन्धित शेयर सदस्यहरुलाई प्रभावकारी रुपबाट सूचना सम्प्रेषण गरिनेछ ।

२. विविध कारणवश नियमित रुपमा मासिक बचत रकम संस्थामा जम्मा गर्न नसक्ने सदस्यहरुले संस्थामा रु. ३०,०००।- को पेन्सन बचत खाता खोल्न लगाई सो को व्याज रकमबाट संस्थाले नियमित रुपमा मासिक बचत जम्मा गरिदिने व्यवस्था गरिदै आएकोमा पेन्सन बचत खातामा रहने रकमलाई समय सापेक्ष व्याजदरसँग तादात्म्य हुने व्यवस्था आवश्यकता बमोजिम गर्दै गइनेछ ।

३. एक वर्ष भन्दा वढी अवधी सम्म मासिक बचत नगर्ने सदस्यहरुलाई संस्थाले आवश्यक कारण सोध्न सक्नेछ । तत् पश्चात पनि मासिक बचत जम्मा नगर्ने सदस्यहरुलाई संस्थाबाट प्रदान गरिने सेवा सुविधाबाट वञ्चित गर्ने तर्फ आवश्यक कारवाही अगाडि वढाइनेछ ।

४. जीवनको उत्तरार्द्ध अवस्थामा सदस्यहरुले जीवनयापनमा सहजताको अनुभूति गरी संस्था प्रति सद्‌भाव जागृत हुने उद्देश्यबाट मासिक बचत २० वर्षसम्म जम्मा गरेको र ६५ वर्ष उमेर पूरा भएका सदस्यहरुलाई जम्मा गरेको/भएको रकमको ५० प्रतिशत फिर्ता दिने गत वर्ष कै प्रावधान र कार्यान्वयनलाई निरन्तरता दिइनेछ । आ. व. २०८२/०८३ मा यो प्रावधान बमोजिम ३ जना शेयर सदस्यहरुले फिर्ता लैजानु भएको जानकारी गराईन्छ ।

५. शेयर सदस्यहरुले आफ्नो मासिक बचत लगायत अन्य बचत रकमहरुको विश्वसनिय र सुरक्षित निश्चितताको लागि समय समयमा संस्थामा सम्पर्क राखी मासिक विवरण अध्ययनको लागि सदस्यहरुलाई सरल र सहज पहुँचको व्यवस्थापन गरिनेछ ।

६. विविध कारणबश मासिक बचत रकम नियमित हुन नसकेका सदस्यहरुलाई पूर्व जानकारी गराई लाभांश र संरक्षित पूँजी फिर्ता कोषबाट वितरित रकम सम्बन्धित

सदस्यको नाउँमा संस्थामा जम्मा भएको हिमचुली बचत खाताबाट मिलान गरिने कार्यलाइ निरन्तरता दिइनेछ ।

७. मासिक बचत सहित बचतका कम्तिमा पनि ३ वटा विधाहरुमा सहभागी हुनु भएका सदस्यहरुलाई बचत वापत संस्थाबाट प्रदान गरिएको व्याज रकम र नियमित रुपमा ऋण रकम बुझाउने सदस्यहरुलाई संस्थामा बुझाएको व्याज रकमको आधारमा संरक्षित पूँजी फिर्ता कोषबाट रकम वितरण गरिने भएकोले यसको जानकारी सम्बन्धित सदस्यहरुले राख्नु पर्ने आवश्यकतालाई दृष्टिगत गरी शेयर सदस्यहरुलाई विभिन्न माध्यमबाट जानकारी गर्ने गराउने गरी आएको कार्यलाई महत्वका साथ निरन्तर रुपमा कार्यान्वयन गरिनेछ ।

८. सदस्यहरुको बचत रकमको सुरक्षाको सुनिश्चितता र विश्वसनियता प्रति संस्था सदैव प्रतिवद्ध रहेको हुँदा बचत रकम परिचालनमा जोखिम रहित तवरबाट कार्य सञ्चालन गर्न विशेष सम्वेदनशिलता अपनाइनेछ ।

९. सदस्यहरुको बचत खाताहरुको रकमको गोपनियताको प्रत्याभूति गर्दै संस्थामा तरलताको सदैव उपयुक्त व्यवस्थापन गरिनेछ ।

१०. प्राथमिक पूँजी कोषको १० प्रतिशत भन्दा वढी रकम संस्थामा जम्मा गर्न नसकिने प्रावधानलाई निरन्तरता दिइनेछ ।

११. बजार प्रतिनिधिबाट गरिने दैनिक बचत संकलन प्रक्रियाबाट संस्थालाई प्राप्त उपलब्धीलाई दृष्टिगत गरी विश्लेषणात्मक अध्ययन गरिनेछ ।

**ऋण सेवा :**

१२. संस्थाबाट प्रदान गरिने नियमानुसारको ऋण कुनै पनि धर्म, वर्ण, लिङ्ग, जात जाति समुदायको आधारमा नगरी समान वर्गको हैसियतका साथ गरिदै आएको र कुनै विभेदपूर्ण तरिकाबाट सदस्यहरुलाई ऋण प्रवाह संस्थाबाट गरिएको पाइएको अवस्थामा तुरुन्त आवश्यक प्रतिक्रिया एवं पृष्ठपोषण प्राप्तिको लागि संस्था सदा आभारीका साथ कृतज्ञ हुनेछ ।

१३. संस्थाबाट ऋण प्रदान गर्दा उत्पादनमूलक, आयमूलक, र रोजगार जन्य व्यवसायलाई ध्यानमा राख्दै कृषि एवं पशुपंक्षि जन्य उद्योगलाई पहिलो प्राथमिकता दिइनेछ ।

१४. संस्थाबाट प्रवाह गरिने ऋण ५ सि (Character, Capacity to Pay, Capital Structure, Collateral, Condition) लाई सूक्ष्म तवरबाट विश्लेषणात्मक अध्ययन पश्चात मात्र ऋण प्रदान गरी सुरक्षित ऋणको सुनिश्चितताको प्रत्याभूति गरिने विगतको अभ्यासलाई थप प्रभावकारी बनाइनेछ ।

१५. संस्थामा हुन सक्ने खराब ऋणीहरुको पहिचान गरी नियामक निकायहरुसँग आवश्यक समन्वय गरी ऋणीलाई उपलब्ध भैरहेको र प्रदान गरिने सेवा सुविधाहरु रोक्का गर्ने तर्फ संस्थाबाट कार्यान्वयन तर्फ ठोस रुपमा पाइला चालिनेछ ।

१६. ऋण सदुपयोगिता निरीक्षणबाट सफल व्यवसायीको रुपमा देखिएका उद्यमीहरुलाई उत्कृष्ट व्यवसायको अध्ययन अवलोकन भ्रमणको व्यवस्था गरिनेछ ।

१७. सफल व्यवसायीहरुलाई सूचिकृत गराई सो मध्येबाट नै अनुभवी र विज्ञ व्यवसायीलाई श्रोत व्यक्ति (Resource Person) छनौंट गरी सम्बन्धित व्यवसायको समूह बनाई व्यवसाय विस्तार र प्रवर्द्धनको लागि आवश्यक प्रशिक्षण एवं अन्तरक्रिया कार्यक्रमको आयोजना गरिनेछ ।

१८. राष्ट्रिय सहकारी नियमन प्राधिकरणको नियमकिय मापदण्ड अनुसार संस्थाका सञ्चालक समिति, लेखा सुपरिवेक्षण समितिका पदाधिकारी एवं सदस्यहरुले बचत रकम धितो राखी पाउने ऋण वाहेक अन्य ऋण लिन पाउने छैन ।

१९. ऋण प्रवाह गर्दा ऋण माग निवेदनको दर्ता क्रमलाई प्राथमिकता दिई कार्यवाही अगाडि वढाइने व्यवस्था मिलाइनेछ ।

२०. शेयर सदस्यहरुले संस्थामा जम्मा गरेको आफ्नै बचत रकमको धितोमा पाइने ऋण रकममा संस्थामा बुझाउनु पर्ने सेवा शुल्कमा सहुलियत गर्न सकिने पक्ष तर्फ आवश्यक गृहकार्य गरिनेछ ।

२१. व्यवसाय सञ्चालन गर्ने ऋणी सदस्यहरुले समयमै ऋणको किस्ता बुझाउन नसक्ने भएमा तत्काल समयमा नै संस्थामा उपस्थित भै व्यवसाय सञ्चालनको अवस्था सहित विस्तृत रुपमा लिखित जानकारी संस्थामा दिनु पर्ने र सो सम्बन्धमा व्यवसाय प्रवर्द्धन उपसमितिबाट आवश्यक अनुगमन गरी राय सहितको प्रतिवेदन संस्थामा पेश गर्नु पर्ने व्यवस्था गरिनेछ । साथै उक्त प्रतिवेदनलाई आधार मानी व्यवसायी मैत्री रुपमा किस्ताको समय घटवढ (पुनर्तालिकीकरण) गर्न सकिनेछ

२२. भाखा नाघेको ऋणी सदस्यहरुलाई संस्थाबाट गरिएको र गरिने भद्र परामर्श पश्चात अपेक्षित उपलब्धी नभएमा संस्थामा जमानत वापत राखेको धितो लिलाम बिक्री तर्फ आवश्यक प्रक्रिया अगाडि वढाइनेछ । व्यक्ति जमानी राखी लगानी गरिएको ऋणको हकमा विविध कारणवश ऋणी सदस्यबाट ऋण असुली हुन नसकेमा जमानीकर्ता मार्फत ऋण असुलीको लागि प्रक्रिया अगाडि वढाइनेछ ।

२३. ऋणी सदस्यहरुले लामो समय अगाडि देखि जमानत वापत संस्थामा राखेको धितोको वर्तमान परिवेशको अध्ययन गरी सो धितोको पूनर्मूल्याङ्कन गरेर मात्र पुनः ऋण दिने र खराब ऋणको हकमा लिलाम विक्री गर्ने व्यवस्था गरिनेछ ।

२४. खराब ऋणीको सुचिमा किटानी दर्ता भएका ऋणी सदस्यहरुलाई संस्थामा बुझाउनु पर्ने सम्पूर्ण ऋण रकम चुक्ता गरेको खण्डमा सहुलियत रुपमा बुझाउनु पर्ने व्याजमा केही प्रतिशत व्याज छुट दिइने व्यवस्था गरिनेछ ।

२५. भाखा नाघेको ऋणी सदस्यहरुलाई समय समयमा समूह भेला गरी ऋण समयमा संस्थामा नबुझाउदा पर्न सक्ने भावी असर र ऐन कानून बारे जानकारी दिन सचेतना तथा कानूनी साक्षरता कार्यक्रम गरिनेछ ।

२६. वैदेशिक रोजगारबाट सम्बन्धित देशको प्रावधान वा विविध कारणबाट वाध्यात्मक रुपमा स्वदेश फिर्ता भएका संस्थाका सदस्यज्यूहरुलाई सहुलियत व्याजदरमा व्यावसायिक ऋण प्रदान गरिनेछ । सदस्यका परिवारको हकमा पनि सदस्यलाई यो सुबिधा प्रदान गरिनेछ ।

२७. राष्ट्रिय सहकारी नियमन प्राधिकरणबाट स्वीकृत भएको मापदण्ड बमोजिम मासिक बचतको ५ गुणा वा रु. ३,००,०००।- मध्ये जुन कम हुन्छ सो रकम बिना धितो कम्तिमा २ जना सदस्यको जमानीमा ऋण लिन सक्ने प्रावधानलाई निरन्तरता दिइनेछ ।

२८. सुरक्षित लगानीको प्रत्याभूति सहित संस्थाबाट प्रवाह भएको ऋणको विवरण कर्जा सूचना केन्द्रमा पठाइने कार्यको थालनी गरिनेछ ।

२९. खराब ऋणीको सूचिमा परेका ऋणी सदस्यहरुको ऋण असुलीको लागि संस्थाबाट गरिएको प्रयासमा सम्बन्धित ऋणी सदस्यले पटक पटक असहयोग गरी ऋण नबुझाउने दुस्साहस गरेमा वा धितो लिलामीको लागि सहज वातावरण सिर्जना नगरेमा ऋण असुली न्यायधीकरण समक्ष कारण खोली आवश्यक कागजातका साथ ऋण असुलीको लागि कानूनी प्रक्रिया अगाडि वढाइनेछ ।

३०. संस्थाले ऋणी सदस्य स्वयं वा नीजका एकाघर परिवारको नाउँमा रहेको धितोमा मात्र ऋण लगानी गरिने मापदण्डलाई निरन्तर रुपमा कार्यान्वयन गरिनेछ ।

**महिला लक्षित :**

३१. महिला उपसमिति मार्फत महिलाहरुको शिप क्षमता अभिवृद्धि एवं सशक्तिकरण कार्यक्रमको आयोजना गरिनेछ ।

३२. दुई पटक सम्म बच्चा जन्माउदा प्रसुति राहत खर्च वापत महिला सदस्यहरुलाई दिइदै आएको रु. २,०००।- दिने कार्यलाई निरन्तरता दिइनेछ ।

३३. व्यावसायिक एकल महिला शेयर सदस्यहरुलाई सुलभ व्याजदरमा ऋण प्रदान गरी व्यवसायलाई दीगोपना दिई सफल वनाउनका लागि जीवन सार्थक उत्प्रेरक कार्यक्रम सञ्चालन गरिनेछ ।

३४. महिलाहरुलाई प्रजनन र स्वास्थ्य सम्वन्धी जन चेतनात्मक कार्यक्रमका साथ स्वास्थ्य शिविरको व्यवस्थापन गरिनेछ ।

३५. महिला हिंसा र घरेलु हिंसाको बारेमा साथै पारिवारिक एवं सामाजिक अन्तर सम्बन्ध सुमधुर स्थापित गर्न महिलाहरुको भूमिका र दायित्व सम्बन्धमा सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

**शिक्षा :**

३६. शेयर सदस्यहरुका कक्षा १ देखि कक्षा १० सम्म अध्ययनरत एकासँगोलका छोरा छोरी एवं नाति नातिनीहरु मध्ये कक्षागत उत्कृष्टताको आधारमा संस्थागत र सामुदायिक विद्यालयवाट १/१ जनालाई र कक्षा ११ र १२ वाट १/१ जनालाई पुरस्कृत गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

३७. संस्थाको कार्यक्षेत्र भित्रको असहाय र गरिबीको कारण अध्ययनवाट वञ्चित हुने अवस्था सिर्जना भएका शेयर सदस्य वा गैह्न सदस्य समेतको छोरा/छोरी मध्ये १/१ जनालाई सरकारी विद्यालयमा अध्ययन गर्न निर्धारित कार्यविधि बमोजिम "**हिमचुली छात्रवृत्ति**" प्रदानको कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

३८. संस्थाको विश्वसनियता एवं सुरक्षा सुनिश्चितताको प्रत्याभूतिको लागि शेयर सदस्य तथा गैर सदस्यहरु समेतमा निकट सम्वन्ध स्थापित गर्दै वित्तीय साक्षरता एवं सहकारी शिक्षाका कार्यक्रमहरु निरन्तर रुपमा गरिनेछन् ।

३९. संस्थाको कार्यक्षेत्र भित्रका विपन्न वर्गका शेयर सदस्य तथा गैर सदस्यका छोरा छोरीहरुलाई विद्यालय एवं उच्च शिक्षा अध्ययनमा थप सहजताको लागि केही आर्थिक एवं भौतिक सामग्रीहरुको सहयोग गर्ने व्यवस्था मिलाइनेछ ।

४०. सहकारीको प्रवर्द्धनार्थ प्रचारात्मक अभियान अन्तर्गत माध्यमिक विद्यालयका विद्यार्थीहरुलाई दिदै आएको सहकारी शिक्षा कार्यक्रमलाई थप विस्तार गरिनेछ ।

४१. विद्यार्थीहरुको प्रतिभा उजागरका लागि अतिरक्ति क्रियाकलापका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

**यूवा लक्षित :**

४२. वैदेशिक रोजगारवाट सिप, क्षमता र अनुभव प्राप्त गरी स्वदेश फर्किएका यूवाहरुलाई उत्पादन मूलक, आयमूलक एवं रोजगार मूलक कृषि एवं पशुपंक्षी जन्य ब्यवसायको लागि संस्थावाट सुलभ ब्याजदरमा ऋण प्रदान गरिनेछ ।

४३. यूवाहरुको सञ्जाल बनाई "यूवासँग सहकारी" भन्ने नारालाई सार्थकतामा परिणत गर्न क्षेत्रगत रुपमा भेला गरी यूवाहरुलाई सहकारीमा आवद्धताको लागि उत्प्रेरक सचेतनात्मक कार्यक्रमको आयोजना गरिनेछ ।

४४. परिवर्तनको संवाहकको रुपमा रहेका यूवाहरुलाई संस्थाबाट तथा अन्य सम्बन्धित निकायसँग समन्वय गरी उपयुक्त व्यावसायिक तालिम प्रदानको लागि पहल गरिनेछ ।

**ब्यवसाय प्रवर्द्धन :**

४५. संस्थाको बेरोजगार सदस्यहरुलाई स्वरोजगार भई आत्मनिर्भरताको लागि आवश्यकता एवं प्राथमिकताको आधारमा तालिम सञ्चालनको ब्यवस्था मिलाइनेछ ।

४६. नियामक निकायमा व्यवसाय दर्ता गरी सञ्चालन गरेका असल व्यवसायीहरुलाई व्यवसाय प्रवर्द्धन उपससमितिको सिफारिसमा सञ्चालक समितिको निर्णय अनुसार व्यवसाय विस्तारका लागि ऋण लगानी गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

४७. ऋण सदुपयोगिताको शिलशिलामा व्यवसाय निरीक्षणको क्रममा व्यवसायको निरन्तरता तथा दीगोपनाको पक्षलाई दृष्टिगत गरी सम्भावित जोखिमको विश्लेषणात्मक अध्ययन गरी सो को पृष्ठपोषण सम्बन्धित व्यवसायी समेतलाई दिइनेछ।

४८. ब्यवसाय प्रवर्द्धन उप समितिको समन्वयमा महिलाहरुलाई आय आर्जनमूलक ब्यवसायको लागि आवश्यक तालिमको ब्यवस्थापन गरिनेछ। यसमा सामूहिक उत्पादन प्रणालीमा अगाडि वढ्नका लागि विशेष उत्प्रेरित गरिनेछ ।

४९. महिला उद्यमी सदस्यहरुले स्थानिय श्रोत एवं साधनहरु उपयोग गरी उत्पादन गरेका सीपमूलक घरेलु उत्पादनका वस्तुहरुलाई बजारीकरण गर्न संस्थाबाट आवश्यक परामर्श एवं समन्वय गरिनेछ साथै सुलभ व्याजदरमा संस्थाबाट आवश्यक ऋण प्रदान गरिनेछ।

५०. ब्यवसाय वा उद्योग सञ्चालन गरिरहनु भएका वा गर्ने सोंच भएका उद्यमी सदस्यहरुलाई विषयगत उद्योग वा ब्यवसाय सम्वन्धी प्रशिक्षणको कार्यक्रम सञ्चालन गरिनेछ ।

**सुशासन प्रवर्द्धन :**

५१. संस्थाको मालिकको रुपमा रहनु भएका शेयर सदस्यहरुलाई संस्थामा सेवा लिन आउदा आतिथ्यता पूर्वक सौहाद्रता पूर्ण तवरवाट First Come First Serve को रुपमा सेवा प्रदान गरिनेछ ।

५२. राष्ट्रिय सहकारी नियमन प्राधिकरणबाट मिति २०८२/०२/०९ मा जारी गरिएको साथै संशोधित गरिएका मापदण्ड र संशोधन गरिएको सहकारी ऐन संस्थामा क्रमश: कार्यान्वयन गरिदै लगिनेछ ।

५३. संस्थाको वित्तीय सक्षमता र ब्यवस्थापकिय कार्यकुशलता मापन गर्ने PROBATION अन्तर्गतको साधन PEARLS र HIMAL सूचकांकहरुको बस्तुनिष्ठ तवरले सुक्ष्म रुपबाट थप विश्लेषणात्मक अध्ययन गरी PROBATION ब्रान्ड प्राप्त गर्न आवश्यक रणनीतिहरु अबलम्वन गर्नका लागि जोखिम न्यूनीकरण, गुणस्तर सुनिश्चितता एवं संस्थागत विकासका लागि नेफ्स्कूनबाट सञ्चालित नियमित निरीक्षण तथा अनुगमन कार्यक्रम (SCAN) मा अर्थपूर्ण सहभागी जनाइनेछ ।

५४. संस्थामा नीति, विधि र प्रविधिमा आधारित रही सुशासन स्थापनाको लागि सदैव प्रयत्नशिल रहनेछ । "उद्यमशीलता र पारदर्शिता: सहकारीको प्राथमिकता" भन्ने तथ्यलाई मनन गर्दै आन्तरिक नियन्त्रण प्रणालीलाई थप सशक्त ढंगवाट मजबुत वनाइनेछ ।

५५. संस्थाको दिगोपन र सुदृढिकरणका लागि नेफ्स्कूनवाट सञ्चालन भएको स्तरिकरण कार्यक्रम PROBATION को ब्रान्ड प्राप्तिका लागि समस्यामा रहेको भाखा नाघेको ऋण ५% भन्दा कम हुनु पर्ने सूचकको सन्दर्भमा विशेषत: भाखा नाघेको ऋणी सदस्यज्यूहहरुलाई संस्था प्रति अपनत्व भाव राखी सम्वेदनशिल भै नैतिक एवं चारीत्रिक सम्पत्तिलाई स्थापित गर्दै संस्थालाई सहज ढंगवाट सहयोग गर्न संस्थावाट निरन्तर रुपमा सदस्यहरुलाई सौहाद्रपूर्ण ढंगवाट अभिप्रेरित गर्ने कार्यलाई जारी नै राखिनेछ ।

५६. यस संस्थावाट गरिने हरेक क्रियाकलाप एवं गतिविधिहरु सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५, राष्ट्रिय सहकारी नियमन प्राधिकरणको नियामकिय मापदण्ड, सहकारी मापदण्ड एवं दिग्दर्शन, समय समयमा भएको ऐन नियमको संशोधन र संस्थावाट तयार भएको विनियम, नीति, कार्यविधि अनुसार सञ्चालन गरी संस्थामा सुशासन स्थापित गरिनेछ ।

५७. सम्पत्ति सुद्धिकरण ऐन २०६४ मा व्यवस्था भएको प्रावधान अनुरुपका रिपोर्टहरु सम्बन्धित निकायमा पठाइने कार्यलाई निरन्तरता दिइनेछ ।

५८. संस्थाको विश्वसनियता तथा संस्था प्रतिको सदस्यहरुको दृष्टिकोण एवं धारणाहरुलाई उजागर गराउनका लागि सदस्यता सन्तुष्टी सर्भेक्षण गर्ने कार्यलाई अगाडि वढाई पृष्ठपोषण लिने कार्य गरिनेछ ।

५९. संस्थामा मितब्ययिताको सिद्धान्तलाई अबलम्वन गर्दै संस्थाको सम्पत्ति दुरुपयोग हुन नदिने एवं भ्रष्ट्राचार र दूराचार प्रति सुन्य शहनशिलताको नीति अख्तियार गरिनेछ ।

६०. संस्थालाई प्रभावकारी, गतिशिल एवं प्रभावकारी रुपमा चलायमान वनाउनका लागि ४ वर्षे रणनीतिक योजनाको निर्माण गर्ने कार्यलाई अगाडि वढाइनेछ ।

६१. संस्थाको वार्षिक साधारण सभा सञ्चालन भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मान्त्रालयको सहकारी संस्थाको साधारण सभा (कार्यव्यवस्था) निर्देशिका, २०७६ अनुसार गर्ने व्यवस्था मिलाइनेछ ।

६२. आ.व. २०८३/०८४ मा मौजुदा सञ्चालक समिति लगायतको कार्यकाल समाप्त भई निर्वाचन प्रक्रिया मार्फत नयाँ समितिहरु निर्वाचित गर्नु पर्ने भएकोले समय सापेक्ष निर्वाचन कार्यविधि तयार गरी कार्यान्वयन गरिनेछ ।

**सूचना प्रविधि :**

६३. संस्थामा आ. व. २०७९/०८० देखि मोबाइल बैंकिङ्ग सञ्चालनमा आइसकेकोले सो सेवामा सवै सदस्यहरुलाई सहभागिताको लागि प्रभावकारी रुपमा सूचना सम्प्रेषण गर्दै E-Banking को अन्य थप सेवाहरु पनि क्रमश: सञ्चालन गरिदै लगिनेछ ।

६४. संस्थाको वेवसाइट www.himchulisaccos.coop.np मा संस्थासँग सम्बन्धित जानकारीहरु अद्यावधिकका साथै स्तरोन्नति गरिनेछ ।

६५. सूचनाको हक सम्वन्धी ऐन-२०६४, बमोजिम संस्थाको वित्तीय विवरण लगायत सम्पूर्ण गतिविधि एवं क्रियाकलापहरुको वारेमा जन समुदायमा सूचना पाउने हकको प्रत्याभूति गर्दै सूचना अधिकारीको भूमिकालाई थप सशक्त वनाइनेछ ।

६६. संस्थाको संरक्षण, सम्बर्द्धन र नियमितताको लागि नियामक निकायको अनुगमन कार्यमा सहजता ल्याउन सञ्चालनमा आएको सफ्टवयर COPOMIS मा संस्थाको सूचना, तथ्याङ्क एवं संस्थासँग सम्बन्धित आवश्यक सम्पूर्ण गतिविधिहरुको अभिलेखीकरणमा थप प्रभावकारी वनाइनेछ ।

**सामाजिक क्षेत्र :**

६७. अपाङ्ग लक्षित कार्यक्रमहरुलई निरन्तरता दिइनेछ ।

६८. ज्येष्ठ सदस्यहरुलाई धार्मिक तिर्थाटन एवं नयाँ नयाँ ठाउँको अवलोकन भ्रमण गराउने कार्यलाई निरन्तरता दिइनेछ ।

६९. प्राकृतिक प्रकोप वा भबितब्य परी ऋणी सदस्यहरुको ब्यवसायमा हानी नोक्शानी भएमा सो को व्यवसाय प्रवर्द्धन उपसमिति मार्फत स्थलगत निरीक्षण र अनुगमन गरी क्षतिको एकिन प्रमाणित गरेर संस्थामा वुझाउनु पर्ने ब्याज रकममा क्षेत्रीय समितिको सिफारिसमा सञ्चालक समितिको निर्णय अनुसार केही प्रतिशत छुट दिने ब्यवस्था गरिनेछ ।

७०. बचत गर्ने वानी बसाली सुरक्षित भविष्यको जीवनचर्या सहज बनाउन विवाह, ब्रतबन्ध, पास्नी, बैवाहिक वर्षगाँठ, जन्मदिन एवं धार्मिक चाड पर्वहरुमा भड्किलो रुपमा गरिने अनावश्यक खर्च गर्ने प्रबृत्तिलाई निरुत्साहित गर्दै लगिनेछ ।

**ब्यवस्थापन तह तर्फ :**

७१. संस्थामा कार्यरत सम्पूर्ण कर्मचारीहरुलाई सामाजिक सुरक्षा कोषमा आवद्धता गरिनेछ।

७२. संस्थामा कर्मचारीहरुको कार्य सम्पादनको आधारमा सम्मान, सेवा सुविधामा बृद्धि, दण्ड, पुरस्कार व्यवस्थापन गर्ने सन्दर्भमा सवै कर्मचारीहरुलाई वार्षिक लक्ष्य समेत तोकिएको कार्य विवरण (JD) दिई सो को प्रगति विवरण त्रैमासिक रुपमा सञ्चालक समिति समक्ष अनिवार्य रुपमा पेश गर्नु पर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

७३. संस्थालाई मजबुत पार्न अहम भूमिका रहने स्थायी संयन्त्रको रुपमा रहेको कर्मचारीहरुलाई आवश्यक ज्ञान, सिप र क्षमता अभिबृद्धिको लागि समयानुकूल सूचना प्रविधि लगायत विविध तालिमको ब्यवस्थापन गरिनेछ ।

७४. संस्थामा तथ्याङ्क एवं अभिलेखहरु सुरक्षित एवं भरपर्दो रुपमा अद्यावधिक गर्ने व्यवस्था मिलाइनेछ ।

७५. संस्था सञ्चालनमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने स्थायी संयन्त्रको रुपमा रहेको ब्यवस्थापन तहका कर्मचारीहरुलाई कार्य सम्पादन मूल्याङ्कनको आधारमा क्षमता विश्लेषण गरी सेवा तथा सुविधा तर्फ पुनारावलोकन गरिनेछ ।

७६. कानूनी तथा प्रविधि मैत्री ज्ञान तथा काम कर्तव्य र अधिकारको वारेमा सञ्चालक समिति र व्यवस्थापन तह बीच अन्तरक्रियात्मक कार्यक्रम गरिनेछ ।

७७. व्यवस्थपन तहको वैठक मासिक रुपमा कम्तिमा १ पटक र व्यवस्थापन तह र सञ्चालक समितिको संयुक्त वैठक त्रैमासिक रुपमा बस्ने व्यवस्था गरिनेछ ।

**सम्मान कार्यक्रम तर्फ :**

७८. संस्थावाट प्रदान गरिएको ऋणको सदुपयोगिता वारे प्रभावकारी रुपमा निरीक्षण र अनुगमनको ब्यवस्था मिलाई ऋणको सही सदुपयोग गरी सफलता प्राप्त गर्नु हुने कृषि एवं पशुपंक्षी जन्य उद्यमीहरुलाई उचित सम्मानको साथ पुरस्कृत गरिनेछ ।

७९. नयाँ नयाँ सिर्जनात्मक अनुसन्धान एवं आविष्कार गर्ने साथै आफ्नो सीप कला विशेष रुपमा समुदाय स्तरमा प्रदर्शन गर्ने क्षमता भएका यस संस्थाको कार्यक्षेत्र भित्रका विद्यार्थीहरु र शेयर सदस्य एवं परिवारजनलाई सम्मानका साथ प्रोत्साहन स्वरुप आर्थिक सहयोग प्रदान गरिनेछ ।

८०. पूर्व सञ्चालक, असल बचत कर्ता, असल ऋणी, असल उद्यमी, ज्येष्ठ शेयर सदस्य, विशेष ज्येष्ठ शेयर सदस्य (८४ र १०० वर्ष उमेर पुरा भएका) र पि.एच.डि. एवं राष्ट्रिय तथा अन्तर्राष्ट्रिय ख्याति प्राप्त गरेको तथा उच्च पद धारण गरेका शेयर सदस्यहरुलाई सम्मान गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

**विविध :**

८१. सवै सदस्यहरुलाई अधिकतम शेयर रकम रु. २५,०००।- पुऱ्याउनका लागि उत्प्रेरित गरिनेछ ।

८२. सञ्चालक समिति अन्तर्गत रहेको विभिन्न उप समितिहरु र क्षेत्रीय समितिहरुलाई आवश्यक क्रियाशिलता वढाउन उत्प्रेरित गरिने कार्यलाई निरन्तरता दिइनेछ ।

८३. आर्थिक र शारीरिक अवस्था कमजोर भई खान लाउन समस्यामा रहेका संस्थाको सदस्य वा कार्यक्षेत्र भित्रका गैह्र सदस्यहरुलाई क्षेत्रीय समितिको सिफारिसमा आवश्यक खाद्यान्न एवं विविध सहयोगको व्यवस्था गरिनेछ ।

८४. संस्थाको दीगो विकास र प्रवर्द्धनका लागि अनुभव एवं ज्ञान एक अर्को बीच आदान प्रदान गर्ने उद्देश्यवाट नमूना योग्य साकोसहरुको अध्ययन र अवलोकन भ्रमणको ब्यवस्था गरिनेछ ।

८५. सदस्यता राहत कोषमा जम्मा भएको रकमवाट नीति बमोजिम शेयर सदस्यहरुलाई दिइने सेवा सुविधा बारे आवश्यक मापदण्ड तयार गरी कार्यान्वयनमा ल्याइनेछ ।

८६. संस्था नाफामुखी मात्र नभई सदस्य तथा समुदाय केन्द्रीत सेवामुखीको रुपमा संस्थालाई स्थापित गर्ने उद्देश्यका साथ सामाजिक उत्तरदायित्वका कार्यक्रमहरु सञ्चालन गरिनेछन् ।

शेयर सदस्यज्यूहरुको समय समयमा संस्थामा हुने आगमनबाट संस्थाले अख्तियारी गरेको नीति तथा कार्यक्रमको कार्यान्वयनको पक्षतर्फ चासो, चिन्तन, खबरदारी र पृष्ठपोषण गर्ने कार्यबाट नै संस्था गतिशिल हुने कुरामा दुई मत छैन । संस्था नियमतः सञ्चालनमा भए नभएको बारेमा सुक्ष्म रुपमा विश्लेषण हामीले गर्‍यौं भने अवश्य नै संस्थाको भविष्य राम्रो देख्छौं । तसर्थः संस्था नियमानुसार सञ्चालन गर्ने क्रममा सदस्यज्यूहरुलाई क्षणिक लाभ देखाई प्रसंशा बटुल्नतिर नलागी संस्थाको प्राथमिकतामा संस्थालाई दीगो रुपमा बलियो बनाउनको लागि संस्थागत पूँजी निर्माण गर्नु रहेको छ । यसैले विभिन्न कोषमा बाँकी रहेको रकम संस्थाको दरिलो आधार स्तम्भको रुपमा रहेको जगेडा कोषमा स्थानान्तरण गरिएको छ ।

हामी सबैको साझा संस्थालाई जोखिम रहित तवरबाट सञ्चालन गरी संस्थालाई दीर्घकालिन सुरक्षाका साथ जीवन्त राख्न विधि सम्मत कार्य सञ्चालन गर्ने सञ्चालक समितिको धारणा बमोजिम वित्तीय कारोबारमा संस्थामा भएको नाफा बचत रकम सदस्यहरुलाई क्षणिक लाभको लागि अनियमित तवरबाट लाभांश वितरण नगरी सो नाफा रकम सबै ऋण सुरक्षण कोषमा व्यवस्थापन गरिएको कारण गत वर्ष जसरी यस वर्ष पनि सदस्यज्यूहरुलाई लाभांश वितरण गर्न नसकिएको तितो यथार्थको जानकारी गराउदै यस वर्षको नाफा रु. १८,०४,०११।- सहित हालसम्म ऋण सुरक्षण कोषमा रु. २,७७,१४,३३८।- जम्मा भएको र सो रकम कुनै अपचलन वा बदनियत नभई हाम्रो सहयोग र प्रयासले हामीलाई नै लाभांश वितरण गर्न सकिने सञ्चित रकम हो भन्ने साझा बुझाईका साथ संयमता र धैर्यता हामी सबैमा हुन जरुरी छ, मात्र हामीले लिएको ऋण रकम किस्ताबन्दीमा नियमानुसार बुझाउने प्रतिवद्धता ह्रदय भित्र हुनु आवश्यक छ । हामी सबैले आफ्नो दायित्व र कर्तव्यलाई नभुली सामूहिक जिम्मेवारीको भावनाले ऋणको भाखा ननघाई ऋण लिदाको बखत हामीले गरेको शर्तनामा तथा मञ्जुरीलाई अक्षरसः पालना गरी सहयोग गर्नु हुन सम्बन्धित ऋणी सदस्यहरु सबैमा हार्दिक अनुरोध गर्न चाहन्छौं । हामी सबैको सहकार्य र सहयोगबाट नै सो रकम नाफामा ल्याउन अवश्य नै सफल भै लाभांशका भागिदार हुनेछौं । संस्थाको मालिकको रुपमा रहेको शेयर सदस्यज्यूहरुको सल्लाह, सुझाव र भावनालाई समेट्दै संस्था सञ्चालन गर्न सञ्चालक समिति र व्यवस्थापन तह प्रतिबद्ध रहेको अनुरोध गर्दै हामी सबैले निम्न बमोजिमको दायित्व एवं कर्तव्य पालना गर्न किञ्चित कन्जुस्याई नगरौं ।

(१) नियमित रुपमा मासिक बचत रु. २००।- संस्थामा जम्मा गर्न नभुलौं ।

(२) आफूले लिएको ऋणको सही सदुपयोग गरी नियमानुसार किस्ता रकम संस्थामा बुझाऔं, ऋण तिर्नु पर्दैन भनी बाहिर फैलिएको हल्लाको भ्रमको पछि नलागौं ।

(३) संस्थाको हरेक क्रियाकलाप, गतिविधि, सभा समारोहमा स्वतः स्फूर्त तवरबाट सहभागिता जनाई आवश्यक राय सुझाव एवं पृष्ठ पोषण दिने गरौं ।

(४) संस्थाको बारेमा बाहिर बजारमा नकारात्मक भ्रम फैलिएको छ भने सो को जानकारी तत्काल संस्थामा गरौं ।

(५) सहकारी ऐन नियम, राष्ट्रिय सहकारी नियमन प्राधिकरणबाट जारी मापदण्ड र सहकारी सँग सम्बद्ध गठित विभिन्न निकायहरुको प्रावधान बारे राम्रोसँग जानकारी हासिल गरौं।

(६) सहकारी व्यवसाय एवं अभियानलाई केही अराजक तत्वहरुले विफल तुल्याउन समुदायमा छरेको भ्रम र आश्वासन तर्फ नलागी आफू सहकारी सदस्यमा प्रवेश हुँदाको बखत संस्थामा गरिएको प्रतिबद्धता अनुरुप सकारात्मक सोचका साथ कर्तव्यनिष्ठ होऔं ।

(७) संस्थामा आफूले जम्मा गरेको बचत रकममा प्राप्त गरेको व्याज र लिएको ऋणको संस्थामा बुझाएको व्याजको आधारमा वितरण गरिने संरक्षित पूँजी फिर्ता कोषको बारेमा राम्रोसँग जानकारी हासिल गरी सो को कार्यान्वयन गरौं ।

(८) संस्थामा बुझाएको शेयर रकमको दोब्बर रकम सदस्यको शेष पछि आश्रित परिवारले सदस्य कल्याणकारी कोषबाट रकम प्राप्त गर्ने भएकोले अधिकतम रु. २५,०००।- शेयर रकम पुऱ्याऔं ।

(९) एक व्यक्ति एक सहकारीको प्रावधानलाई कार्यान्वयन गर्ने शिलशिलामा आफू सदस्य रहेको सहकारी संस्थाहरुको तुलनात्मक अध्ययन गरी नियमानुसार सञ्चालन भएको सहकारी संस्था एक सँग मात्र आवद्धता होऔं ।

## ११. आ.व. २०८३/०८४ को लागि समान कार्यसूचिहरु (प्रस्तावहरु) :

१. नीति तथा कार्यक्रम सहित संस्थाको आ.व. २०८३/०८४ को वार्षिक प्रगति प्रतिवेदन प्रस्तुत र पारित गर्ने सम्वन्धमा

२. संस्थाको आ.व. २०८२/०८३ को आर्थिक प्रतिवेदन तथा आ.व. २०८३/०८४ को प्रस्तावित बजेट प्रस्तुत, छलफल तथा पारित गर्ने सम्वन्धमा

३. संस्थाको आ.व. २०८२/०८३ को लेखा परीक्षण प्रतिवेदन पारित गर्ने सम्वन्धमा

४. आ.व. २०८२/०८३ लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन सम्वन्धमा

५. संस्थाको आ.व. २०८२/०८३ को लाभांश एवं संरक्षित पूँजी फिर्ता कोष वितरण सम्वन्धमा

६. संस्थाको विद्यमान विनियम, नीति, कार्यविधि र निर्देशिका संशोधन र निर्माण सम्वन्धमा

७. आ.व. २०८३/०८४ को लागि लेखापरीक्षकको नियुक्ति र पारीश्रमिक निर्धारण सम्वन्धमा

८. एकाईगत साधारण सभाको निर्णय पुस्तिकामा हस्ताक्षर गर्ने प्रतिनिधि १० जना चयन गर्ने सम्वन्धमा

९. एकाई प्रतिनिधिहरु (निर्णय प्रमाणिकरण सभा) को चयन सम्बन्धमा

१०. साधारण सभा सञ्चालन कार्यविधि र निर्वाचन कार्यविधि अनुमोदन सम्बन्धमा

११. एकाई समिति गठन सम्बन्धमा

१२. कर्मचारीहरुको सेवा सुबिधा सम्बन्धमा

१३. सदस्यता कल्याणकारी कोषको रकम फिर्ता दिने सम्बन्धमा
१४. कार्यसूचिमा थप भएको प्रस्ताव सम्बन्धमा
१५. निर्वाचन सम्बन्धमा

यस सम्मानित सभाबाट संस्थाको १६ औ अधिवेशन कार्यक्रममा नयाँ नेतृत्वको लागि गरिने सञ्चालक समिति र लेखा सुपरिवेक्षण समतिको निर्वाचनमा निस्वार्थ, कर्मठ, लगनशिल, क्रियाशिल र सदाचारी व्यक्तिहरुको छनौंट गरी संस्थालाई अझ थप उचाईमा पुऱ्याउने जिम्मेवारीलाई सुझबुझका साथ निर्बाह गर्नु हुनेछ भन्ने अपेक्षा एवं विश्वास गर्दछौं ।

अन्त्यमा, यस प्रतिवेदन उपर यहाँहरुको कुनै सल्लाह, सुझाव एवं जिज्ञासा भएमा स्वस्थ रुपबाट राख्नु हुन र प्रतिवेदन राम्रोसँग अध्ययन एवं छलफल गरी पारित गरिदिनु हुन अनुरोध गर्दछु । संस्थालाई यस सुदृढ अवस्थासम्म आइपुग्नको लागि योगदान गर्नु हुने संस्थापक सदस्यहरु, पूर्व सञ्चालक समितिका पदाधिकारीहरु, सल्लाहकारज्यूहरु, विभिन्न उपसमितिका सदस्यज्यूहरु एवं सम्पूर्ण शेयर सदस्यज्यूहरु साथै कर्मचारीहरु प्रति हार्दिक आभार ब्यक्त गर्दै नजिकिदै गरेको हिन्दुहरुको महान चाड वडा दशैं, तिहार एवं विभिन्न पर्वहरुको अवसरमा हामी सबैमा सुस्वाथ्य, दीर्घायू र समृद्धिका साथ सकारात्मक चिन्तन सहित अगाडि वढ्ने प्रेरणा मिलोस भन्ने शुभकामना व्यक्त गर्दै प्रतिवेदन अन्त्य गर्दछु ।

धन्यवाद,
जय हिमचुली ! जय सहकारी ! !

# हिमचुली बचत तथा ऋण सहकारी संस्था लि.

## गोरखा नगरपालिका-७, नयाँबजार, गोरखा

### आ.व २०८२/०८३ को आर्थिक प्रतिवेदन र २०८३/०८४ को प्रस्तावित बजेट

कोषाध्यक्ष : श्री रामचन्द्र आचार्य
मिति : २०८३/०६/१६-२२
स्थान : संस्थाको रजत हल

हिमचुली वचत तथा ऋण सहकारी संस्था लिमिटेड गोरखाको ३४ औं वार्षिक साधारण सभाका अध्यक्ष एवं यस संस्थाका आदरणीय अध्यक्षज्यू, प्रमुख अतिथिज्यू, अतिथिज्यूहरु, सल्लाहकारज्यूहरु, संस्थाका संस्थापकज्यूहरु, पूर्व सञ्चालकज्यूहरु, सञ्चालक समितिका द्धय उपाध्यक्ष लगायत पदाधिकारी एवं सदस्यज्यूहरु, विभिन्न उपसमितिका संयोजक लगायत सदस्यज्यूहरु, एकाइका संयोजक एवं सदस्यज्यूहरु आजको यस सम्मानित सभामा उपस्थित शेयर सदस्यज्यूहरु, संस्थाको व्यवस्थापक एवं कर्मचारीज्यूहरुमा मेरो व्यक्तिगत र लेखा सुपरिवेक्षण समितिको तर्फबाट हार्दिक न्यानो सहकारी अभिवादन गर्दछु ।

हिमचुली बचत तथा ऋण सहकारी संस्था लि. को कोषाध्यक्षको हैसियतले गत वर्षको वार्षिक प्रतिवेदन एवं आगामी वर्षको प्रस्तावित बजेट प्रस्तुत गर्न पाउँदा अत्यन्तै खुशी लागेको छ । यो अवसर प्रदान गर्नु भएकोमा शेयरधनी महानुभावहरुमा हार्दिक कृतज्ञता जाहेर गर्न चाहन्छु।

**सभाध्यक्ष एवं सहभागी शेयर सदस्यज्यूहरु,**

यस संस्थाको आ.व. २०८३/०८४ को बजेट तर्जुमा गर्दा निम्न बुँदाहरुलाई आधार मानी तयार गरिएको व्यहोरा यहाँहरु समक्ष अनुरोध गर्न चाहन्छु ।

(१) साधारण सभामा सचिवज्यूबाट प्रस्तुत गर्नु भएको प्रस्तावित नीति तथा कार्यक्रम पुरा गर्न ।
(२) गत वर्ष साधारण सभाले निर्देश गरेको तर कार्य सम्पन्न भइ नसकेको कार्यक्रम पुरा गर्न ।
(३) सञ्चालक समितिले समय समयमा गरेका निर्णयहरु कार्यान्वयन गर्न ।
(४) शेयर धनीहरुको मात्र हितलाई केन्द्रीत गरिएको ।

**शेयरधनी महानुभावहरु,**

अव म संस्थाको आ.व २०८२/०८३ को प्रस्तावित आम्दानी-खर्च, सम्पत्ति-दायित्व एवं वास्तविक आम्दानी, खर्च, सम्पत्ति र दायित्व तथा आगामी आ.व. २०८३/०८४ को प्रस्तावित आम्दानी-खर्च र सम्पत्ति तथा दायित्वको विवरण प्रस्तुत गर्न चाहन्छु ।

*आम्दानी तथा खर्च विवरण :*

| क्र.सं. | आम्दानी बिवरण | २०८२/०८३ प्रस्तावित | २०८२/०८३ वास्तविक | २०८३/०८४ प्रस्तावित |
|---|---|---|---|---|
| १ | ऋणवाट ब्याज प्राप्त | ४,००,००,००० | २,५३,०६,२८४ | ३,००,००,००० |
| २ | प्रवेश तथा सदस्यता शुल्क | १,००,००० | ३७,९५० | १,००,००० |
| ३ | नेफस्कून ब्याज तथा लाभांश | २०,००,००० | १७,३६,८३५ | २५,००,००० |
| ४ | बिलम्ब तथा बिविध | १,००,००० | ५७,८८४ | १,००,००० |
| ५ | हल तथा जग्गा भाडा | १,००,००० | ३३,७०० | १,००,००० |

| क्र. सं. | आम्दानी बिवरण | २०८२/०८३ | २०८२/०८३ | २०८३/०८४ |
|---|---|---|---|---|
| | | प्रस्तावित | वास्तविक | प्रस्तावित |
| ६ | रेमिट्यान्स कमिसन | ६०,००० | २८,२८६ | ५०,००० |
| ७ | बैंक ब्याज | १५,००,००० | १२,६८,८८६ | ७,००,००० |
| ८ | ऋणमा सेवा शुल्क | १०,००,००० | ५,७९,५४७ | १०,००,००० |
| ९ | मोबाईल बैंकिङ्गबाट आम्दानी | १,५०,००० | १,०७,४०० | १,५०,००० |
| | कूल जम्मा – | ४,५०,१०,००० | २,९१,५६,७७२ | ३,४७,००,००० |

| क्र. सं. | खर्च बिवरण | २०८२/०८३ | २०८२/०८३ | २०८३/०८४ |
|---|---|---|---|---|
| | | प्रस्तावित | वास्तविक | प्रस्तावित |
| १ | यातायात आवास तथा खाना | ८०,००० | ४९,८५७ | ८०,००० |
| २ | कर्मचारी तलव | ३२,२०,००० | २९,४४,९०३ | ३४,५०,००० |
| ३ | कर्मचारी पोशाक खर्च | ८०,००० | ८०,००० | ८०,००० |
| ४ | छपाई तथा स्टेशनरी | १,५०,००० | १,०७,१९० | १,००,००० |
| ५ | भवन तथा अन्य मर्मत सम्भार खर्च | २,००,००० | २५५०० | २,५०,००० |
| ६ | अफिस सामान मर्मत सम्भार | ५०,००० | २२,०५० | २५,००० |
| ७ | ब्याज खर्च | २,५५,५०,००० | २,०९,०४,५११ | १,६०,००,००० |
| ८ | बिबिध खर्च | ५०,००० | १८,७७० | १,००,००० |
| ९ | प्रविधि मैत्री खर्च | २,५०,००० | १,८६,०२० | २,५०,००० |
| १० | वडा कार्यालयमा सम्पत्ति कर | २५,००० | ० | २५,००० |
| ११ | ह्रासकट्टी | ४,००,००० | ६,००,९९० | ४,००,००० |
| १२ | बैठक भत्ता | २,००,००० | १,१७,००० | १,५०,००० |
| १३ | बैठक सञ्चालन खर्च | ५०,००० | ४२,४५० | ५०,००० |
| १४ | संस्था नविकरण | १५,००० | २०,९१७ | २०,००० |
| १५ | ऋणको ब्याजमा छुट | १,००,००० | १,५६८ | १,००,००० |
| १६ | पानी र वत्ती | ६५,००० | ३९,५३८ | ८०,००० |
| १७ | सञ्चार | ५५,००० | ३९,२०० | ६०,००० |
| १८ | पत्रपत्रिका तथा सुचना | ३०,००० | ४,६०० | ३०,००० |
| १९ | तालिममा सहभागी | ४०,००० | ६,७५० | ५०,००० |
| २० | प्रोवेसन कार्यक्रम खर्च | १,००,००० | ६१,९२० | १,५०,००० |
| २१ | महिला मैत्री कार्यक्रम | ० | ० | ५०००० |
| २२ | शैक्षिक कार्यक्रम शिक्षा तालिम सुचना | २,००,००० | ३५,६०० | १,५०,००० |
| २३ | साधारण सभा खर्च | १३,२५,००० | ९,२९,७७५ | १९,००,००० |

| क्र. सं. | खर्च बिवरण | २०८२/०८३ | २०८२/०८३ | २०८३/०८४ |
|---|---|---|---|---|
| | | प्रस्तावित | वास्तविक | प्रस्तावित |
| २४ | अतिथि सत्कार चिया खाजा खर्च | ३५,००० | १३,५३५ | ३०,००० |
| २५ | सामुदायिक सेवा सामाजिक कार्यक्रम | ५०,००० | १५,१९० | ५०,००० |
| २६ | प्रसुती सेवा खर्च | ६०,००० | ३०,००० | ६०,००० |
| २७ | अपाङ्ग मैत्री कार्यक्रम | ० | ० | २०००० |
| २८ | लेखा परीक्षण शुल्क | १,५०,००० | १,५०,००० | १,५०,००० |
| २९ | बीमा | ४०,००० | २६,८५८ | ५०,००० |
| ३० | कर्मचारी कल्याणकारी कोष खर्च | २,५०,००० | २,२८,२६० | २,५०,००० |
| ३१ | कल्याणकारी कोष ब्याज खर्च | ९,००,००० | २,३७,६६० | ५,००,००० |
| ३२ | सहकारी भ्रमण खर्च | १,४०,००० | ७६४९५ | १,५०,००० |
| ३३ | अफिस व्यवस्थापन | ४५,००० | ३५,९१० | ५०,००० |
| ३४ | संस्था क्षेत्रीय व्यवस्थापन खर्च | ४०,००० | १८००० | ५०,००० |
| ३५ | कर्जा नोक्शानी व्यवस्था कोष खर्च | १०,००,००० | १८,०४,०११ | १०,००,००० |
| ३६ | व्यवसाय प्रवर्द्धनात्मक कार्यक्रम | १,००,००० | ० | १,००,००० |
| ३७ | जेष्ठ सदस्य लक्षित कार्यक्रम | ५०,००० | ५४,२२० | ७५,००० |
| ३८ | संस्थागत डकुमेन्ट्री निर्माण | १,००,००० | ० | ० |
| ३९ | स्थापना दिवस खर्च | ४०,००० | २७,०८० | ५०,००० |
| | कुल जम्मा – | ३,५२,३५,००० | २,८९,५६,३२७ | २,६१,३५,००० |
| | कर अघिको नाफा – | ९७,७५,००० | २,००,४४६ | ८५,६५,००० |
| | जम्मा – | ४,५०,१०,००० | २,९१,५६,७७२ | ३,४७,००,००० |

## दायित्व तथा सम्पत्ति विवरण

| क्र.सं. | दायित्व विवरण | २०८२/०८३ | २०८२/०८३ | २०८३/०८४ |
|---|---|---|---|---|
| | | प्रस्तावित | वास्तविक | प्रस्तावित |
| १ | शेयर पूँजी | ५,५०,००,००० | ४,१९,५३,७०० | ५,५०,००,००० |
| २ | बचत | | | |
| २.१ | - मासिक वचत | ७,००,००,००० | ७,१३,६६,८५६ | १०,७२,५०,००० |
| २.२ | - ऐच्छिक वचत | १०,००,००,००० | ११,९१,४०,४३९ | ११,८४,००,००० |
| २.३ | - दैनिक वचत | १,१०,००,००० | १,१४,२४,०८१ | १,३०,००,००० |
| २.४ | - बाल वचत | १,९३,००,००० | २,३८,३९,२४१ | २,३०,००,००० |
| २.५ | - जेष्ठ सदस्य बचत | १,३०,००,००० | १,०३,७१,९५८ | १,१३,००,००० |
| २.६ | - मासिक नियमित ऐच्छिक बचत | ३०,००,००० | २१,९७,५५३ | ४२,९०,००० |
| २.७ | - हिमुचली बचत | १,७०,००,००० | १,४२,०४,९२० | १,५०,००,००० |
| २.८ | - पेन्सन वचत | ७०,००,००० | ६५,७०,००० | ६५,८५,००० |
| २.९ | - कर्मचारी संचय कोष बचत | ५८,००,००० | ५८,२६,५६१ | ० |
| २.१ | - आवधिक वचत | १५,००,००,००० | ११,९५,१८,६११ | १२,००,००,००० |
| | कूल बचत – | ३९,६१,००,००० | ३८,४४,६०,२२० | ४१,८८,२५,००० |
| ३ | भुक्तानी दिन बाँकी (ले.प.) | १,५०,००० | १,५०,००० | १,५०,००० |
| ४ | भुक्तानी दिन बाँकी ब्याजकर | ४,९१,१८९ | ३,३७,०९० | ३,५०,००० |
| ५ | आयकरको व्यवस्था | ५,००,००० | ० | ५,००,००० |
| ६ | जगेडा कोष | २,१५,००,००० | २,०२,०७,६७० | २,३०,००,००० |
| ७ | कर्मचारी कल्याणकारी कोष | ३२,००,००० | ३१,८७,०९४ | ३२,५०,००० |
| ८ | सदस्यता कल्याणकारी कोष | १,०५,००,००० | ८९,१३,५३९ | १,०४,५०,००० |
| ९ | कर्जा नोक्शानी ब्यवस्था कोष | २,२५,००,००० | २,७७,१४,३३८ | २,७०,००,००० |
| १० | भवन निर्माण कोष | ४,३३,८११ | ४,३३,८११ | ४,३३,८११ |
| ११ | भूक्तानी गर्नुपर्ने | २,००,००० | २९,१७२ | ४१,१८९ |
| १२ | कोषहरु (बिविध) | ९४,२५,००० | ३७८७४१० | १,१०,००,००० |
| | जम्मा – | ६,८९,००,००० | ६,४७,५९,९२६ | ७,६१,७५,००० |
| | कूल जम्मा – | ५२,००,००,००० | ४९,११,७४,०४५ | ५५,००,००,००० |

| क्र. सं. | सम्पत्ति विवरण | २०८२/०८३ | २०८२/०८३ | २०८३/०८४ |
|---|---|---|---|---|
| | | प्रस्तावित | वास्तविक | प्रस्तावित |
| १ | नगद मौज्दात | १०,००,००० | २,८६,४०९ | ५,००,००० |
| २ | बैंक मौज्दात | | | |
| २.१ | - एनएमबि. बैंक लि. | ९०,००,००० | ३,११,५६,५०७ | २,५०,००,००० |
| २.२ | - राष्ट्रिय वाणिज्य बैंक लि. | ५०,००० | ४७,००२ | ५०,००० |
| २.३ | - सांग्रिला डेभलपमेन्ट बैंक लि. | ९०,००,००० | ९७,६२,५७१ | १,१०,००,००० |
| २.४ | - प्रभु बैंक लि. | ६०,००,००० | १,२५,७८,७७५ | १,१०,००,००० |
| २.५ | - एनआईसी एशिया बैंक लि. | ८०,००,००० | २४,९५,८९५ | १,००,००,००० |
| २.६ | - मुक्तिनाथ विकास बैंक लि. | ३,५०,००,००० | ५,६०,५७,०५३ | २,००,००,००० |
| २.७ | - नेफ्स्कून | २,००,००,००० | ३,४४,३२,६८१ | १,५०,००,००० |
| २.८ | - राष्ट्रिय सहकारी बैंक लि. | ५०,००,००० | ३५,८९,४०० | ६०,००,००० |
| २.९ | - एनआइएमबि. बैंक लि. | १७,००,००० | १२,४२,१५५ | १४,००,००० |
| | कूल जम्मा – | ९,३७,५०,००० | १५,१३,६२,०३९ | ९,९४,५०,००० |
| ३ | उठ्न बाँकी ऋण | ३६,५०,००,००० | २४,९४,०२,२१४ | ३५,००,००,००० |
| ४ | शेयर लगानी | ३१,००,००० | ३०,३६,५०० | ३१,००,००० |
| ५ | बचत लगानी | ५,००,००,००० | ८,०५,७२,३८४ | ९,००,००,००० |
| ६ | अन्तर लगानी | ५,००० | ३,१६२ | १०,००० |
| ७ | घडेरी जग्गा | ६,८५,००० | ६,८५,००० | ६,८५,००० |
| ८ | भवन | ३६५०००० | ३६,३७,१९८ | ३५००००० |
| ९ | स्थिर सम्पत्ति (विविध) | ४,००,००० | ३०१६३३ | ६,८५,००० |
| १० | सफ्ट्वेयर | १००००० | ५६८७५ | १००००० |
| ११ | पाउनुपर्ने अन्य | १२,००,००० | १२,०७,९१९ | १२,००,००० |
| १२ | अग्रिम कर | ७,१०,००० | ५७६३८०.२२ | ७,२०,००० |
| १३ | स्थगन कर सम्पत्ति | ५०००० | ४६,३३१ | ५०००० |
| १४ | सवारी साधन मोटरसाईकल | ३५०००० | ० | ० |
| | जम्मा – | ४२,५२,५०,००० | ३३,९५,२५,५९७ | ४५,००,५०,००० |
| | कूल जम्मा – | ५२,००,००,००० | ४९,११,७४,०४५ | ५५,००,००,००० |

शेयरधनी महानुभावहरु,

अव म आ.व. २०८२/८३ को लेखापरिक्षण गर्न संस्थाको ३३ औं वार्षिक साधारण सभाबाट नियुक्त सि.ए. सौरव बस्नेतज्यूबाट भएको लेखापरीक्षण प्रतिवेदनको वासलात लगायत मुख्य अंशहरु प्रस्तुती गर्न चाहन्छु ।

**Saurab Basnyat & Associates**
Chartered Accountants
Firm Reg. No: 1097
PAN No.: 114882822

Gorkha Municipality, ward no 06,
Ayurbedi Chowk, Gorkha
Email: basnyat.associates@gmail.com / cabasnyat12@gmail.com
Tel: 9851317490/9702683569

# स्वतन्त्र लेखापरीक्षकको प्रतिबेदन

**श्री शेयर सदस्य ज्युहरु**
**हिमचुली बचत तथा ऋण सहकारी संस्था लिमिटेड**
**गोरखा नगरपालिका वडा नं ७, नयाँबजार गोरखा**

## १. *लेखा परिक्षकको कैफियत सहितको राय*

हामीले **हिमचुली बचत तथा ऋण सहकारी संस्था लिमिटेड** (यस पछि **"सहकारी"** भनिएको) को यसै साथ संलग्न **२०८३ आषाढ ३२** मितिको बित्तीय स्थितिको विवरण, सो मितिमा समाप्त भएको आर्थिक वर्षको आय तथा व्यय हिसाबको बिवरण, नगद प्रवाह विवरण , कोषमा भएको परिवर्तन र प्रमुख लेखा नीतिहरु तथा लेखा सम्बन्धी टिप्पणीहरु (यस पछि समग्रमा वित्तीय विवरणहरु भनिएको) लेखापरीक्षण सम्पन्न गरेका छौं ।
रायको आधार शिर्षक अर्न्तगत समावेश भएका बिषय बस्तुले पार्ने असर बाहेक हाम्रो रायमा र हामीले पाएको अधिकत्म जानकारी तथा हामीलाई दिईएको स्पष्टीकरणहरु बमोजिम माथि उल्लेखित वित्तीय विवरणहरुले सारभूत रुपमा संस्थाको मिति **२०८३ आषाढ ३२** को वित्तीय अवस्था तथा सो मितिमा अत्य भएको आर्थिक वर्षको आय तथा व्यय हिसाबको बिवरण, नगद प्रवाह विवरण, कोषमा भएको परिवर्तन र प्रमुख लेखा नीतिहरु तथा लेखा सम्बन्धी टिप्पणीहरु नेपाल लेखामान बोर्डद्वारा जारी गरिएको साना तथा मझौला संस्थाको लागि **नेपाल वित्तीय प्रतिबेदनमान (NFRS for SMEs)** तथा प्रचलित कानूनका अधिनमा रही उचित चित्रण गर्दछ ।

## २. *कैफियत सहितको रायका आधार*

सहकारीको लेखापरीक्षणको क्रममा भेटिएका कैफियतहरु :

१. NFRS for SME अनुसार यस सहकारीले आफ्नो ब्याज आम्दानि प्रोदभावी आधारमा लेखांकन गर्नुपर्नेमा सहकारी लेखापरीक्षण मापदण्ड २०७५ अनुसार नगद आधारमा लेखांकन गरेको छ ।
२. यस सहकारीले ***"बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाको संचालन सम्बन्धमा जारी गरिएको नियामकीय मापदण्ड,२०८२"*** **को परिच्छेद ३ को बुदा नं ४** अनुसार राख्न पर्ने ऋण नोक्सानी व्यवस्था राखेको पाईएन । ऋण नोक्सानी व्यवस्थामा अपुग रकम रु *३,५७,९५,७३८* रहेको पाइयो ।
३. यस संस्थाले बोनस ऐन, २०३० बमोजिम कर्मचारी बोनस कोषको लागि रकम व्यवस्था गरेको छैन ।

हामीले हाम्रो लेखापरीक्षण नेपाल लेखामान बोर्डद्वारा जारी गरिएको साना तथा मझौला संस्थाको लागि नेपाल वित्तीय प्रतिबेदनमान (NFRS for SMEs) तथा प्रचलित कानूनका अधिनमा रही सम्पन्न गरेका छौं । वित्तीय विवरण सारभूतरुपमा गलत आँकडा रहित छ भन्ने कुरामा विश्वस्त हुनको लागि ती लेखापरीक्षणमान अनुसार लेखापरीक्षण योजना तयार गरी तदनुसार लेखापरीक्षण सम्पन्न गरिएको छ । वित्तीय विवरणमा उल्लेखित रकम र खुलाइएका अन्य विवरणलाई पुष्टयाई गर्न प्रमाणको छडके परीक्षणलाई समेत लेखापरीक्षणमा समावेश गरिएको छ । सहकारीले अवलम्वन गरेको लेखा सिद्धान्त, व्यवस्थापनले गरेको महत्वपूर्ण अनुमान तथा वित्तीय विवरण प्रस्तुतीको समग्र स्थितिको मूल्याङ्कन पनि लेखापरीक्षणमा समावेश गरिएको छ । नेपाल लेखापरीक्षण मान बमोजिम हाम्रो जिम्मेवारी यसै प्रतिवेदनको "वित्तीय विवरणको लेखापरीक्षणमा लेखापरीक्षकको उत्तरदायित्व" शिर्षक अन्तर्गत थप व्याख्या गरिएको छ । नेपाल चार्टर्ड एकाउन्टेन्ट्स सस्थाद्धारा जारी गरेको "द ह्याण्ड् बुक अफ द कोड अफ इथिक्स् फोर प्रोफेसनल एकाउन्टेन्ट्स" (The Handbook of the Code of Ethics for Professional

Saurab Basnyat & Associates * Gorkha * Chartered Accountants

Accountants) बमोजिम हामी संस्थासँग स्वतन्त्र छौं र हामीले सो ह्याण्ड् बुक बमोजिमको अन्य नैतिक दायित्वको पालना गरेका छौं । हाम्रो लेखापरीक्षण प्रमाणले हाम्रो मन्तव्यलाई पर्याप्त आधार प्रदान गर्ने कुरामा हामी विश्वस्त छौं ।

### ३. *अन्य व्यहोरा, (Other matters)*

लेखापरिक्षणको क्रमका हामीलाई जानकारी हुन आएका आन्तरिक नियन्त्रणसंग सम्बन्धित कमीकमजोरीहरु तथा सो को निराकरणका लागि दिईएका सुझावहरु ***(व्यवस्थापन पत्र/ प्रारम्भिक लेखापरिक्षाण प्रतिवेदन)*** प्रति **यहाँहरू को ध्यानआकर्षण गर्दछौ ।**

### ४. *वित्तीयविवरण उपर व्यवस्थापन तथा सुशासनको जिम्मेवारी बहन गरेकाको उत्तरदायित्व*

सहकारीको वित्तीय प्रतिवेदनको लेखा मापदण्ड अनुरुप यथार्थ र उचित चित्रण गर्ने वित्तीय विवरणहरु तयारी एवम् प्रस्तुत गर्ने तथा चाहे जालसाजी वा गल्तीबाट होस, सारभूत रुपमा त्रुटी रहित वित्तीय विवरण तयार गर्ने सम्बन्धी आन्तरिक नियन्त्रण प्रणालीको तर्जुमा गर्ने जिम्मेवारी व्यवस्थापनमा रहेको छ । वित्तीय विवरण तयार गर्दा व्यवस्थापनलाई सहकारी विघटन गर्ने, संचालन बन्द गर्ने वा सो बाहेक व्यवहारिक वैकल्पिक विकल्प नभएको अवस्थामा बाहेक, सहकारी निरन्तर संचालन हुने क्षमताको मूल्याङ्कन गर्ने, आवश्यकता बमोजिम खुलासा गर्ने र निरन्तर संचालनमा आधारित लेखा नीति प्रयोग गरि वित्तीय विवरण तयार गर्ने जिम्मेवारी सहकारीको व्यवस्थापनमा रहेको छ ।

सहकारीको व्यवस्थापन समिति संस्थाको वित्तीय सम्प्रेषण प्रक्रियाको रेखदेखको लागि जिम्मेवार छ ।

### ५. *वित्तीय विवरणको लेखापरीक्षणमा लेखापरीक्षकको उत्तरदायित्व*

वित्तीय विवरणहरु सम्पूर्ण रुपमा चाहे जालसाजीवा गल्तीबाट होस, सारभूत रुपमा त्रुटिरहित छ वा छैन भन्नेबारे उचित आश्वस्तता प्राप्त गर्नु र हाम्रो राय समावेश गरी लेखापरीक्षण प्रतिवेदन जारी गर्नु हाम्रो उद्देश्य हो । उचित आश्वस्तता एक उच्च स्तरीय आश्वस्तता भएता पनि सारभूत त्रुटीहरु विद्यमान रहेको अवस्थामा समेत लेखापरीक्षणमान अनुरुपै गरिएको लेखापरीक्षणमा समेत उक्त सारभूत त्रुटीहरु सधैं पहिचान हुन्छन भन्ने आश्वस्तता रहदैन । गलत प्रस्तुति, जालसाजी वा त्रुटीबाट उत्पन्न हुन सक्दछन् र ती प्रस्तुतिहरुले वित्तिय विवरणको आधारमा प्रयोगकर्ताहरुले लिने आर्थिक निर्णयहरुलाई अलग अलग वा समग्ररुपमा प्रभाव पार्न सक्ने उचित अपेक्षा गरिन्छ भन्ने, उक्त गलत प्रस्तुतिलाई सारभुत रुपमा गलत प्रस्तुति भनिन्छ ।

नेपाल लेखापरीक्षण मान अनुरुप लेखापरीक्षणको क्रममा हामी व्यवसायीक सन्देह कायम राखी पेशागत निर्णयको अभ्यास गर्दछौं । क्रमश हामीले :

- ✓ वित्तीय विवरणमा जालसाजी वा त्रुटीबाट हुन सक्ने सारभूत गलत प्रस्तुतिहरुको जोखिम पहिचान तथा मुल्याङ्कन गरी ती जोखिमहरुको लागि प्रभावकारी लेखापरीक्षण प्रक्रियाहरु तर्जुमा गरि हाम्रो मन्तव्य प्रदान गर्ने आधारको लागि पर्याप्त तथा उचित लेखापरीक्षण प्रमाण संकलन गर्दछौं । मिलिभगत, ठगी, जानाजानी चूक, गलत प्रतिनिधित्व वा आन्तरिक नियन्त्रण प्रणालीको मिचाई समावेश हुने भएकोले गल्तीहरु भन्दा जालसाजीबाट हुने सारभूत गलत प्रस्तुतिहरुको पहिचान नलाग्ने जोखीम अधिक रहन्छ ।
- ✓ सहकारीको आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारीता सम्बन्धि राय व्यक्त गर्ने उद्देश्य नभई, लेखापरीक्षण प्रक्रियाहरु तर्जुमा गर्नका लागि लेखापरीक्षणमा प्रासगिंक हुने संस्थाको आन्तरिक नियन्त्रण प्रणालीको बारेमा जानकारी प्राप्त गर्दछौं ।
- ✓ व्यवस्थापनले प्रयोग गरेका लेखा नीतिहरुको औचित्य, लेखा अनुमानको व्यावहारिकता तथा लेखा सम्बन्धि खुलासाहरुको मूल्याङ्कन गर्दछौं ।
- ✓ व्यवस्थापनले प्रयोग गरेको व्यवसायको निरन्तरतामा आधारित लेखा नीतिको औचित्यता तथा प्राप्त लेखापरीक्षण प्रमाणको आधारमा कुनै घटना वा अवस्थहरुसंग सम्बन्धित सारभूत अनिश्चितताको कारणले सहकारीको व्यवसायीक निरन्तरताको क्षमतामा उल्लेख्य शङ्का उत्पन्न गर्न सक्ने अवस्थामा तथा यदि हामीले सारभूत अनिश्चितता रहेको निष्कर्ष निकालेकमा, लेखापरीक्षण प्रतिवेदनमा वित्तीय विवरणको सम्बन्धित खुलासा उपर

ध्यानाकृष्ट गर्नुपर्दछ वा यदि ती खुलासा अपर्याप्त भएमा, हाम्रो राय परिमार्जन गर्नुपर्दछ । हाम्रो निष्कर्ष लेखापरीक्षण प्रतिवेदन मितिसम्म प्राप्त लेखापरीक्षण प्रमाणमा आधारित रहेको हुन्छ । तथापी भविष्यका घटना तथा अवस्थाहरुले सहकारी अविच्छिन्न निकायको रुपमा नरहन सक्दछ ।

✓ वित्तीय विवरणको समग्र प्रस्तुतीकरण ढाँचा र खुलासा सहितको विषयवस्तु तथा अर्न्तनिहित कारोवार एवंम घटनाहरुलाई वित्तीय विवरणमा निष्पक्ष रुपमा प्रस्तुतिकरण गरे नगरेको मूल्याङ्न गर्दछौं ।

हामीले वित्तीय विवरण उपर व्यवस्थापन तथा सुशासनको जिम्मेवारी बहन गरेकोहरुलाई अन्य विषयका अतिरिक्त, लेखापरीक्षण कार्य योजना, समय तालिका र महत्वपूर्ण लेखापरीक्षण खोजहरु लगायत सहकारीको आन्तरिक नियन्त्रण प्रणालीमा रहेको महत्वपूर्ण कमी कमजोरीहरुको जानकारी गराउँदछौं ।

## ६. *अन्य कानुनी तथा नियमनकारी आवश्यकता अनुसारको प्रतिबेदन*

माथि उल्लिखित व्यहोराको अतिरिक्त हामीले गरेको लेखापरीक्षण तथा हामीलाई उपलब्ध सूचना तथा स्पष्टीकरण को आधारमा निम्नानुसारको थप प्रतिबेदन पेश गर्दछौं ।

१. हामीलाई लेखापरिक्षणको लागि आवश्यक सूचना तथा स्पष्टिकरणहरु यथाशिघ्र पायौं ।

२. प्रस्तुत विवरण संस्थाले राखेको हिसाब किताबहरु संग दुरुस्त छन् ।

३. संस्थाले आफ्नो हिसाब किताब प्रचलित कानुन अनुसार ठिक संग राखेको छ ।

४. हाम्रो लेखापरीक्षणको समयमा सहकारीको व्यवस्थापन समिति/ संचालक समितिका सदस्यहरु र कर्मचारीहरुले प्रचलित कानून विपरित हुने गरी लेखासम्बन्धी कुनै अनियमितता, जालसाजी, सम्पत्तिको हिनामिना, हानी वा नोक्सानी गरे गराएको हाम्रो जानकारीमा आएन ।

५. हाम्रो लेखापरिक्षणको आधारमा संस्थाले

✓ सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५ तथा सहकारी लेखापरीक्षण निर्देशिका २०७५को सिद्धान्त , मूल्य र मान्यता अनुरुप काम गरेको पायौं ।

✓ आयकर ऐन २०५८ बमोजिम सहकारीले आयकर व्यवस्था गरेको र आयकर ऐन २०५८ बमोजिम अग्रिम कर कट्टी गर्नुपर्ने अवस्थामा अग्रिम कर कट्टी गर्ने गरेको पायौं ।

**मिति : २०८३/०६/१२**
**ठेगाना :गोरखा**
**यूडिन न :** 260928CA01815yuJ6q

Saurab Basnyat & Associates * Gorkha * Chartered Accountants

सि.ए. सौरब बस्नेत

(प्रोप्राइटर)
**सौरबं बस्नेत. एण्ड . एसोसिएट्स**
**चार्टड एकाउण्टेण्ट्स**

## हिमचुली बचत तथा ऋण सहकारी संस्था लिमिटेड

### वित्तीय स्थितिको विवरण (वासलात)

२०८२ साल असार मसान्त सम्मको

| विवरण | नोट | आ.व.२०८२/२०८३ | आ.व.२०८१/२०८२ |
|---|---|---|---|
| **सम्पति** | | | |
| नगद तथा नगद सरह | ४.१ | १५२,२२३,९९५ | १०८,०९८,८०३ |
| वैंक तथा वित्तीय संस्थामा रहेको मौज्दात | ४.२ | ८०,०००,००० | ९०,०००,००० |
| सदस्यहरुलाई ऋण तथा सापट | ४.३ | २२१,६८७,८७६ | २४२,५५३,०६१ |
| कर्मचारीलाई ऋण तथा सापट | ४.४ | - | - |
| लगानी धितोपत्रहरु | ४.५ | ३,०३६,५०० | ३,०३६,५०० |
| चालु कर सम्पत्ति | ४.६ | ५७६,३८०.२२ | ३४७,१८२ |
| लगानी सम्पत्तिहरू | ४.७ | - | - |
| सम्पत्ति संयन्त्र तथा उपकरण | ४.८ | ४,६२३,८३१ | ४,८८७,९६४ |
| ख्याती तथा अमूर्त सम्पत्ति | ४.९ | ५६,८७५ | १२४,६८८ |
| स्थगन कर सम्पत्ति | ४.१ | ४६,३३१ | २१,२८५ |
| अन्य सम्पत्ति | ४.११ | १,२०७,९१९ | १,२९६,०८१ |
| **कुल सम्पत्ति** | | **४६३,४५९,७०६** | **४५०,३६५,५६३** |
| **विवरण** | **नोट** | **आ.व.२०८२/२०८३** | **आ.व.२०८१/२०८२** |
| **दायित्वहरु** | | | |
| सदस्यबाट बचत र निक्षेप दायित्व | ४.१२ | ३८४,४६०,२२० | ३७२,४७२,१२२ |
| कर्जा सापटी | ४.१३ | - | - |
| कर्मचारी लाभहरूको लागि व्यवस्था | ४.१४ | ३,१८७,०९४ | २,९५७,४६१ |
| स्थगन कर दायित्व | ४.१० | - | - |
| अनुदान दायित्वहरू | ४.१५ | - | - |
| अन्य दायित्व | ४.१६ | ५१६,२६२ | ५६६,८३९ |
| **कुल दायित्व** | | **३८८,१६३,५७६** | **३७५,९९६,४२२** |
| **पुंजी** | | | |
| शेयर पुंजी | ४.१७ | ४१,९५३,७०० | ४१,२६४,६०० |
| साधारण जगेडा कोष | ४.१८ | २०,२०७,६६९ | १६,७१०,१५१ |
| संरक्षित पूंजी फिर्ता कोष | | - | १,७९८,८०९ |
| अन्य वैधानिक कोषहरु | ४.१९ | ३,५६०,२१० | ५,२५८,९१९ |
| अन्य विभिद कोषहरु | | ९,५७४,५५० | ९,३३६,६६२ |
| पूनमूल्याङ्कन कोष | | - | - |
| उचित मुल्य कोष | | - | - |
| संचित मूनाफा | | - | - |
| **कुल पूंजी** | | **७५,२९६,१३०** | **७४,३६९,१४१** |
| **कुल पुंजी तथा दायित्व** | | **४६३,४५९,७०६** | **४५०,३६५,५६३** |

*संलग्न अनुसुचीहरु १ देखि ५ सम्म वितिय विवरणहरुका अभिन्न अंग हुन् ।*

*संलग्न प्रतिवेदन अनुसार,*

| | | | |
|---|---|---|---|
| जनक बाबु नेपाली<br>लेखा प्रमुख | प्रेम कुमार श्रेष्ठ<br>व्यवस्थापक | रामचन्द्र आचार्य<br>कोषाध्यक्ष | सहदेव प्रसाद श्रेष्ठ<br>सचिव |
| | नारायण बाबु श्रेष्ठ<br>लेखा संयोजक | रामबाबु श्रेष्ठ<br>अध्यक्ष | सि.ए. सौरव बस्नेत<br>सौरव बस्नेत एण्ड एसोसिएट्स<br>चार्टड एकाउन्टेन्ट्स |

मिति : २०८३/०६/१२
ठेगाना :गोरखा

# हिमचुली बचत तथा ऋण सहकारी संस्था लिमिटेड

## नाफा नोक्सान विवरण

श्रावण १, २०८२ देखि आषाढ ३२, २०८३ सम्मको

*रकम(रु)*

| विवरण | नोट | आ.व.२०८२/२०८३ | आ.व.२०८१/२०८२ |
|---|---|---|---|
| ब्याज आम्दानी | ४.२२ | २८,३१२,००५ | ३५,२४३,६७५ |
| ब्याज खर्च | ४.२३ | (२०,९०४,५११) | (२४,६०२,९४३) |
| **खुद ब्याज आम्दानी** | | **७,४०७,४९४** | **१०,६४०,७३२** |
| बिकि तथा अन्य सञ्चालन आम्दानी | ४.२४ | ८११,०६७ | १,२५४,३२० |
| बिकिको लागत तथा अन्य प्रत्यक्ष खर्च | ४.२५ | - | - |
| **खुद बिकि तथा अन्य सञ्चालन आम्दानी** | | **८११,०६७** | **१,२५४,३२०** |
| **खुद ब्याज, शुल्क तथा कमिशन आम्दानी** | | **८,२१८,५६१** | **११,८९५,०५१** |
| अन्य सञ्चालन आम्दानी | ४.२६ | ३३,७०० | ३९,७६७ |
| **जम्मा सञ्चालन आम्दानी** | | **८,२५२,२६१** | **११,९३४,८१८** |
| कर्जाको क्षयिकरण/कर्जा तथा अन्य हानीको फिर्ता | ४.२७ | (१,८०४,०११) | (५,२७५,६२७) |
| **खूद सञ्चालन आम्दानी** | | **६,४४८,२५०** | **६,६५९,१९१** |
| <u>सञ्चालन खर्च</u> | | | |
| कर्मचारी लाभ खर्च | ४.२८ | (३,४९०,८२३) | (३,२४९,०१६) |
| अन्य सञ्चालन खर्च | ४.२९ | (२,१५५,९९२) | (२,२६९,१४३) |
| ह्रास कट्टि, परिशोधन तथा क्षयिकरण खर्च | ४.३ | (६००,९९०) | (५५४,८२९) |
| **सञ्चालन नाफा** | | **२००,४४६** | **५८६,२०३** |
| गैर संचालन आम्दानी | ४.३१ | - | - |
| गैर संचालन खर्च | ४.३२ | - | - |
| **आयकर अघिको नाफा** | | **२००,४४६** | **५८६,२०३** |
| आयकर खर्च | ४.३३ | | |
| चालू कर | | (२२५,४९१) | (६०७,४८८) |
| स्थगन कर खर्च/(आम्दानी) | | २५,०४६ | २१,२८५ |
| **यस अवधिको नाफा** | | **०** | **०** |

*संलग्न अनुसुचीहरु १ देखि ५ सम्म वित्तिय विवरणहरुका अभिन्न अंग हुन् ।*

*आजको मितिमा संलग्न प्रतिवेदन अनुसार,*

जनक बाबु नेपाली
लेखा प्रमुख

प्रेम कुमार श्रेष्ठ
व्यवस्थापक

रामचन्द्र आचार्य
कोषाध्यक्ष

सहदेव प्रसाद श्रेष्ठ
सचिव

नारायण बाबु श्रेष्ठ
लेखा संयोजक

रामबाबु श्रेष्ठ
अध्यक्ष

सि.ए. सौरव बस्नेत
सौरव बस्नेत एण्ड एसोसिएट्स
चार्टर्ड एकाउन्टेन्ट्स

**मिति : २०८३/०६/१२**
**ठेगाना :गोरखा**

## हिमचुली बचत तथा ऋण सहकारी संस्था लिमिटेड

### नगद प्रवाह विवरण

श्रावण १, २०८२ देखि आषाढ ३२, २०८३ सम्मको

*रकम(रु)*

| विवरण | आ.व.२०८२/२०८३ | आ.व.२०८१/२०८२ |
|---|---|---|
| **कारोबार संचालनबाट नगद प्रवाह** | | |
| ब्याज आम्दानी | २८,३१२,००५ | ३५,२४३,६७५ |
| शुल्क तथा अन्य सञ्चालन आम्दानी प्राप्ती | ८११,०६७ | १,२५४,३२० |
| भुक्तानी गरिएको ब्याज खर्च | (२०,९०४,५११) | (२४,६०२,९४३) |
| भुक्तानी गरिएको अन्य प्रत्यक्ष खर्च | - | - |
| नगद भुक्तानी कर्मचारी खर्च | (३,२६१,१९०) | (२,८५३,३२८) |
| भुक्तानी गरिएको अन्य कार्यालय सञ्चालन खर्च | (२,१५५,९९२) | (२,२६९,१४३) |
| **सञ्चालन सम्पत्ति र दायित्वको घटबढ अघिको संचालक नगद प्रवाह** | **२,८०१,३७९** | **६,७७२,५८०** |
| **सञ्चालन सम्वन्धी सम्पत्तिमा कमी/(वृद्धि)** | | |
| बैंक तथा वित्तीय संस्थामा रहेको मौज्दात | १०,०००,००० | (४०,०००,०००) |
| सदस्यलाई ऋण लगानी | १९,०६१,१७४ | (१०,८३३,७९०) |
| कर्मचारीलाई ऋण लगानी | - | - |
| अन्य सम्पत्ति | (४८४,९६१) | २,१४६,१६७ |
| **सञ्चालन सम्वन्धी चालु दायित्वमा (कमी)/वृद्धि** | | |
| सदस्यबाट बचत र निक्षेप दायित्व | ११,९८८,०९८ | ५३,४६३,७१६ |
| तिर्न बाँकी कर्जा सापट | - | - |
| अन्य दायित्व | ७६०,४३५ | (२,८३९) |
| **आयकर अगाडिको कार्यगत गतिविधिबाट खुद नगद प्रवाह** | **४४,१२६,१२५.६०** | **११,५४५,८३४** |
| आयकर भुक्तानी | (४५४,६९०) | (६०८,१७२) |
| **सञ्चालन गतिविधिबाट खुद नगद प्रवाह** | **४३,६७१,४३६** | **१०,९३७,६६२** |
| **लगानी कारोवारमा नगद प्रवाह** | | |
| सम्पत्ति संयन्त्र तथा उपकरणको खरिद | (२६९,०४५) | (१,३५९,०९०) |
| सम्पत्ति संयन्त्र तथा उपकरण को बिक्री | - | - |
| लगानी सम्पत्ति खरिद | - | - |
| अमुर्त सम्पत्तिको खरिद | - | - |
| लाभांश तथा फिर्ता भएको संरक्षण पुँजीकोष प्राप्ती | ३३,७०० | ३९,७६७ |
| **लगानी गतिविधिको खुद नगद प्रवाह** | **(२३५,३४५)** | **(१,३१९,३२३)** |
| शेयर पुंजी जारीबाट प्राप्त | ६८९,१०० | १,३०३,९०० |
| लाभांश भुक्तानी | (०) | (२,०२३,७४८) |
| संरक्षण पुँजीकोष भुक्तानी | - | - |
| कोषमा थप/(उपयोग) | - | - |
| **वित्तीय गतिविधिबाट खुद नगद प्रवाह** | **६८९,१००** | **(७१९,८४८)** |
| **नगद तथा नगद सरहमा भएको खुद वृद्धि (कमी)** | **४४,१२५,१९१** | **८,८९८,४९०** |
| सुरु मौज्दात रहेको नगद तथा नगद समान | १०८,०९८,८०३ | ९९,१६९,२०१ |
| नगद तथा नगद समानमा विनिमय दरको उतार चढावको असर | - | - |
| **नगद तथा नगद सरहमा अन्तिम मौज्दात** | **१५२,२२३,९९४** | **१०८,०६७,६९१** |

*संलग्न अनुसुचीहरु १ देखि ५ सम्म वितिय विवरणहरुका अभिन्न अंग हुन्।*

*आजको मितिमा संलग्न प्रतिवेदन अनुसार,*

जनक बाबु नेपाली
लेखा प्रमुख

प्रेम कुमार श्रेष्ठ
व्यवस्थापक

रामचन्द्र आचार्य
कोषाध्यक्ष

सहदेव प्रसाद श्रेष्ठ
सचिव

नारायण बाबु श्रेष्ठ
लेखा संयोजक

रामबाबु श्रेष्ठ
अध्यक्ष

सि.ए. सौरव बस्नेत
सौरव बस्नेत एण्ड एसोसिएट्स
चार्टर्ड एकाउन्टेन्ट्स

**मिति : २०८३/०६/१२**
**ठेगाना :गोरखा**

## हिमचुली बचत तथा ऋण सहकारी संस्था लिमिटेड
### इक्विटीमा भएको परिवर्तन सम्बन्धी विवरण
श्रावण १, २०८२ देखि आषाढ ३२, २०८३ सम्मको

रकम(रु)

| विवरण | शेयर पुंजी | साधारण जगेडा कोष | पुनर्मूल्याङ्कन कोष | संरक्षित पुंजी फिर्ता कोष | वास्तविक मुल्य कोष | अन्य नियमनकारी कोषहरु | सञ्चित मुनाफा | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| श्रावण १, २०८२ सालको मौज्दात | ४१,२६४,६०० | १६,७१०,१५१ | - | १,७९८,८०९ | - | ५,२५८,९१९ | - | ६५,०३२,४७९ |
| **यस वर्षको विस्तृत आम्दानी आ.व २०८२/८३** | | | | | | | | |
| नाफा | - | - | - | - | | - | - | - |
| आयकर पश्चात्तको अन्य विस्तृत आम्दानी (OCI) | - | - | - | - | | - | - | - |
| पुनः मूल्याङ्कन बाट भएका नाफा/(नोक्सान) | | | - | | | | | - |
| परिभाषित लाभ योजनामा बिमाङ्कित नाफा/(नोक्सान) | | | | - | | | - | - |
| **कुल विस्तृत आम्दानी** | - | - | - | - | | - | - | - |
| कोष बाँडफाँड | - | - | - | - | - | - | - | - |
| जगेडा कोषमा स्थानान्तरण | - | ३,४९७,५१८ | - | (१,७९८,८०९) | | (१,६९८,७०९) | - | - |
| कोषबाट भुक्तानी | - | - | - | | | - | - | - |
| **इक्विटीमा देखाईएको शेयरधनी सँगको कारोबार** | | | | | | | | - |
| शेयर निष्काशन | १,१२१,४०० | - | - | - | | - | - | १,१२१,४०० |
| शेयर फिर्ता | (४३२,३००) | - | - | - | | - | - | (४३२,३००) |
| शेयर धनीलाई लाभांश वितरण | | | | | | | | - |
| शेयर धनीलाई संरक्षित पुंजी फिर्ता | - | - | - | - | | - | - | - |
| नगद लाभांश वितरण | - | - | - | - | | (०) | - | (०) |
| अन्य | - | - | - | - | | - | - | - |
| आषाढ २०८२ मसान्त को अन्तिम मौज्दात | ४१,९५३,७०० | २०,२०७,६६९ | - | - | - | ३,५६०,२१० | - | ६५,७२१,५७९ |

हिमचुली बचत तथा ऋण सहकारी संस्था लिमिटेड

अन्य वैधानिक कोषहरु

श्रावण १, २०८२ देखि आषाढ ३२, २०८३ सम्मको

रकम(रु)

| विवरण | शेयर लाभांश कोष | सहकारी प्रवर्द्धन कोष | सहकारी शिक्षा कोष | घाटापूर्ति कोष | सहकारी विकास कोष | सामुदायिक विकास कोष | सहकारी स्थिरीकरण कोष | कर्मचारी बोनस कोष | अन्य जोखिम व्यहोर्ने कोष | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| आषाढ मसान्त २०८२ को अन्तिम मौज्दात | - | ० | ८०१,७५७ | १,१०४,२६० | ९२२,८४५ | ८९६,९५२ | ७४५,१५२ | ० | ७८७,९५२ | ५,२५८,९१९ |
| नाफाबाट बाँडफाँड | - | - | - | - | - | - | - | - | - | - |
| कोषमा सारिएको रकम | - | - | (८०१,७५७) | - | - | (८९६,९५२) | - | | | (१,६९८,७०९) |
| कोषबाट भुक्तानी | - | (०) | | | | - | - | (०) | - | (०) |
| अन्य समायोजन | - | - | - | - | - | - | - | - | - | - |
| आषाढ मसान्त २०८३ को अन्तिम मौज्दात | - | - | - | १,१०४,२६० | ९२२,८४५ | - | ७४५,१५२ | - | ७८७,९५२ | ३,५६०,२०९ |

अन्य विविध कोषहरु

| विवरण | सदस्यता कल्यानकारी कोष | | भवन मर्मत सम्भार कोष | सदस्यता राहात कोष | जम्मा |
|---|---|---|---|---|---|
| आषाढ मसान्त २०८२ को अन्तिम मौज्दात | ८,६५५,६५१ | | ४३३,८११ | २४७,२०० | ९,३३६,६६२ |
| नाफाबाट बाँडफाँड | - | | - | - | - |
| कोषमा सारिएको रकम | ४५२,८८८ | | - | - | ४५२,८८८ |
| कोषबाट भुक्तानी | (१९५,०००) | | | (२०,०००) | (२१५,०००) |
| अन्य समायोजन | - | | - | - | - |
| आषाढ मसान्त २०८३ को अन्तिम मौज्दात | ८,९१३,५३९ | - | ४३३,८११ | २२७,२०० | ९,५७४,५५० |

हिमचुली बचत तथा ऋण सहकारी संस्था लिमिटेड

लेखा टिप्पणी

श्रावण १, २०८२ देखि आषाढ ३२, २०८३ सम्मको

**४.८ सम्पत्ति संयन्त्र तथा उपकरण**

| विवरण | जग्गा | भवन | कार्यालय उपकरण फर्निचर तथा फिक्स्चर | सि.सि टि भी | सेफ र भल्ट | अन्य सम्पत्ति | जम्मा |
|---|---|---|---|---|---|---|---|
| परल मोल | | | | | | | |
| १ श्रावण २०८२ को संशोधित मौज्दात | ६८५,००० | ४,४३५,९१८ | २५६,२०६ | - | - | २२५,०४६ | ५,६०२,१७० |
| यस वर्ष थप: | - | १८५,२०० | - | ८३,८४५ | - | - | २६९,०४५ |
| पुंजीकृत | - | - | - | - | - | - | - |
| यस वर्षको बिक्री | - | - | - | - | - | - | - |
| समायोजन र पून:मुल्याङ्कन | - | | | | | | - |
| **आषाढ मसान्त २०८३ को मौज्दात** | **६८५,०००** | **४,६२१,११८** | **२५६,२०६** | **८३,८४५** | **-** | **२२५,०४६** | **५,८७१,२१५** |
| **ह्रासकट्टी तथा क्षेयीकरण** | | | | | | | |
| १ श्रावण २०८२ को मौज्दात | - | ५४६,६५२ | ११५,००१ | - | - | १२१,७१८ | ७८३,३७१ |
| यस वर्षको ह्रासकट्टी | - | ४३७,४६४ | ४०,७७१ | ७,८३४ | - | ४७,१०८ | ५३३,१७८ |
| बिक्री | - | - | - | - | - | - | - |
| यस वर्षको क्षयीकरण | - | - | - | - | - | - | - |
| **आषाढ मसान्त २०८३ को मौज्दात** | **-** | **९८४,११६** | **१५५,७७२** | **७,८३४** | **-** | **१६८,८२६** | **१,३१६,५४८** |
| **खूद किताबी मुल्य** | | | | | | | |
| **आषाढ मसान्त २०८२ को मौज्दात** | **६८५,०००** | **३,८८९,४६३** | **१४५,४४७** | **-** | **-** | **१६८,०५५** | **४,८८७,९६४** |
| **आषाढ मसान्त २०८३ को मौज्दात** | **६८५,०००** | **३,६३७,१९८** | **१०४,६७६** | **७६,०११** | **-** | **१२०,९४६** | **४,६२३,८३१** |

# हिमचुली बचत तथा ऋण सहकारी संस्था लिमिटेड

## लेखा टिप्पणी

श्रावण १, २०८२ देखि आषाढ ३२, २०८३ सम्मको

### ४.९ ख्याती तथा अमूर्त सम्पत्ति

| विवरण | स्वफ्टवेयर | | अन्य | जम्मा |
|---|---|---|---|---|
| | खरिद | विकासित | | |
| **परल मोल** | | | | |
| १ श्रावण २०८२ को मौज्दात | ११०,००० | - | ८२,५०० | १९२,५०० |
| यस वर्ष थप: | | | | |
| थप | - | | - | - |
| पुंजीकृत | - | | - | - |
| यस वर्षको बिक्री | - | | - | - |
| समायोजन | - | | - | - |
| **आषाढ मसान्त २०८३ को मौज्दात** | **११०,०००** | **-** | **८२,५००** | **१९२,५००** |
| **परिशोधन र क्षयिकरण** | | | | |
| १ श्रावण २०८२ को मौज्दात | ३८,७५० | - | २९,०६३ | ६७,८१३ |
| यस वर्षको लागि क्षयिकरण | | | | - |
| वर्षको लागि परिशोधन शुल्क | ३८,७५० | - | २९,०६३ | ६७,८१३ |
| यस वर्षको बिक्री | - | - | | - |
| समायोजन | - | - | | - |
| **आषाढ मसान्त २०८२ को मौज्दात** | **७७,५००** | **-** | **५८,१२५** | **१३५,६२५** |
| **खूद किताबी मुल्य** | | | | |
| **आषाढ मसान्त २०८२ को मौज्दात** | **७१,२५०** | **-** | **५३,४३८** | **१२४,६८८** |
| **आषाढ मसान्त २०८३ को मौज्दात** | **३२,५००** | **-** | **२४,३७५** | **५६,८७५** |

जनक बाबु नेपाली
लेखा प्रमुख

प्रेम कुमार श्रेष्ठ
व्यवस्थापक

रामचन्द्र आचार्य
कोषाध्यक्ष

सहदेव प्रसाद श्रेष्ठ
सचिव

नारायण बाबु श्रेष्ठ
लेखा संयोजक

रामबाबु श्रेष्ठ
अध्यक्ष

सि.ए. सौरव बस्नेत
सौरव बस्नेत एण्ड एसोसिएट्स
चार्टड एकाउन्टेन्ट्स

**मिति : २०८३/०६/१२**
**ठेगाना :गोरखा**

**हिमचुली बचत तथा ऋण सहकारी संस्था लिमिटेड**

**लेखा टिप्पणी**

श्रावण १, २०८२ देखि आषाढ ३२, २०८३ सम्मको

**४.११ अन्य सम्पत्ति**

| विवरण | आ.व.२०८२/२०८३ | आ.व.२०८१/२०८२ |
|---|---|---|
| ब्याज र हर्जाना | - | - |
| धरौटी (दुर संचार धरौटी) | - | - |
| **अग्रिम भुक्तानी** | - | - |
| आई.एम.ई पे खाता | ३,३९६ | २५९,९१६ |
| पे वेल पेमेन्ट | ७,३९७ | ७,३९७ |
| अन्य | १,००० | १,००० |
| कर्मचारीहरूलाई सहुलियत दरमा उपलब्ध कर्जासँग सम्वन्धित अग्रिम खर्च | - | - |
| मोवाइल बैकिङ्ग अपरेटर | ५६,७५२ | १४,२१८ |
| **अन्य पाउनुपर्ने** | - | - |
| वतास हिमाल रेमिट | - | - |
| प्रभु म्यानेजमेन्ट प्रा. लि. | २२२,३०० | २२२,३०० |
| आइ.एम.इ रेमिट | ३००,७७८ | ३००,००० |
| अन्य | ३८७ | ११९ |
| अन्य पेश्की | ६१५,९०९ | ४९१,१३१ |
| **जम्मा** | **१,२०७,९१९** | **१,२९६,०८१** |

**४.१२ सदस्यबाट बचत र निक्षेप दायित्व**

| विवरण | आ.व.२०८२/२०८३ | आ.व.२०८१/२०८२ |
|---|---|---|
| आवधिक बचत | ११९,३१८,६१० | १५१,४६५,६२८ |
| वाल बचत | २३,८३९,२४१ | १८,७१०,७९९ |
| दैनिक बचत | ११,४२४,०८१ | ८,८७०,३७८ |
| संच्य कोष बचत | ५,८२६,५६१ | ५,४१०,६९३ |
| हिमचुली बचत | १४,२०४,९२० | १४,३५८,९५४ |
| संयुक्त बचत | ८,११६,५६५ | १३,६९७,५१९ |
| पेन्सन बचत | ६,५७०,००० | ६,६७५,००० |
| अक्षय कोष बचत | २००,००१ | १,६२६,११२ |
| चाड पर्व बचत | ८६,९९२ | २७,०९८ |
| ऐच्छिक बचत | ११०,९३६,८८१ | ७६,२०८,१९६ |
| जेष्ठ सदस्य बचत | १०,३७१,९५८ | ९,९१४,९०७ |
| नियमित ऐच्छिक बचत | २,१९७,५५३ | १,९४४,५७१ |
| सदस्य मासिक बचत | ७१,३६६,८५६ | ६३,५६२,२६७ |
| **जम्मा** | **३८४,४६०,२२०** | **३७२,४७२,१२२** |

जनक बाबु नेपाली
लेखा प्रमुख

प्रेम कुमार श्रेष्ठ
व्यवस्थापक

रामचन्द्र आचार्य
कोषाध्यक्ष

राजदेव प्रसाद श्रेष्ठ
सचिव

नारायण बाबु श्रेष्ठ
लेखा संयोजक

रामबाबु श्रेष्ठ
अध्यक्ष

सि.ए. [illegible] बस्नेत
[illegible] एण्ड एसोसिएट्स
चार्टर्ड एकाउन्टेन्ट्स

मिति : २०८३/०६/१२
ठेगाना :गोरखा

## हिमचुली बचत तथा ऋण सहकारी संस्था लिमिटेड

### लेखा टिप्पणी

श्रावण १, २०८२ देखि आषाढ ३२, २०८३ सम्मको

**४.२२ ब्याज आम्दानी**

| विवरण | आ.व.२०८२/२०८३ | आ.व.२०८१/२०८२ |
|---|---|---|
| | - | - |
| बैंक तथा वित्तीय संस्थाहरूसँग मौज्दात | ३,००५,७२१ | ४,०७२,५७२ |
| सदस्यहरुलाई कर्जा र सापट | २५,३०६,२८४ | ३१,१७१,१०३ |
| **जम्मा ब्याज आम्दानी** | **२८,३१२,००५** | **३५,२४३,६७५** |

**४.२३ ब्याज खर्च**

| विवरण | आ.व.२०८२/२०८३ | आ.व.२०८१/२०८२ |
|---|---|---|
| बैंक तथा वित्तीय संस्थाहरूबाट ऋण | - | - |
| सदस्यहरूबाट निक्षेप | २०,९०४,५११ | २४,६०२,९४३ |
| अग्राधिकारविहीन दायित्वहरू | - | - |
| **जम्मा ब्याज खर्च** | **२०,९०४,५११** | **२४,६०२,९४३** |

**४.२४ बिकी र अन्य सञ्चालन आम्दानी**

| विवरण | आ.व.२०८२/२०८३ | आ.व.२०८१/२०८२ |
|---|---|---|
| व्यापारिक वस्तुहरूको विकी | - | - |
| घटाउने: विक्रीमा छुट | - | - |
| व्यापारिक वस्तुहरूको खुद बिकी | - | - |
| ऋण गतिविधिहरूबाट अन्य आम्दानी (४.२४.१ हेर्नुहोस) | ६२६,४२७ | १,००६,४१२ |
| सदस्यहरूलाई सेवाहरूबाट आम्दानी (४.२४.२ हेर्नुहोस) | १८४,६४० | १६७,६३८ |
| सदस्यहरूबाट अन्य आम्दानी (४.२४.३ हेर्नुहोस) | - | ८०,२७० |
| **जम्मा बिकी र अन्य सञ्चालन आम्दानी** | **८११,०६७** | **१,२५४,३२०** |

**४.२४.१ ऋण दिने गतिविधिहरूबाट हुने अन्य आम्दानी**

| विवरण | आ.व.२०८२/२०८३ | आ.व.२०८१/२०८२ |
|---|---|---|
| ऋण व्यवस्थापन शुल्क | ५७९,५४७ | ९३८,८८६ |
| आवेदन शुल्क | ११,००० | १४,६०० |
| मूल्याङ्कन र सम्बन्धित शुल्क | - | - |
| म्याद नाघेको ऋणमा जरिवाना | - | ५२,९२६ |
| म्याद नाघेको अनिवार्य निक्षेपमा जरिवाना | ३५,८८० | - |
| खाता बन्द गर्ने शुल्क | - | - |
| **ऋण दिने गतिविधिहरूबाट हुने जम्मा अन्य आम्दानी** | **६२६,४२७** | **१,००६,४१२** |

**४.२४.२ सदस्यहरूलाई सेवाबाट हुने आम्दानी**

| विवरण | आ.व.२०८२/२०८३ | आ.व.२०८१/२०८२ |
|---|---|---|
| तालिम प्रशिक्षण आम्दानी | - | - |
| बीमा तथा रेमिटान्स कमिशन | २८,२८६ | ५२,३३९ |
| मोबाईल बैंक दर्ता बैंकिङ्ग | १०७,४०० | १०३,२०० |
| प्रवेश शुल्क | ४०,३५० | - |
| पास बुक चेक बुक तथा खाता बन्द शुल्क | ६,७०० | ३०० |
| अन्य आम्दानी | १,९०४ | ११,७९९ |
| **सदस्यहरूलाई सेवाबाट हुने जम्मा आम्दानी** | **१८४,६४०** | **१६७,६३८** |

हिमचुली बचत तथा ऋण सहकारी संस्था लिमिटेड

लेखा टिप्पणी

श्रावण १, २०८२ देखि आषाढ ३२, २०८३ सम्मको

**४.२८ कर्मचारी लाभ खर्च**

| विवरण | आ.व.२०८२/२०८३ | आ.व.२०८१/२०८२ |
|---|---|---|
| **अल्पकालीन कर्मचारी लाभ** | | |
| तलब र भत्ताहरू | २,९४४,९०३ | २,७८२,५६९ |
| पोशाक | ८०,००० | ६०,००० |
| कर्मचारी कल्यान कोष | २२८,२६० | २२७,१२३ |
| कर्मचारी कल्यान कोष(व्याज) | २३७,६६० | १७९,३२४ |
| **जम्मा कर्मचारी लाभ खर्च** | **३,४९०,८२३** | **३,२४९,०१६** |

**४.२९ अन्य प्रशासनिक र सञ्चालन खर्च**

| विवरण | आ.व.२०८२/२०८३ | आ.व.२०८१/२०८२ |
|---|---|---|
| संञ्चालक समिति र उप-समिति वैठक भत्ताहरू | ११७,००० | १३८,००० |
| संञ्चालक समिति र उप-समिति बैठक खर्च | ४२,४५० | ४३,७९० |
| वाह्य लेखा परीक्षकहरूको पारिश्रमिक | १५०,००० | ७५,००० |
| NFRS परामर्श शुल्क | - | ७५,००० |
| भाडा खर्च | - | ४३,४४५ |
| वार्षिक साधारण सभा खर्च | १,०४६,६७५ | १,०९४,७०९ |
| कार्यालय आपूर्ति र स्टेशनरी खर्च | १०७,१९० | २६९,४१६ |
| सम्पति कर दाखिला | - | २,४०० |
| मर्मत र मर्मतसम्भार | ४७,५५० | १६,३६१ |
| सञ्चार खर्च | ४३,८०० | ४९,३९० |
| वैक चार्ज र कमिसन | २,३८५ | २,१९० |
| चाडपर्व र अन्य उत्सव खर्च तथा अतिथि सत्कार | १३,५३५ | १२,३६० |
| सफ्टवेर नविकरण | १८६,०२० | १६४,८४० |
| तालिममा सहभागी  खर्च | १४५,१६५ | ४७,२६५ |
| वीमा प्रिमियम खर्च | २६,८५८ | २६,८६८ |
| प्रोविशन कायक्रम खर्च | - | ६६,६४० |
| विजुली, पानी र अन्य कार्यालय उपयोगिताहरू | ३९,५३८ | ३६,८७१ |
| सामाजिक खर्च | ४५,१९० | ४०,९४० |
| एस.एम.एस चार्ज | १५,००० | १०,००० |
| दर्ता र नवीकरण | २०,९१७ | १०,०८४ |
| कार्यलर्य सञ्चालन तथा व्यवस्थापन खर्च | ५३,९१० | ३७,६७० |
| खाना खाजा यातायात तथा जयाला | ४९,८५७ | - |
| व्याज रिवेट | १,५६८ | |
| अन्य खर्च | १,३८५ | ५,९०५ |
| **जम्मा प्रशासनिक र सञ्चालन खर्च** | **२,१५५,९९२** | **२,२६९,१४३** |

| | | | |
|---|---|---|---|
| जनक बाबु नेपाली<br>लेखा प्रमुख | प्रेम कुमार श्रेष्ठ<br>व्यवस्थापक | रामचन्द्र आचार्य<br>कोषाध्यक्ष | सहदेव प्रसाद श्रेष्ठ<br>सचिव |

| | | |
|---|---|---|
| नारायण बाबु श्रेष्ठ<br>लेखा संयोजक | रामबाबु श्रेष्ठ<br>अध्यक्ष | सि.ए. सौरभ बस्नेत<br>सौरभ बस्नेत एण्ड एसोसिएट्स<br>चार्टर्ड एकाउन्टेन्ट्स |

**मिति : २०८३/०६/१२**
**ठेगाना :गोरखा**

अन्तमा,

कोषाध्यक्षको हैसियतले शेयरधनी महानुभावहरु समक्ष गत वर्षको आम्दानी-खर्चको यथार्थ विवरण र आगामी आ.व. २०८३/०८४ को प्रस्तावित आम्दानी खर्चको विवरण साथै आ.व. २०८२/८३ को लेखापरीक्षण प्रतिवेदन समेत पारित गरिदिनु हुन अनुरोध गर्दछु, र यस वर्षको साधारण सभा अधिवेशन सहितको साधारण सभा भएको र सम्पुर्ण पदाधिकारी तथा सदस्यहरु चयन भइसक्नु भएको ले निर्वाचीत हुनुहुने सम्पूर्ण पदाधिकारी एवं सदस्यज्यूहरुलाई सफल कार्यकालको शुभकामना सहित हार्दिक बधाई दिन चाहन्छु साथै आउँदै गरेको नेपालीहरुको बडादशैं, दीपावली, नेपाल संवत, छठपर्व, ईद, क्रिसमस लगाएतका सम्पूर्ण धर्मावलम्वीहरुको विभिन्न पर्वहरुका उपलक्ष्यमा नेपाल र नेपाल बाहिर रहेका नेपालीजनहरुमा सुस्वास्थ्य र दीर्घायुको शुभकामना व्यक्त गर्दै प्रतिवेदनको अन्त्य गर्न चाहन्छु ।

धन्यवाद,
जय हिमुचली जय सहकारी ।

# हिमचुली बचत तथा ऋण सहकारी संस्था लि.
## गोरखा नगरपालिका-७, नयाँबजार, गोरखा
## ३४ औं वार्षिक साधारण सभाको अवसरमा प्रस्तुत

ऋण उपसमितिको प्रगति प्रतिवेदन (आ.व. २०८२/०८३)

मिति :- २०८३ असोज १६ गतेदेखि २२ गते सम्म

**आदरणीय सभाध्यक्षज्यू, प्रमुख अतिथिज्यू, तथा शेयर सदस्य महानुभावहरू,**

यस गरिमामय ३४औं वार्षिक साधारण सभाका सभा अध्यक्षज्यू, प्रमुख अतिथिज्यू, विशेष अतिथिज्यूहरू, मञ्चमा आसिन अतिथिज्यूहरू, लेखा सुपरीवेक्षण समितिका संयोजकज्यू, संस्थाका सल्लाहकारज्यूहरू, संस्थापकज्यूहरू, कानूनी सल्लाहकारज्यू, संस्थाका उपाध्यक्ष एवं सञ्चालक समितिका पदाधिकारीका साथै सदस्यज्यूहरू, सातवटै क्षेत्रीय समितिका संयोजकका साथै सदस्यज्यूहरू, पत्रकारज्यू, साधारण सभाका सदस्यज्यूहरू, संस्थाका व्यवस्थापक एवं कर्मचारीज्यूहरूमा संस्थाको ऋण उपसमितिको तर्फवाटसहकारी अभिवादन व्यक्त गर्दै हार्दिक स्वागत गर्न चाहछु ।

## १. संस्थागत नीति तथा प्रोवेसन (PROBATION) कार्यक्रम

यो संस्था आफैंमा बचत तथा ऋण सहकारी भएकोले नियमन निकाय नेपाल बचत तथा ऋण केन्द्रीयसहकारी संघ (नेफ्स्कून) को नीति अनुसार यस संस्था विगत १० वर्षदेखि प्रोवेसन (PROBATION) को कार्यक्रममा आबद्ध भई अन्तिम चरणमा प्रवेश गरेको छ । संस्थाको सम्पूर्ण कार्य राम्रोहुँदाहुँदै पनि केही हाम्रा सदस्यहरूले नियमित ऋणको किस्ता नतिर्नाले संस्थालाई नराम्रो असर गरेको छ । ऋण नीति अनुसार ऋण अनिवार्य रूपमा नियमित किस्ताको रूपमा तिर्नुपर्ने हुन्छ । यदि एक किस्ता रकमकोभाखा नाघेमा बाँकी सबै किस्ताले भाखा नाघेको मानिन्छ । ३ महिना सम्मको लागि १%, ३ देखि ६ महिना सम्म भाखा नाघेको ऋणलाई २५%, ६ महिना देखि १२ महिना सम्म भाखा नाघेको ऋणको लागि ५०% र १२ महिना वा १ वर्षभन्दा माथि भाखा नाघेको ऋणको लागि १००% ऋण सुरक्षण कोष (Loan Loss Provision Fund) मा रकमछुट्याउनुपर्ने हुन्छ । हाल करिब रु (२,७७,१४,३३८।-) (गत वर्ष रु. २ करोड ५९ लाख थियो) खराब कर्जा सुरक्षण कोषमा व्यवस्था गर्नुपर्ने अवस्था सिर्जना भएको खण्डमा सदस्यज्यूहरूलाई मुनाफा (लाभांश) बाँड्नसक्ने अवस्थामा हुने छैनौ । यसले संस्था सञ्चालन गर्न धेरै नै असर पुऱ्याउँछ र हाम्रो संस्था प्रोवेसन कार्यक्रममा सफल हुन सक्दैन । त्यसैले सम्पूर्ण सेयर धनी महानुभावहरूले आगामी दिनमा अवश्य पनि यस नीतिलाई अवलम्बन गरी सहयोग पुऱ्याउनु हुनेछ भन्नेमा समिति पूर्ण रूपमा आशावादी छ । संस्थाले सदस्य संरक्षण सिद्धान्तलाई लागू गर्दै आफ्ना सदस्यहरूलाई निरन्तर गुणस्तरिय सेवा दिँदै आएको छ ।

## २. धितो मूल्याङ्कनका आधारहरू

धितो मूल्याङ्कन गर्दा, रु. १० लाख सम्म संस्थाको धितो मूल्याङ्कन उपसमिति र रु १० लाख भन्दा माथिको ऋण लगानीको लागि मान्यता प्राप्त कन्सल्टेन्सीको मूल्याङ्कन अनुसार मूल्याङ्कित रकमको ७० प्रतिशत सम्म ऋण लगानी गरिन्छ । धितो मूल्याङ्कन गर्दा मालपोतको मूल्याङ्कन र चलन चल्तीको मूल्याङ्कनलाई आधार मानेर गरिन्छ ।

## ३. ऋण लगानी नीति तथा ५ सी (5C) विश्लेषण

सहकारी संस्थामा सम्पूर्ण सेयर सदस्यहरूको दायित्व समान हुन्छ । संस्थामा रहेको परिचालन गर्दा दैनिक कारोबारलाई असर नपर्ने गरी संस्थाको नीति अनुसार निष्पक्ष तवरले ऋण लगानी गर्दै आइरहेको कुरा अवगत गराउन चाहन्छु । सदस्यहरूमा ऋण लगानी गर्दा धितो, कमाई वा कुनै एकलाई मात्र आधार मान्न मिल्दैन । ऋण नीति अनुसार ऋणीले जुन शीर्षकमा ऋण लगेको छ, सोही शीर्षकमा लगानी गरेको हुनु पर्दछ । ऋण लगानी गर्दा मुख्यतया ५ वटा कुरालाई आधार मानी विश्लेषण गरिन्छ, जसलाई ५ सी (**5C**) विश्लेषण भनिन्छ :

१. Character (चालचलन)
२. Capacity (ऋण तिर्न सक्ने क्षमता)
३. Capital Structure (पूँजीको संरचना)
४. Collateral (धितो)
५. Condition (अवस्था)

यस विश्लेषण अनुसार निम्न बमोजिमको योग्यता पूरा नभएमा ऋण लगानी गर्न नमिल्ने हुँदा सम्पूर्ण सदस्यहरूमा जानकारी तथा अनुरोध गर्दछौं :

(क) ६० भन्दा कम अंक प्राप्त गर्ने परियोजनामा ऋण लगानी नगर्ने ।
(ख) ६० भन्दा माथि ७० सम्म अंक प्राप्त गर्ने परियोजनामा परियोजना लागतको ६०% भन्दा बढी नहुने गरी लगानी नगर्ने र थप अचल सम्पत्ति धितो माग गर्ने ।
(ग) ७० भन्दा माथि ८० सम्म अंक प्राप्त गर्ने परियोजनामा परियोजना लागतको ७०% भन्दा बढी नहुने गरी लगानी गर्ने र पर्याप्त अचल सम्पत्ति धितो माग गर्ने ।
(घ) ८० भन्दा माथि ९० सम्म अंक प्राप्त गर्ने परियोजनामा अचल सम्पत्ति धितो राखीपरियोजना लागतको ८०% सम्म लगानी गर्न सक्ने ।
(ङ) ९० भन्दा माथि अंक प्राप्त गर्ने परियोजनामा परियोजना लागतको ८०% सम्म विनाधितो ऋण लगानी गर्न सक्ने ।

उल्लेखित योग्यता पूरा भएका सदस्यहरूलाई रु. १०,००,०००।- (रु. दश लाख) भन्दा कम ऋण उपसमितिको सिफारिसमा र सोभन्दा बढी रकममाग भएमा स्वीकृत/सूचीकृत मूल्याङ्कनकर्ताको सिफारिसमा सञ्चालक समिति मार्फत लगानी गरिनेछ । रु. २,००,०००।- सम्मको ऋण व्यवस्थापकले कर्मचारीसँगको समन्वयमा उपलब्ध गराउन सक्छन्भने सो भन्दा माथिको ऋण सम्पूर्ण प्रक्रिया पूरा गरी ऋण उपसमितिको बैठकले धितो मूल्याङ्कन उप

समितिको सिफारिसमा सञ्चालक समितिद्वारा निर्णय गरी ऋण लगानी गरिन्छ। ऋणीको तमसुकमा नजिकको हकदार अनिवार्य साक्षीको रूपमा राख्नेव्यवस्था गरिएको छ।

## ४ ऋणको प्रकार तथा ब्याजदरको ब्यहोरा

संस्थामा रहेकोतरलताको आधारमा ऋण माग फारम भरी पेस गर्दा पहिलो प्राथमिकताको आधारमा ऋणहरू प्रदान गरिन्छ। तर नियमित ऋणलाई भने यस नीतिले केही प्रभाव पार्ने छैन। संस्थामा हाल कार्यान्वयनमा रहेकाऋणका प्रकार तथा स्वीकृत ब्याजदरहरू निम्न अनुसार रहेकाछन्सुरक्षणको

| *१.* | *उत्पादन मूलक ऋण* | *ब्याजदर* | २.३. | शैक्षिक ऋण | ७% |
|---|---|---|---|---|---|
| १.१. | कृषि व्यवसाय ऋण | ७% | २.४. | उपभोग मूलक (घरायसी) ऋण | ९% |
| १.२. | ब्यापार व्यवसाय ऋण | ९% | २.५. | बचत धितो ऋण | ९% |
| १.३. | औधोगिक ऋण | ९% | २.६ | बैदेशिक रोजगार ऋण | ९% |
| *२* | *अनुत्पादक ऋण* | *ब्याजदर* | २.७. | घरायसी/साधारण ऋण | ९% |
| २.१ | घर निर्माण, घडेरी/जग्गा खरीद ऋण | ९% | २.८ | बैदेशिक अध्ययन ऋण | ९% |
| २.२. | स्वास्थ्य ऋण | ७% | २.९. | आवधिक बचत धितो ऋण - बचतमा पाएको व्याज भन्दा २% बढी | |

राष्ट्रिय सहकारी नियमन प्राधिकरणको निर्देशन अनुसार संस्थाले ऋण लगानी गर्दा उत्पादन मूलक क्षेत्र र अनुपात्दक क्षेत्रमा गरी २ क्षेत्र भित्र रहेर कृषि व्यवसाय ऋण, व्यापार व्यवसाय ऋण र औधोगिक ऋण आधारमा धितो ऋण र जमानी ऋण तथा प्रयोगको आधारमा कृषि तथा व्यवसाय, घरजग्गा खरिद, व्यापार व्यवसाय, शैक्षिक/औधोगिक/स्वास्थ्य, सामाजिक, साधारण, धन जमानी, सामूहिक उत्पादनमूलक र वैदेशिक रोजगारऋण प्रवाह गरिन्छ। संस्थामा हालसम्म ऋण लगानी गर्दा रु. १५,०००।- र निजको संस्थामा रहेकोबचतको ९०% सम्म संस्थाको १ जना सेयर सदस्यको जमानी वा विना धितो ऋण लगानी गरिन्छ। ऋणीले समयभित्र ऋण चुक्ता नगरेमा जमानत बसेको सेयर सदस्यहरुबाट नै कानून बमोजिम असुल उपर गरिदै लगिनेछ।

## ५. ऋण लगानी, असुली तथा उठ्नबाँकी ऋणको क्षेत्रगत विवरण

गत आर्थिक वर्षको अन्त्यसम्ममा यस संस्थाबाट सदस्यहरुलाई ऋण लगानी गर्दा निम्न अनुसार लगानीको क्षेत्रगत रुपमा लगानी गरिएको ऋणको पूर्ण विवरण निम्नानुसार रहेकोछ ।

| क्र.सं. | लगानीको क्षेत्र | लगानी गरिएको ऋण रकम |
|---|---|---|
| १. | कृषि पर्यटक तथा घरेलु कर्जा | २,३६,९८,१०२।- |
| २. | व्यापारीक कर्जा | ९,९२,३५,६८६।- |
| ३. | औधोगिक कर्जा | ३९,९४,७९९।- |
| ४. | घरायसी कर्जा | ४४,५६,४६४।- |
| ५. | घर निर्माण तथा जग्गा खरीद | ६,३७,१४,१४७।- |
| ६. | बचत धितोमा कर्जा | ३०,४७,५९१।- |

| | | |
|---|---|---|
| ७. | विशेष कर्जा | १,३१,७३,८७९।- |
| ८. | बैदेशिक रोजगार कर्जा | १,३८,९९,८२२।- |
| ९. | औषधी उपचार कर्ज | ५,७७,८१८।- |
| १०. | अन्य कर्जा | २,१४,०७,२७९।- |
| | कूल ऋण लगानी – | २४,९४,०२,२१४।- |

## ६. ऋण विश्लेषण तथा वितरण तथ्याङ्क (५ सी विश्लेषणका आधारमा)

५ सी (5C) विश्लेषणलाई आधार बनाएर स्वीकृत गरिएका ऋणहरूको संख्यात्मक वर्गीकरण निम्न अनुसार रहेकोछ । विगत वर्षहरूमा भरपर्दो लगानी कर्ता र ऋणीको अभावका कारण केही रकमगत वर्ष रु. ५०,००,०००।- थियो) नेफ्स्कून (NEFSCUN) को आवधिक खातामा तरलता व्यवस्थापन स्वरूप राखिएकोछ । चालु वर्षको ऋण वितरण संख्यात्मक विवरण तपसिल बमोजिम रहेकोछ :

| ऋण सीमा वर्गीकरण | ऋणी सदस्य संख्या (गत वर्ष) | ऋणी सदस्य संख्या (यस वर्ष) |
|---|---|---|
| रु. १५,००० सम्म | ९१ जना | ८ जना |
| रु. १५,००१ देखि रु. १,००,००० सम्म | ४३ जना | ९० जना |
| रु. १,००,००१ देखि रु. ५,००,००० सम्म | १११ जना | १०२ जना |
| रु. ५,००,००१ देखि रु. १०,००,००० सम्म | ३९ जना | २० जना |
| रु. १०,००,००१ देखि रु. १५,००,००० सम्म | १० जना | ४ जना |
| रु. १५,००,००१ भन्दा माथि | ९ जना | ७ जना |
| जम्मा – | ३०३ जना | २३१ जना |

## ७. ऋण असुलीका चुनौतीहरू तथा संस्थाका प्रयासहरू

लगानीको अवस्थामा ५सी (5C) को आधारमा ठीक ठानी ऋण वितरण गर्दा गर्दै पनि बजारमा देखा परेका विविध आर्थिक शिथिलताका कारण कतिपय सदस्यहरूले नियमित मासिक किस्ता बुझाउन नसकेको अवस्था छ। मुख्य चुनौतीहरू देहाय बमोजिम रहेकाछन्ऋणीहरू

- ✓ अन्य बैंक तथा वित्तीय संस्था वा लघुवित्तको ऋणको दबाबमा पर्नु ।
- ✓ वैदेशिक रोजगारीबाटयुवाहरू अपेक्षाकृत आम्दानी नभई फिर्ता आउनु ।
- ✓ मन्दीका कारण सञ्चालित पेसा, व्यवसाय तथा व्यापार नचल्नु वा घाटामा गई टाट पल्टिनु ।
- ✓ घरघडेरी तथा घरजग्गा कारोबारमा आएको देशव्यापी मन्दी ।
- ✓ उत्पादनमूलक क्षेत्रमा भन्दा अनुत्पादक वा सामाजिक क्षेत्रमा बढी ऋण लगानी हुनु ।
- ✓ ऋणी वा परिवारका सदस्य बिरामी पर्नु वा अन्य दैवी प्रकोप जस्ता काबु बाहिरको परिस्थिति उत्पन्न हुनु ।
- ✓ कतिपय नियत नै खराब राखीनियोजित रूपमा ऋण तिर्न अटेरी गर्ने वा आलटाल गर्ने प्रवृत्तिका सदस्यहरूको संख्या बढ्नु।

**कार्य सम्पादनमा महशुस भएका कमीहरू :**

- ✓ ऋण अनुगमन प्रक्रिया र असुली सम्बन्धी विभिन्न प्रक्रियाहरू अपनाउँदा अपनाउँदै पनि भाखा नाघ्ने अबस्था दिनानुदिन बढ्दै गएको छ ।
- ✓ सदस्यहरूमा सहकारी संस्था र अन्य बैंक वित्तीय संस्था प्रति हेर्ने दृष्टिकोणमा अझै भिन्नता पाईएको छ ।
- ✓ सदस्यहरूलाई पूर्ण रूपमा वित्तीय अनुशासनको पालना गराउन सकिएको छैन ।
- ✓ ऋण असुलीदर १००% कायम गर्न सकिएको छैन ।
- ✓ ऋण नोक्सानी जोखिम व्यवस्था सत प्रतिसत गर्न सकिएको छैन ।

यस्ता विविध चुनौतीहरूका बिच पनि संस्थाले सहकारी ऐन, संस्थाको ऋण नीति र व्यावहारिक तरिकाबाट ऋण असुलीका लागि आनो सम्पूर्ण सामर्थ्य प्रयोग गरी निरन्तर प्रयासहरू गर्दै आइरहेको छ, जसको संक्षिप्त विवरण देहाय बमोजिम रहेको छ :

- ✓ संस्थाको व्यवस्थापन तह तथा ऋण शाखाबाट फोन मार्फत ऋणी तथा जमानीकर्ताहरूलाई बारम्बार सम्पर्क गरिएको ।
- ✓ ऋणको वर्गीकरण र भाखा नाघेको अवधिको आधारमा विभिन्न चरणमा फरक–फरक प्रकृतिको सचेत गराउने र ताकेता पत्रहरू पठाउने कार्य गरिएको ।
- ✓ कर्मचारी तहबाट नियमित रूपमा र पटक/पटक ऋणीको घरदैलो भेटघाट तथा परामर्श कार्यक्रम सम्पन्न गरिएको ।
- ✓ सञ्चालक समिति, ऋण उपसमिति र ऋण असुली उप समिति संयुक्त रूपमा सक्रिय भई ऋणी तथा जमानीकर्ताहरूको घरदैलो कार्यक्रम सम्पन्न गरिएको ।
- ✓ सञ्चालनमा रहेकातर पूँजीको अभावमा संकटमा परेका व्यवसायलाई पुनः थप ऋण प्रवाह गरी किस्ता नियमित गराउन आवश्यक पहल एवं पुनर्सरचना गरिएको ।
- ✓ नियत नै खराब राखीऋण नतिर्ने कतिपय ऋणी सदस्यहरूको धितो लिलाम गर्ने लगायतका कानूनी प्रक्रियामा प्रवेश गरी कारबाहीमा जानुपर्ने देखिन्छ ।

ऋणी सदस्यहरूले नियमित ऋण किस्ता नबुझाउँदा हामीले यस वर्ष पनि प्रोवेसन ( PROBATION) को अन्तिम लेखापरीक्षण कार्य समयमै सम्पन्न गर्न बाधा उत्पन्न भएको छ । जसका कारण संस्थाले प्राप्त गर्ने 'प्रोवेशन ब्रान्ड' हासिल गर्ने हाम्रो राष्ट्रियलक्ष्य प्राप्तिमा केही वर्ष थप कुर्नुपर्ने बाध्यात्मक अवस्था सिर्जना भएको छ । अतः सम्पूर्ण ऋणी सदस्यज्यूहरूलाई समयमै आफूले लिएको ऋणको किस्ता र ब्याज बुझाई संस्थालाई अगाडि बढाउन र हाम्रा रणनीतिककार्यक्रमहरूलाई सफल बनाउन सहयोग गरिदिनुहुन यसै साधारण सभा मार्फत हार्दिक अपील गर्दछौ ।

## ८. असल ऋणी सम्मान कार्यक्रम

यस संस्थाको आकार पूँजी तथा सेयर सदस्य संख्याको हिसाबले अत्यन्त ठुलो र सबल भइसकेको छ । संस्थामा केही खराब नियतका ऋणीहरू भए तापनि धेरै जसो सदस्यहरू अनुशासित,

नियमित र असल हुनुहुन्छ । असल सेयर सदस्यहरूलाई प्रोत्साहन गर्न विगत वर्षहरू देखि नै सञ्चालन हुँदै आएको 'असल ऋणी सम्मान कार्यक्रम' लाई यस वर्ष पनि निरन्तरता दिइएको छ । तोकिएका आधार र सूचकहरूका आधारमा मूल्याङ्कन गर्दा यस वर्ष उत्कृष्ट ठहरिनु भई सम्मानित हुनुभएका ३ जना सदस्यहरूको विवरण निम्नानुसार रहेकोछ :

| क्र.सं. | असल ऋणीको नाम | शे.द.नं. | ठेगाना | लगानी क्षेत्र |
|---|---|---|---|---|
| १. | श्री बेलु मग्राती उपरकोटी | ११७९ | गो.न.पा.-८, रानीश्वाँरा | घर निर्माण |
| २. | श्री रेवती प्रसाद घिमिरे | १३०७ | गो.न.पा.-८, कट्टेलडाँडा | व्यापार |
| ३. | श्री कृष्ण कुमार श्रेष्ठ | १५२४ | गो.न.पा.-५, रोहटेपानी | व्यापार |

सम्मानित असल ऋणी सदस्यज्यूहरूलाई ऋण उपसमितिको तर्फबाट हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछौं । साथै अन्य सम्पूर्ण ऋणी शेयरधनी सदस्यज्यूहरूले पनि आगामी दिनहरूमा आफूले लिएको ऋणको किस्ता समयमै नियमानुसार भूक्तानी गरी असल ऋणीको रूपमा आफूलाई यस मञ्चमा प्रस्तुत गर्नुहुनेछ भन्ने पूर्ण विश्वास लिएका छौं ।

## ९. निष्कर्ष तथा धन्यवाद

अन्त्यमा संस्थाको सबैभन्दा संवेदनशील र महत्वपूर्ण पाटो भनेकै ऋणको सुरक्षित परिचालन र असुली हो । यो क्षेत्र जति सुशासित, व्यवस्थित र प्रभावकारी हुन्छ, संस्था त्यति नै बलियो र वित्तीय रूपमा मजबुत हुन्छ । यस कार्यमा सम्पूर्ण शेयरधनीहरूको रचनात्मकसहयोग र इमान्दारिता बिना संस्था एक्लैले सफलता हासिल गर्न असम्भव प्रायः छ । यस आ.व. २०८२/०८३ को अवधिमा यस ऋण उपसमितिको नियमित बैठक जम्मा ११ पटक (गत वर्ष १० पटक) बसी ऋणको आवेदन तथा स्वीकृतिको प्रक्रियालाई व्यवस्थित र पारदर्शी बनाउने प्रयास गरिएको छ । यस कार्यमा आफ्नो महत्वपूर्ण समय दिई गहन जिम्मेवारी निर्वाह गर्नुहुने ऋण उपसमितिका सदस्य साथीहरू श्री चुन बहादुर बस्नेत र श्री किरण अर्याललाई हार्दिक धन्यवाद दिन चाहन्छु । साथै, हामीलाई मार्ग निर्देशन प्रदान गर्नुहुने सञ्चालक समिति, निरन्तर असुलीमा सहयोग गर्ने ऋण असुली उप समिति, सातवटै क्षेत्रीय समितिहरू, लेखा सुपरीवेक्षण समिति, सल्लाहकारज्यूहरू, र अहोरात्र खटिएर कार्य गर्ने व्यवस्थापन प्रमुख (व्यवस्थापक) तथा सम्पूर्ण कर्मचारीज्यूहरू प्रति हार्दिक आभार एवं कृतज्ञता प्रकट गर्दछौं । कार्य सम्पादनका क्रममा अन्जानमा केही कमी कमजोरी वा त्रुटीहरू हुन गएको भए क्षमायाचना गर्दै आगामी दिनमा ती कमजोरीहरूलाई सुधार्ने प्रतिबद्धता व्यक्त गर्दछौं । यस संस्थाको सहज र स्वस्थ सञ्चालनका लागि यहाँहरूको स्वच्छ रचनात्मक , टिका-टिप्पणी र सल्लाह-सुझावको सदैव अपेक्षा राख्दछौं। हिमचुली सहकारीको उत्तरोत्तर प्रगति, व्यवसायिक सफलता र सम्पूर्ण आदरणीय सदस्यज्यूहरूको उज्ज्वल भविष्यको कामना गर्दै यो प्रगति प्रतिवेदन यही टुङ्ग्याउने अनुमति चाहन्छु ।

**श्री सुमन ज्ञवाली**

**संयोजक, ऋण उपसमिति**

धन्यवाद

जय हिमचुली ! जय सहकारी !!

# हिमचुली बचत तथा ऋण सहकारी संस्था लि.

## गोरखा नगरपालिका-७, नयाँबजार, गोरखा

### ३४ औ बार्षिक साधारण सभामा प्रस्तुत महिला उप-समितिको प्रतिबेदन

संयोजक : श्री ज्ञानु अधिकारी
मिति : २०८२/०६/१६-२२ गते
स्थान : संस्थाको रजत हल

हिमचुली वचत तथा ऋण सहकारी संस्था लि. गोरखाको ३४ औं वार्षिक साधारण सभाका सभाध्यक्ष एवं यस संस्थाका अध्यक्षज्यू, प्रमुख अतिथिज्यू, अतिथिज्यूहरु, लेखा सुपरिवेक्षण समितिका संयोजकज्यू, सल्लाहकारज्यूहरु, सञ्चालक समितिका पदाधिकारी एवं सदस्यज्यूहरु, विभिन्न उपसमितिका संयोजक लगायत सदस्यज्यूहरु, क्षेत्रीय समितिका संयोजकज्यूहरु, यस सभामा उपस्थित हुनुभएका शेयर सदस्यज्यूहरु र व्यवस्थापक एवं कर्मचारीज्यूहरुमा मेरो व्यक्तिगत साथै महिला उपसमितिको तर्फबाट हार्दिक स्वागत एवं सहकारी अभिवादन व्यक्त गर्दछु ।

२०४९ सालमा ३० जना पुरुष शेयर सदस्यहरुबाट स्थापित यस हिमचुली साकोसले समयानुकुल बनाउदै आफ्नो लक्ष्यमा पुग्नका लागि विभिन्न आरोह अवरोह पार गर्दै विभिन्न चुनौतीहरुको सामना गर्दै आज ३४ औं वार्षिक साधारण सभा मनाउन सफल भएका भएका छौं । यस संस्थामा शेयर सदस्यहरु उल्लेख्य मात्रामा थप गर्ने क्रम सँग सँगै महिला शेयर सदस्यहरु पनि उल्लेख्य मात्रामा थप हुदै गईरहेको अवस्था छ । संस्थाको लक्ष्य प्राप्तिमा पुरुष सदस्यज्यूहरुको जति सहभागिता र सकृयता रहेको छ त्यत्ति नै महिला शेयर सदस्यज्यूहरुको सहभागिता र सकृयता रहनु पर्ने हो तर सोचेको र चाहिने जति महिला शेयर सदस्यको सहभागिता छ तर सकृयता छैन । त्यसकारण म यस संस्थामा महिला शेयर सदस्यहरु सहभागी मात्र नभई सकृयता पनि बढाउनु पर्छ भनेर महिला शेयर सदस्य तथा यस संस्थालाई अवगत गराउन चाहन्छु र आगामी दिनमा महिलाहरुको सकृयता बढाउन संस्थाको योगदान र महिला सदस्यहरुको पनि सहभागिता रहने छ भन्ने कुरामा म आशावादी रहेको कुरा यस सम्मानित सभामा सबैको सामु अवगत गराउँदछु ।

महिलाको मौलिक हकको रुपमा राज्यले स्वीकार गरेको नेपालको संविधान बमोजिम उल्लेख भएका अधिकारहरु प्रयोग गर्न पाउने, महिला सशक्तिकरणको रुपमा आएका र नेपालको संविधान र कानून अनुसार नेपालको जुनसुकै क्षेत्रमा ३३ प्रतिशत महिलाहरुको सहभागिता सुनिश्चित भएको पाईन्छ । त्यसै अनुरुप सहकारी संस्थाहरु अन्तर्गतको हिमचुली साकोसले पनि महिलाहरुलाई नेतृत्वदायी भूमिकामा ल्याएर महिलाको हक र अधिकार केही मात्रामा दिलाउन खोजेको छ । यसै अनुरुप हिमचुली बचत तथा ऋण सहकारी संस्था लि. मा महिला शेयर सदस्यहरुको सहभागितामा ५० प्रतिशत भन्दा वढी रहन गएको तर सञ्चालक समितिको नेतृत्व तह र सदस्य तहमा चाही सहभागिता अति कम रहेको छ । हिमचुली बचत तथा ऋण सहकारी संस्था लि. ले महिलाहरुलाई सोचेको जति विश्वास गर्न नसकेको केही मात्रामा मात्र महिला मैत्री

वातावरण सिर्जना गरी सहकारीमा रहेर काम गर्न सहयोग गर्ने गरेको छ । यसरी संस्थाले हामी महिलाहरुलाई सकृयताका साथ सहयोग गरी अघि बढाउन चाहेको खण्डमा हामी महिलाहरुले आफ्नो तर्फबाट दायित्व पूर्ण रुपमा संस्थाप्रति बफादार भई संस्थाको हितमा काम गर्दै विश्वासका साथ संस्थालाई अघि बढाउन सहयोग मिल्ने छ भन्ने विश्वास राख्न हार्दिक अनुरोध गर्दछु ।

यस संस्थाले सहकारीको मूल्य, मान्यता, आदर्श, सिद्धान्त र भावनालाई आत्मसात गर्दै आएको परिवेशमा महिला सम्वृद्धि सम्बन्धी कार्यक्रमहरु कम मात्रामा सञ्चालन गर्दै आएको छ र केही कार्य र योजनाहरु चाही संस्थाले नै सञ्चालन गर्दै आएको छ । जस अन्तर्गत, प्रसूती भत्ता प्रदान, एकल महिला शेयर सदस्यहरुलाई व्याजदरमा छुट र अन्य महिला शेयर सदस्यहरलाई प्रोत्साहन गर्ने कार्यक्रमहरु गरिने छ । त्यसै गरी नीति तथा कार्यक्रममा महिला मैत्री कार्यक्रमहरु सञ्चालन गर्ने भएता पनि महिला मैत्री कार्यक्रम अन्तर्गत बजेट नछुट्याइएकोले यो वर्ष महिला मैत्री कार्यक्रम गर्न सकिएन । अवका दिनमा महिला मैत्री कार्यक्रमहरुलाई निरन्तरता दिइने छ । अवका दिनमा पनि विभिन्न महिला मैत्री कार्यक्रम, महिला प्रजनन स्वास्थ्य सम्बन्धी जनचेतना कार्यक्रमका साथै स्वास्थ्य शिविर, प्रसूति राहत खर्च, महिला शिप क्षमता अभिवृद्धि एवं पारीवारिक र सामाजिक अन्तरसम्बन्धको वारेमा महिलाहरुको भूमिका सम्बन्धी जनचेतनाका कार्यक्रमहरु सञ्चालन गरिनेछ । त्यसकारण पनि महिलाको शिप र श्रमको लागि पूँजीको कुनै पनि दिदी बहिनीहरुमा अभाव हुन यस संस्थाले दिने छैन । यदी दिदी वहिनीहरु उत्पदानमूलक कार्यमा लाग्न तथा शिप सिक्न चाहनुहुन्छ भने त्यसको लागि हिमचुली बचत तथा ऋण सहकारी संस्था लि. सदैव यहाँहरुसँग हातेमालो गरेर संस्थाको शेयर सदस्यहरुको आर्थिक पाटोमा सहयोग गरी अगाडि बढ्नमा मद्दत गर्न तयार छ । आगामी दिनमा यहाँहरुलाई विभिन्न किसिमका महिलामैत्री कार्यक्रमहरु प्रदान गर्ने, महिला स्वरोजगार तालिमहरु सञ्चालन गर्न लगानीका क्षेत्रहरु विस्तार गर्दै महिलालाई आर्थिक र व्यवसायिक पाटोमा विस्तार गर्ने महिला मैत्री कार्यक्रमहरु ल्याउने प्रतिवद्धताका साथ सम्पूर्ण शेयर सदस्यहरुमा यहाँहरुको सहयोग र संलग्नता विना संस्था कहिले अघि बढ्न सक्दैन त्यसकारण सम्पूर्ण शेयर सदस्यहरुको सहयोगको अपेक्षा गर्दै यस संस्थाको उत्तरोत्तर प्रगतिको साथ साथै उज्ज्वल भविष्यको कामना गर्दै महिला उपसमितिको प्रतिवदेन अन्त्य गर्दछु ।

धन्यवाद,
जय हिमचुली ! जय सहकारी ! !

# हिमचुली बचत तथा ऋण सहकारी संस्था लि.

## गोरखा नगरपालिका-७, नयाँबजार, गोरखा

## ३४ औ बार्षिक साधारण सभामा प्रस्तुत शिक्षा उप-समितिको प्रतिबेदन

संयोजक : श्री भरत बहादुर राना
मिति : २०८२/०६/१६-२२ ग
स्थान : संस्थाको रजत हल

हिमचुली बचत तथा ऋण सहकारी संस्था लि. को गरिमामय ३४ औं वार्षिक साधारण सभाका अध्यक्ष एवं संस्थाका अध्यक्षज्यू, श्रद्धेय प्रमुख अतिथिज्यू, विशेष अतिथिज्यू, लेखा सुपरिवेक्षण समितिका संयोजक तथा सदस्यज्यूहरु, सल्लाहकारज्यूहरु, यस संस्थाका सञ्चालक समितिका सदस्य तथा विभिन्न उप समितिका संयोजक एवं सदस्यज्यूहरु, व्यवस्थापक एवं कर्मचारीज्युहरु, ७ वटै क्षेत्रका संयोजक एबं सदस्यज्यूहरु, ७ वटै क्षेत्रका उपस्थित हुनुहुने सम्पूर्ण समआदरणीय व्यक्तित्वहरुमा शिक्षा उप समितिको तर्फबाट हार्दिक सहकारी अभिवादन एवं हार्दिक स्वागत गर्दछु । साथै दिवंगत हुनुभएका यस संस्थाका अग्रज संस्थापक, पूर्व सञ्चालक समितिका सदस्य तथा साधारण सदस्यहरु प्रति हार्दिक श्रद्धासुमन व्यक्त गर्दै संस्थाको समग्र विकासको लागि उहाँहरुले दिनु भएको योगदानको स्मरण एवं उच्च सम्मानका साथ शिक्षा उप समितिको तर्फबाट तयार पारिएको वार्षिक प्रतिवदेन प्रस्तुत गर्न चाहन्छु ।

विभिन्न व्यक्तित्को स्वेच्छिक रुपमा एकजुट भई आफ्ना साझा आर्थिक, सामाजिक तथा साँस्कृतिक आवश्यकता एवं आकांक्षाहरु पुरा गर्नका लागि सञ्चालन गरिन्छ । सहकारीका ७ सिद्धान्तहरु मध्ये शिक्षा पनि एक हो । यस सिद्धान्त अनुरुप सहकारीले आफ्ना सदस्यहरु, निर्वाचित प्रतिनिधिहरु, व्यवस्थापक र कर्मचारीहरुलाई सहकारी सम्बन्धी विस्तृत शिक्षा र तालिम प्रदान गर्नु पर्दछ । जस अनुसार सबै सरोकारवालाहरुले सहकारीको सर्वपक्षिय विकासमा प्रभावकारी रुपमा योगदान गर्न सक्दछ र सहकारीको शिक्षा सम्बन्धी सिद्धान्तलाई अंगिकार गर्दै यस हिमचुली बचत तथा ऋण सहकारी संस्था लि.बाट बिगत देखि नै सदस्य, सञ्चालक तथा व्यवस्थापक एवं कर्मचारी लक्षित तालिम र सूचना सम्बन्धी गतिविधिहरु सञ्चालन गर्दै आइरहेको छ । यसै अनुसार शिक्षा र सूचना सम्बन्धी क्रियाकलाप र आगामी प्रस्तावित कार्यहरु निम्न बमोजिम उल्लेख गरिएको छ ।

**(क) आगामी प्रस्तावित कार्यहरु,**

१. सहकारी शिक्षा कार्यक्रमलाई बालबालिका, यूवा, विद्यार्थी, महिला, नव प्रवेशी शेयर सदस्य लक्षित गरी निरन्तर रुपमा गर्ने ।
२. यूवाहरुलाई सहकारीमा आवद्धताको लागि उत्प्रेरक सचेतना मूलक कार्यक्रम आयोजना गर्ने ।
३. भाखा नाघेका ऋणी सदस्यहरुलाई ऐन कानून बारे जानकारी दिन सचेतना मूलक कार्यक्रम सञ्चालन गर्ने ।

४. विद्यालयमा अध्ययनरत छात्र छात्राहरुमा रहेको अन्तरनिहित प्रतिभालाई उजागर गर्ने उद्देश्य अनुरुप वक्तृत्वकला, निवन्ध लेखन तथा हाजिरीजवाफ प्रतियोगिता जस्ता कार्यक्रमलाई निरन्तरता दिने ।

५. आर्थिक रुपले कमजोर शेयर सदस्य एवं गैह्र सदस्यका नानी बाबुहरुको पठन पाठनमा उत्प्रेरणा जगाउने उद्देश्यले हिमचुली छात्रवृत्ति कार्यक्रमको व्यवस्था गर्न अघि वढाउने ।

(ख) पुरस्कार छात्रबृत्ति कार्यक्रम :

१. कक्षा १ देखि कक्षा १२ सम्म अध्ययन गर्ने शेयर सदस्यका नानी बाबुहरुलाई कक्षागत उत्कृष्टता हासिल गरेकोमा प्रमाण पत्र सहित नगर पुरस्कार प्रदान गरियो ।

२. शिक्षा क्षेत्रमा राष्ट्रिय योगदान गरेका शेयर सदस्यहरुलाई सम्मान

वार्षिक कार्यक्रम अनुसार आ.व. २०८२/०८३ मा सामुदायिक विद्यालय र नीजि विद्यालयमा अध्ययन गर्ने कक्षा १ देखि कक्षा १२ सम्मका शेयर सदस्यका छोरा छोरी एवं एकाघरका नाति नातिनीहरुलाई पुरस्कृत गर्ने कार्यक्रम अनुसार उत्कृष्ट विद्यार्थीहरुलाई सम्मान गरिने कार्यक्रमलाई यस वर्ष पनि निरन्तरता दिइएको छ । जस अनुसार सामुदायिक विद्यालय र नीजि विद्यालयमा कक्षा १ देखि १२ सम्म अध्ययनरत शेयर सदस्यका छोरा छोरीहरुको लब्धाङ्क पत्र संस्थामा बुझाउन आह्वान गरे अनुसार उपलब्ध भएको लब्धाङ्क पत्रको आधारमा मिति २०८३/०५/२५ गते वसेको शिक्षा उपसमितिको वैठकले उत्कृष्ट अंक प्राप्त गर्ने विद्यार्थीहरुको छनौंट गरेको छ । छनौंट भएका विद्यार्थीहरुलाई मिति २०८३ फागुन १५ गते स्थापना दिवसको अवसरमा पुरस्कृत गरिने व्यहोरा समेत यस सम्मानित सभामा जानकारी गराउँदछु ।

सामुदायिक विद्यालयमा अध्ययनरत कक्षा १ देखि कक्षा १० सम्मका कम्तिमा २.४ GPA अंक प्राप्त गर्ने विद्यार्थीहरु मध्ये धेरै अंक प्राप्त गर्ने विद्यार्थीहरु :-

| क्र.सं. | कक्षा | नाम थर | अभिभावकको नाम र शे.द.नं. | प्राप्ताङ्क | विद्यालय |
|---|---|---|---|---|---|
| १. | १ | निर्जला श्रेष्ठ | बिमला श्रेष्ठ (१२३८) | ४ | श्री नवज्योति मा. वि |
| २. | १ | निर्जल श्रेष्ठ | बिमला श्रेष्ठ (१२३८) | ४ | श्री नवज्योति मा. वि |
| ३. | २ | कुनै पनि प्राप्त नभएको | | | |
| ४. | ३ | कुनै पनि प्राप्त नभएको | | | |
| ५. | ४ | कुनै पनि प्राप्त नभएको | | | |
| ६. | ५ | स्वीकृति सापकोटा | गणेशराज सापकोटा (११५६) | ३.९४ | श्री रत्न राज्य मा.वि. |
| ७. | ६ | सिद्धान्त सापकोटा | गणेशराज सापकोटा (११५६) | ४ | श्री विन्ध्यवासिनी मा.वि. |
| ८. | ६ | स्मारिका ज्ञवाली | सुमन ज्ञवाली (२३४) | ४ | श्री नवज्योति मा. वि |

| | | | | | |
|---|---|---|---|---|---|
| ९. | ७ | स्मरण ज्ञवाली | सुमन ज्ञवाली (२३४) | ४ | श्री नवज्योति मा. वि |
| १०. | ७ | अनुसा अर्याल | अनिष अर्याल (१८४८) | ४ | श्री सरस्वती मा.वि. |
| ११. | ८ | ससिन अर्याल | सुनिल अर्याल (६१०) | ४ | श्री सरस्वती मा. वि. |
| १२. | ९ | मृदुषा अर्याल | मनोज अर्याल (६७६) | ४ | श्री महालक्ष्मी मा. वि. |
| १३. | १० | आयुषा पाण्डे | भवानी पाण्डे (१२५८) | ४ | श्री ज्ञानोदय मा.वि. काठ. |

नीजि विद्यालयहरुमा अध्ययनरत कक्षा १ देखि १० सम्मका कम्तिमा ३.२ GPA अंक प्राप्त गर्नेहरु मध्ये सबैभन्दा धेरै अंक प्राप्त गर्ने छात्र छात्राहरु :

| क्र.सं. | कक्षा | नाम थर | अभिभावकको नाम र शे.द.नं. | प्राप्ताङ्क | विद्यालय |
|---|---|---|---|---|---|
| १. | १ | आतिथ्य सापकोटा | सञ्जिव सापकोटा (९८) | ४ | शंकारी स्कूल, छाउनी काठमाण्डौं |
| २. | २ | स्पन्दन थापा | रीता वस्नेत थापा (१२८२) | ४ | द वल्ड क्यापिटल |
| ३. | ३ | विध्यासा श्रेष्ठ | बिनु श्रेष्ठ (२६८४) | ४ | विजेस्वरी ज्ञान मन्दिर सैनिक महाविद्यालय, विजेस्वरी, काठमाण्डौं |
| ४. | ४ | सिवन्या भट्ट | सजिना भट्ट ढकाल (२६४२) | ४ | गोरखा वोर्डिङ्ग स्कूल |
| ५. | ४ | आस्रव सापकोटा | ऋषिराम सापकोटा (नाति-४) | ४ | डिएभी सुशील केडिया विश्व भारती स्कूल, जाउलाखेल, काठमाण्डौं |
| ६. | ५ | यूनिका वानियाँ | कमला वानियाँ (१२५३) | ४ | स्काई राइडा सेकेन्डरी इङ्गलिस स्कूल, रत्ननगर, चितवन |
| ७. | ६ | सुबिन श्रेष्ठ | विष्णुमायाँ श्रेष्ठ (८१५) | ४ | मदरल्याण्ड इङ्गलिस बोर्डिङ्ग स्कूल |
| ८. | ७ | प्रयास वस्नेत | लिला कुमारी वस्नेत (१२४८) | ४ | मोर्डन सेकेन्डरी स्कूल |
| ९. | ८ | सञ्जु श्रेष्ठ | भू-कुमार श्रेष्ठ (५५६) | ३.९७ | जेनियस वोर्डिङ्ग स्कूल |
| १०. | ९ | यूनिका श्रेष्ठ | अनिता श्रेष्ठ (१४६२) | ३.३८ | जेनियस वोर्डिङ्ग स्कूल |
| ११. | १० | संगीत अछामी | हित बहादुर अछामी (१४२८) | ३.९ | मोर्डन सेकेन्डरी स्कूल |

सामुदायिक वा नीजि विद्यालयहरुमा अध्ययनरत कक्षा ११ र कक्षा १२ मा अध्ययन गर्नेहरु मध्ये सवैभन्दा उत्कृष्ट अंक प्राप्त गर्नेहरुको विवरण :

| क्र.सं. | कक्षा | नाम थर | अभिभावकको नाम | प्राप्ताङ्क | विद्यालय |
|---|---|---|---|---|---|
| १. | ११ | विनिसा श्रेष्ठ | सन्तोष श्रेष्ठ (६६६) | २.७७ | श्री शक्ति मा. वि. |
| २. | १२ | अर्चना वस्नेत | कमला भट्ट (१९३४) | ३.८३ | काठमाण्डौं मोडल स्कूल |

माथि उल्लेखित सर्वोत्कृष्ट अंक प्राप्त गर्ने सबै विद्यार्थी भाइ वहिनीहरुलाई पुरस्कृतको लागि छनौंट हुनु भएकोमा हार्दिक बधाई साथै उत्तरोत्तर प्रगतिको शुभकामनाको साथै सम्बन्धित छात्र छात्राहरुको अभिभावकहरुलाई समेत धन्यवाद ब्यक्त गर्न चाहन्छु ।

सहकारी के हो र किन आवद्ध हुन आवश्यक छ ? शेयर सदस्य, सञ्चालक र कर्मचारीको भूमिका के के हुन्छ ? यस सिद्धान्त के हो ? सिद्धान्तको व्यवहारिक कार्यान्वयन कसरी गर्ने ? भन्ने जस्ता विषयहरु लक्षित गरी सहकारी शिक्षा कार्यक्रमहरु निरन्तर सञ्चालन गर्दै सहकारी शिक्षा र जनचेतना फैलाउनु पर्ने जानकारी सबै सहकारी सदस्यहरुमा जानकारी गराउँदछौं । यस हिमचुली साकोसको माध्यमबाट विविध सहकारी शिक्षा कार्यक्रमहरु नियमित रुपमा बजेट विनियोजन गरिएकोमा संस्थाको पूर्व तथा बर्तमान कार्यसमिति प्रति हार्दिक आभार एवं कृतज्ञता व्यक्त गर्दछौं । सहकारीबाट प्राप्त भएका शिक्षा, ज्ञान र चेतना आफूमा मात्र सीमित नराखी टोल, छिमेक, समुदायमा प्रचार प्रसार गर्न सम्पूर्ण शेयर सदस्यहरुलाई अनुरोध गर्दै नजिकिदै गरेको हिन्दुहरुको महान चाड वड दशैं, शुभ दीपावली, नेपाल सम्बत्, छठ पर्व, क्रिसमस लगायतका सम्पूर्ण धर्मावलम्बीहरुको पर्वहरुको उपलक्ष्यमा नेपाल भित्र र वाहिर रहनु भएका नेपालीहरुमा सुस्वास्थ्य र दीर्घायूको शुभकामना व्यक्त गर्दै प्रस्तुत शिक्षा उप समितिको प्रतिवेदन अन्त गर्दछु ।

धन्यवाद,
जय हिमचुली ! जय सहकारी ! !

# हिमचुली बचत तथा ऋण सहकारी संस्था लि.

## गोरखा नगरपालिका-७, नयाँबजार, गोरखा

### ३४ औं वार्षिक साधारण सभा तथा १६ औं अधिवेशनमा व्यवसाय प्रवर्द्धन उपसमितिको तर्फबाट प्रस्तुत प्रतिवेदन

संयोजक : श्री केशव वस्नेत

मिति : २०८३।०६।१६ देखि २२

स्थान : संस्थाको रजत हल

३४ औ वार्षिक साधारण सभाका सभाध्यक्षज्यू, प्रमुख अतिथिज्यू, विशेष अतिथिज्यू, अतिथिज्यूहरु, लेखा सुपरिवेक्षण समितिका संयोजकज्यू, पूर्व अध्यक्ष एवं सल्लाहकारज्यूहरु, समितिका पदाधिकारी र सदस्यज्यूहरु, विभिन्न उपसमितिका सदस्यज्यूहरु, ७ वटै एकाईका संयोजक र सदस्यज्यूहरु लगायत साधारण सभामा उपस्थित हुनु भएका सम्पूर्ण शेयर सदस्यज्यूहरु र कर्मचारी साथीहरुलाई व्यवसाय प्रवर्द्धन उपसमिति र मेरो व्यक्तिगत तर्फबाट हार्दिक सहकारी अभिवादन व्यक्त गर्दछु ।

यस सहकारी संस्थाको उद्देश्य सदस्यहरको आर्थिक, सामाजिक तथा व्यावसायिक विकासमा योगदान पुऱ्याउन, सदस्यहरुको आवश्यकता, बजारको सम्भावना तथा संस्थाको श्रोत-साधनलाई प्रभावकारी रुपमा परिचालन गरी संस्थाको व्यवासय विस्तार गर्न, सदस्यहरुको आय आर्जन बृद्धि गर्न एवं संस्थाको वित्तीय सबलीकरण गर्ने उद्देश्यले व्यववाय प्रवर्द्धन उप समिति गठन भएको हो ।

यस उपसमितिले संस्थाको विद्यमान व्यवसायको अवस्था अध्ययन, नयाँ व्यवसायका सम्भावनाको पहिचान, सदस्यहरुलाई उत्पादन तथा व्यवसायमा प्रोत्साहन, बजार व्यवस्थापन तथा संस्थाको व्यवसाय विस्तारका लागि आवश्यक सुझाव र कार्यक्रमहरु अघि बढाउने कार्य गर्दै आएको छ साथै साना व्यवसायीहरुलाई सहज किसिमबाट ऋण उपलब्ध गराउन व्यवस्थापन तहमा सिफारिस पनि गर्दै आएको छ। व्यवसायलाई विस्तार तथा विविधीकरण गर्ने सदस्यहरुको उत्पादन तथा व्यवसायलाई बजारसँग जोड्ने, सदस्यहरुको आय आर्जन र स्वरोजगारका अवसर बृद्धि गर्ने, स्थानीय श्रोत सीप, श्रम तथा पूँजीको अधिकतम उपयोग गर्ने, संस्था मार्फत उत्पादनमूलक तथा आयमूलक कार्य गरेकालाई प्रोत्साहित गर्ने, नयाँ व्यवसाय तथा लगानीका सम्भाबित क्षेत्र पहिचान गर्ने, संस्थाको कारोबार, सदस्य संख्या तथा सदस्य सहभागिता बृद्धि गर्ने, व्यवसायमा जोखिम न्यूनीकरण तथा दीगोपन कायम गर्ने जस्ता कार्यमा उपसमिति क्रियाशिल छ ।

सदस्यहरुलाई उत्पादनमूलक तथा स्वरोजगारमूलक व्यवसाय सञ्चालन गर्न प्रोत्साहित गर्दै आवश्यकता अनुसार वित्तीय पहुँच, व्यवसायिक परामर्श तथा सहजीकरणका लागि समन्वय गरी सदस्यहरुको व्यवसायिक ज्ञान र क्षमता अभिबृद्धिका लागि तालिम, अभिमुखीकरण तथा

अन्तरक्रिया जस्ता अझै अरु कार्यक्रम सञ्चालन गर्न पनि आवश्यक रहेको उपसमितिको ठम्याई छ ।

सदस्यहरुमा व्यवसायिक योजना निर्माण सम्बन्धी ज्ञानको कमी, उत्पादित वस्तुको उचित बजार तथा मूल्य निर्धारणमा समस्या, व्यवसायमा आधुनिक प्रविधिको पर्याप्त प्रयोग हुन नसक्नु, उत्पादनको गुणस्तर र परिणाममा एकरुपता नहुनु, पर्याप्त कार्यशील पूँजीको अभाव हुनु, व्यवसायिक जोखिम तथा बजार जोखिम उच्च हुनु, सदस्यहरु बीच उत्पादन तथा व्यवसायिक सहकार्य पर्याप्त नहनु, व्यवसायको नियमित अनुगमन तथा मूल्याङ्कन प्रणाली प्रभावकारी नभएका कारण केही समस्या देखिएका छन् । यो निराकरणका लागि सदस्यहरुको व्यवसायिक विवरण तयार गरी सदस्यहरुको व्यवसायको प्रोफाईल निर्माण गर्ने, स्थानीय आवश्यकता र बजार मागका आधारमा सम्भावित नयाँ व्यवसाय पहिचान गर्ने, सदस्यहरका उत्पादनलाई संकलन, प्रशोधन, प्याकेजिङ र बजारीकरणसँग जोड्ने, उत्पादनमूलक क्षेत्रमा लगानी बढाउन संस्थाको नीति तथा कार्यक्रम मार्फत प्रोत्साहन गर्ने, सदस्यहरुलाई व्यवसाय योजना, लेखा व्यवस्थापन, बजार व्यवस्थापन तथा डिजिटल प्रबिधि सम्बन्धी तालिम दिने, स्थानीय उत्पादनको ब्रान्डिङ्ग तथा प्रचार-प्रसार गर्ने, सरकारी निकाय, स्थानीय तह, नीजि क्षेत्र तथा अन्य सहकारीहरुसँग सहकार्य गरी सफल व्यवसाय सञ्चालन गरिरहेका सदस्यहरुको अनुभव आदान-प्रदान कार्यक्रम सञ्चालन गर्न सकियो भने व्यवसायीहरु सफल हुन सक्थे र संस्था अझै मजबुद हुन सक्थयो भन्ने उपसमितिको ठम्याई रहेको छ

अन्त्यमा व्यवसायको नाफा मात्र नभई सदस्यहरुलाई प्राप्त हुने आर्थिक लाभलाई समेत मूल्याङ्कन गरी सफल व्यवसायका नमूना तथा असल अभ्यासलाई संस्थाभित्र विस्तार गर्न सके सदस्यहरुको आयआर्जन र स्वरोजगारमा समेत महत्वपूर्ण योगदान पुग्ने देखिन्छ । प्रतिवेदन टुङ्ग्याउनु अघि विपतम परी ज्यान गुमाएका सबैमा हार्दिक श्रद्धासुमन व्यक्त गर्दै आउँदा दिन यस्ता निष्ठुर नबनुन, सबैमा खुशी छाओस, उमङ्ग आवोस, यही शुभेच्छा राख्दछु ।

नेपालीका चाडपर्वहरु नजिकिदै छन् सबैका आफ्ना विशेषतारु छन्, भड्किलो नबनाऔं, रीतिरिवाज  जोगाऔं, खर्चमा मितव्ययी बनौं भन्दै नव निर्वाचित हुनु हुने सञ्चालक समिति र लेखा सुपरिवेक्षण समितिलाई हार्दिक वधाईका साथ सफल कार्यकालको शुभकामना दिदै प्रतिवेदनको अन्त्य गर्दछु ।

आज बचत गर्न सके, भोली गर्जो टर्छ,
कमाउँदा बचत गरौं, आवश्यक पर्दा खर्च
भविष्य आफ्नै हो, सोंच बिचार गरौं
नभनौं है आउने दिन जे जे पर्छ पर्छ ।

धन्यवाद,
जय हिमचुली ! जय सहकारी !!

# हिमचुली बचत तथा ऋण सहकारी संस्था लि.

## गोरखा नगरपालिका-७, नयाँबजार, गोरखा

### ३४ औं वार्षिक साधारण सभामा यूवा उपसमितिका संयोजक प्रेमध्वज थापाद्वारा प्रस्तुत प्रतिवेदन

हिमचुली वचत तथा ऋण सहकारी संस्था लि. को ३४ औं वार्षिक साधारण सभा समारोहको अध्यक्षता गरिरहनु भएका अध्यक्षज्यू, प्रमुख अतिथिज्यू, मञ्चमा आसिन सम्पूर्ण अतिथिज्यू, सल्लाहकारज्यूहरु, लेखा सुपरिवेक्षण समितिका संयोजकज्यू, पदाधिकारी एवं सदस्यज्यूहरु, क्षेत्रीय समिति र उपस्थिति सम्पूर्ण शेयर धनी महानुभावहरुमा म यूवा उपसमितिको संयोजक प्रेमध्वज थापाको तर्फबाट हार्दिक अभिवादन ज्ञापन गर्दछु ।

गोरखा नगरपालिकामा लामो इतिहास बोकेको यस सहकारी संस्था, बौद्धिक एवं समाजमा स्थापित व्यक्तित्व भएका समूहबाट आफ्नो गाउँ, समाज, क्षेत्र, जिल्लामा अत्यावश्यक ठानी, छरिएको स्थानीय श्रोत, साधन र पूँजीलाई एकिकृत गरी आवश्यकताहरुको पहिचान गरी आर्थिक, सामाजिक र साँस्कृतिक विकासका लागि २०४९ फाल्गुन १५ गते यस संस्थाको स्थापना भएको हो ।

यत्रतत्र छरिएको पैसालाई एकत्रित गरी ठूलो पूँजीको रुपमा संकलन गरी रकमको आवश्यकता पर्ने सदस्यहरुलाई व्यवस्थित रुपमा ऋण लगानी गरी आर्थिक हैसियतमा बृद्धि गर्ने कार्य विगतदेखि गर्दै आएको हो यो संस्था । पूँजी संकलन गर्ने र ऋण लगानी गर्नेमा मात्र सीमित हुदैमा सहकारीको उद्देश्य पूर्ति हुन नसकेको अवस्थामा यो युवा उप-समितिको गठन भयो । मलाई विश्वास छ, यस संस्थालाई दीगो भविष्य, भरपर्दो, बलियो, समय अनुसार परिवर्तित, प्रभावकारी भूमिका खेल्न, प्रविधि मैत्री बनाउन, समय अनुसार रुपान्तरण गर्न, विश्वासनिय र व्यवसायीकरण गर्न यस यूवा उप-समितिको ठूलो भूमिका हुनेछ भन्नेमा विश्वस्त छु ।

अध्यक्ष एवं शेयर सदस्यज्यूहरु,

यूवा परिवर्तनका संवाहक हुन् । हरेक क्षेत्रमा यूवाको सहभागिताले त्यस समाजको भविष्य सफलताको कल्पना गर्न सकिन्छ । यूवा बिना समाज हुदैन भने झै यूवा बिना सहकारी हुन सक्दैन भन्ने अवस्था बनाउन सके यूवा र सहकारीको भविष्य राम्रो हुन्छ भन्न सकिन्छ। गोरखा नगरपालिकामा नै आर्थिक क्षेत्रमा अतुलनीय योगदान पु¥याउन लागी रहेको यस संस्थामा यूवाहरुको सहभागिता र योगदानले ठूलो महत्व राख्दछ । सहकारीलाई कसरी रुपान्तरण गर्ने सो को लागि प्रभावकारी भूमिका खेल्न सक्ने भनेको यूवा शक्ति नै हो । सहकारीको विकास कसरी अगाडि बढीरहेको छ भन्ने कुरा यस सहकारीमा लागेका यूवाको अवस्थाबाट पनि थाहा हुन्छ । वास्तवमा भन्ने हो भने यूवाहरुले नै सहकारीलाई बलियो, समय अनुसार रुपान्तरण गर्ने हो । यूवाहरुलाई सहकारीको महत्वपूर्ण अंग मान्न सके सहकारीको वित्तीय क्षेत्रलाई सवल र अब्बल बनाउन सकिन्छ । सरकारले पनि सहकारीलाई अर्थतन्त्रको एउटा खम्वाको रुपमा मानेको अवस्थामा सहकारीमा यूवाहरुको सहभागिताले ठूलो महत्व राख्दछ । यस हिमचुली साकोसमा २५९४ भन्दा धेरै शेयर धनी सदस्यहरुमा झन्डै ५०% भन्दा बढी यूवाहरु आवद्ध छन् । यही सहकारीबाट ऋण लिई यूवाहरु विदेशी भूमीमा श्रम बेच्न बाध्य छन् । त्यसैले सहकारी यूवा मैत्री, स्वरोजगार सिर्जना गर्ने, उद्यमशीलता, व्यवसायिकतामा परिवर्तन गर्न अत्यन्त आवश्यक छ । किनकी आजको विश्व भनेको विश्व व्यापारीकरणको युग हो । एक ठाउँमा लगानी गरी उत्पादन भएको सामान विश्वको कुनै पनि कुनाका व्यक्तिहरुले उपयोग गर्न सक्छन् । त्यसैले सहकारीले आजको यस विश्व व्यापारीकरणको युगमा यूवाको भूमिकालाई सही ढंगले सदुपयोग

गर्नु पर्दछ । आजको प्राविधिक यूग हो, सहकारीलाई युवा मैत्री बनाइ युवा शक्तिलाई सहयोग गर्न सकेको खण्डमा लगानी बढाई उत्पादनमा बृद्धि भई सहकारीलाई मात्र नभई जिल्लामा नै राष्ट्रिय आम्दानी समेत बृद्धि हुने देखिन्छ । आज हामीले आफ्नो क्षेत्रमा हुने वस्तुलाई जिल्लाका विभिन्न क्षेत्रमा पुऱ्याउनु पर्ने आवश्यकता रहेको छ । त्यसको लागि उत्पादन क्षेत्रमा लगानी गरी यूवाहरुको परिचालन गर्नु पर्दछ । यूवाहरुमा भएको प्राविधिक ज्ञान, सामाजिक ज्ञान, मनोवैज्ञानिक ज्ञानलाई सहकारी र उत्पादनको क्षेत्रमा लगाउने हो भने हाम्रा शेयर धनी मात्र होइन आफ्नो क्षेत्र मात्र पनि होइन मूलकको नै आर्थिक विकासले फड्को मार्ने निश्चित छ । नेपालको कानूनले १६ देखि ४० वर्ष उमेरका महिला, पुरुष र तेश्रोलिङ्गीहरुलाई यूवा भनेको छ । यस यूवाहरुमा स्फूर्ति, काम गर्न सक्ने ज्ञमता, अथक हुने गर्दछ । त्यसैले विभिन्न अर्थशास्त्रीहरुले मानिसको १६ देखि ५९ वर्ष उमेरसम्मका मानिसहरुलाई आर्थिक मानव र २० देखि ४५ वर्ष उमेरका व्यक्तिहरुलाई उच्च आर्थिक मानव भनी उल्लेख गरेको हुनाले सहकारीले उत्पादन क्षेत्रमा यूवाहरुलाई आकषर्ण गर्न र लगाउन सके सहकारीको आर्थिक स्तर उकास्न आफ्ना सदस्यहरुको आर्थिक हैसियत बलियो बनाउन यूवाको महत्वपूर्ण भूमिका हुने छ ।

अध्यक्ष एवं शेयरधनीज्यूहरु,

यूवा भनेको एक अजेय शक्ति एवं देशको निर्माणका आधार हुन, यस्तो शक्तिलाई विगतका दिनहरुमा हिमचुलीले ठोस योजना बनाइ अगाडि नबढाए पनि अवका दिनहरुमा जुन यूवा शक्ति सहकारी अभियानमा सहभागिता गराउन, सहकारी अभियन्ताहरुले यूवालाई सहकारी क्षेत्रमा राम्रो गर्न प्रोत्साहित गर्न, सहकारीमा यूवाको सहभागिता बढाउन, युवाहरुलाई उद्यमी एवं व्यवसायी बनाउन योजना बनाइ अगाडि बढ्नु पर्ने आवश्यकता भएको छ । यस उपसमितिले अगामी दिनहरुमा केही महत्वपूर्ण कार्यहरु गर्ने छ भनी यस सम्मानित सभामा विश्वास दिलाउन चाहन्छु । त्यसैले केही योजना तथा सुझाव र सल्लाह पेश गरेको छु ।

(१) यूवा शेयर सदस्यहरुको सञ्जाल वा हिमचुली यूवा समूह गठन गर्ने ।

(२) यूवालाई शुलभ सरल प्रक्रियाबाट ऋण लगानी गर्ने र व्यवसाय बढाउने ।

(३) यूवाहरुको सहभागितामा हिमचुली यूवा भेला गर्ने ।

(४) वैदेसिक रोजगारबाट स्वदेश फिरेका यूवाहरुलाई व्यवसायी बनाउन विभिन्न उद्यमशिलता, सिपमूलक तालिम, व्यवसायीसँग अन्तरक्रिया गरी उत्प्रेरणा जगाउने ।

(५) सहकारीमा यूवाहरुको सहभागिता र चासो एवं सहकारीलाई हेर्ने दृष्टिकोण परिवर्तन गर्न यूवाहरुलाई समूह समूह बनाई सहकारी शिक्षा दिने तथा यूवा सहकारी शिक्षाको अभियान चलाउने।

(६) यूवा मैत्री, यूवा लक्षित, स्वरोजगार सिर्जना गर्ने, यूवा शक्ति परिचालन गर्न सहकारीले योजना बनाउने ।

(७) सहकारी मार्फत स्वरोजगार सिर्जना गरी विदेश पलायन यूवालाई आकर्षण गर्ने र रोक्न प्रयास गर्ने ।

अन्तमा, यस संस्थाबाट सञ्चालन गरिने यूवा लक्षित कार्यक्रमहरुलाई निरन्तरता दिदै आगामी दिनमा कस्ता किसिमका कार्यक्रमहरुले यूवाहरुलाई प्रोत्साहित, उत्साहित र जागरुक व्यवसायी वनाउन सकिन्छ भन्ने कुरा राख्दै, आउदै गरेको हिन्दुहरुको महान चाड विजया दशमी, शुभ दीपावली लगायत विभिन्न धर्मावलम्बीहरुको चाडको उपलक्ष्यमा शुभकामना, सुख, शान्ति, समृद्दि र उज्ज्वल भविष्यको कामना भन्दै व्यवसायिक सफलताको शुभ कामनासहित प्रतिवेदन अन्त्य गर्दछु ।

धन्यवाद,

जय हिमचुली ! जय सहकारी !!

# टिप्पणी